मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

पूर्णाङ्क ५५
साउन ०६२

संचेतना द्वैमासिक

१८१ दिन



मूल्य रु. १५।–

● प्रकाश मानवअधिकार पुरस्कार प्रेस स्वतन्त्रता सेनानी रामबहादुर चन्दलाई

निर्भय जनताको सशक्त पहल दिगो शान्तिको बाटो

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

प्राची
संचेतना द्वैमासिक

वर्ष १३, पूर्णाङ्क ५५, साउन २०६२

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
प्रकाश ज्ञवाली

आवरण ले-आउट
गोविन्द प्रसाद त्रिपाठी

फोटो
विमलचन्द्र शर्मा, इन्सेक
नेपाल, हिमाल, क्रान्तिपुत्र
विभिन्न वेबसाइट

व्यवस्थापन
शैलेश शर्मा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाण्डौ
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेबसाइट : www.insec.org.np
www.inseconline.org

मुद्रक
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, काठमाडौं, फोन : ४७७१४४८

- बजेट : मानवअधिकारको उपेक्षा २५
- राष्ट्रसंघीय मानअधिकार आयोगको बैठक र नेपाल २७
- आन्तरिक विस्थापितको अधिकार : सिद्धान्त र व्यवहार ४२
- आयोग स्वतन्त्रताको प्रश्न ४८
- प्रकाश मानवअधिकार पुरस्कार प्रेस स्वतन्त्रता सेनानीलाई ५८

नियमित स्तम्भहरु

- यथावत २
- कार्टून २
- उल्लेख्य ४
- पाठक-पत्र ४
- सामयिक ५
- अवतरण ६
- आवरण दस्तावेज १२
- अध्ययन ४०
- मानवअधिकार संस्कृति ५०
- जिल्ला ५१
- कथा ५६
- गजल ५६
- मानवअधिकार सामान्य ज्ञान ५७
- प्राची वार्ता ५९

यथावत

नेपाली जनताले अन्तर्राष्ट्रिय समुदायको सहयोग प्राप्त गर्दै यो गतिरोधमा संलग्न सम्पूर्ण पक्षले प्रजातन्त्र तथा शान्तिलाई आफ्नो सबभन्दा जरुरी प्राथमिकताका रुपमा तोकुन भन्ने माग गर्नुपर्छ। अमेरिकाले नेपालमा प्रजातन्त्रको पुनर्स्थापना गर्ने कदमप्रति दृढ समर्थन गर्छ। र म श्री ५ समक्ष संवैधानिक प्रजातान्त्रिक सिद्धान्तप्रति तत्काल फिर्ता हुन आग्रह गर्छु। पञ्चायती शैलीको शासनमा फिर्ता हुने कदम स्वीकार्य हुन सक्दैन र यसले भविष्यमा राष्ट्र तथा राजतन्त्र दुवैलाई झन् कठिन स्थितिमा घचेट्ने छ। नेपालमा प्रजातन्त्रको पुनर्स्थापना प्रगति तथा शान्ति प्राप्त गर्ने एउटा उपाय हो।

– **थोमस डासल**, अमेरिकी पूर्व सिनेटर, नेपालको साताव्यापी भ्रमणपछि, ०६२ साउन १२ गते

नेपालको स्थितिका बारेमा राष्ट्रसंघले गम्भीर चासो लिइरहने छ र निकटरुपमा संलग्न भइरहने छ। राष्ट्रसंघ जुनसुकैरुपमा पनि आफ्नो सहयोग पुऱ्याउन तत्पर छ। माओवादीसहितको सबै पक्षको संलग्नताबाट मात्र नेपाल अहिलेको स्थितिबाट निस्कन सम्भव छ। यो द्वन्द्वको समाधान गर्न नेपाल आफै सफल होस् भन्ने चाहन्छौं। सहयोगको आवश्यकता परेमा आफ्नो संस्था मानेर सहयोग मागे हुन्छ, राष्ट्रसंघसँग संसारका धेरै मुलुकका जटिल समस्या समाधानमा योगदान गरेको उज्यालो अनुभव छ।

– **लख्दर ब्राहिमी**, संयुक्त राष्ट्रसंघका महासचिवका विशेष सल्लाहकार, नेपाल भ्रमणपछि असार अन्तिममा काठमाडौंमा पत्रकारहरुसँग कुरा गर्दै

म नेपालमा सक्दो चाँडो संवैधानिक प्रजातन्त्र पुनःस्थापना भएको हेर्न चाहन्छु। मलाई लाग्छ, जाकर्ता छलफलका क्रममा भएको सहमतिअनुसार राजनीतिक दललाई उनीहरुका गतिविधि सुचारु गर्न दिइएको हुनुपर्छ।

– **कोफी अन्नान**, संयुक्त राष्ट्रसंघका महासचिव, भारत भ्रमणको अन्तिम दिन पत्रकारहरुसँग कुरा गर्दै, ०६२ वैशाख १५ गते

संयुक्त राज्य अमेरिकाले नेपालमा बहुदलीय प्रजातान्त्रिक संरचना ल्याउन, माओवादी समस्या समाधान गर्न र आर्थिक चुनौतिहरुको सामाना गर्न सबै वैधानिक शक्तिलाई एकजुट हुन आग्रह गरिरहेको छ। राजनीतिक दलहरुले हालै यस दिशातर्फ कदम चालेका छन्। हामीलाई लाग्छ, राजाबाट उनीहरुको यो पहलप्रति प्रतिक्रिया दिइनु पर्छ र हात बढाउनु पर्छ।

– **डोनाल्ड क्याम्प**, दक्षिण एसियाली मामिला सम्बन्धी अमेरिकी प्रमुख उपसहायक विदेशमन्त्री, काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा, ०६२ असार १४ गते

कार्टून

प्रजातन्त्र तथा मानवअधिकार विरुद्धका शैली अनेक छन्।

कान्तिपुर दैनिक, *२४ असार ०६२ मा छापिएको कार्टून*

अथक योद्धाको स्मृति

'मानवअधिकारको रक्षा र विकास जनताको सचेतन जागरण र संगठित आवाजबाट मात्र सम्भव छ।' अथक मानवअधिकार योद्धा स्व. प्रकाश काफ्लेको यो उद्गार अहिले झनै सान्दर्भिक बनेको छ। मानवअधिकार कुण्ठित भएको अवस्थामा आफ्ना अधिकार प्राप्तिको दिशामा संगठित प्रयास अपरिहार्य हुन्छ। र, त्यसका लागि मानवअधिकार चेतनायुक्त जनताको पहल आवश्यक रहन्छ।

अहिले हामी मानवअधिकारको व्यापक हनन भएको अवस्थामा छौं। एकातर्फ विगत नौ वर्षदेखि जारी हिंसात्मक द्वन्द्व छ भने अर्कातर्फ ०४६ सालको जनआन्दोलनबाट प्राप्त नागरिक तथा राजनीतिक अधिकारहरू पनि कटौती भएका छन्। यी दुईखाले दुरावस्थाको मिश्रणबाट झनै जटिलता सृजना भएको छ, जसका कारण अगाडिको परिस्थिति पनि सहज देखिँदैन। द्वन्द्वको जालो अझ फैलँदो छ। न्यूनतम स्वतन्त्रता गुमाएका जनतामाझ मानवअधिकार चेतनाको दियो बाल्ने अभियानहरूमाथि पनि हमला भएका छन्। आवाज बन्द गरिएका छन्। हिँडडुलमा स्वतन्त्रता छैन। आधारभूत अधिकारहरू संकटग्रस्त अवस्थामा छन्।

अथक मानवअधिकार योद्धा प्रकाशको तेह्रौं स्मृतिका क्रममा हामीले प्राचीको यो अङ्क प्रकाशित गरेका छौं। यतिबेला पुनः ०४६ साल अगाडिका परिस्थितिहरूको पुनरावृत्ति भएको टिप्पणी गरिन्छ। तर, फरक छ। मानवअधिकार आन्दोलनका योद्धाहरूको पथप्रदर्शन यति छिटै निस्प्रभावी हुन सक्दैन। श्रद्धाञ्जलिका सच्चा मान्यताहरूलाई नेपाली मानवअधिकार आन्दोलनले बुझेको छ। सचेतन र जागरणको अर्थ पनि छ। आजका जनतामा स्वतन्त्रताको चाह छ। अधिकार प्राप्तिको अनिवार्य आवश्यकता बोध छ। र, यी आवश्यकता पूरा गर्न मानवअधिकार चेतनायुक्त सामर्थ्य पनि विकसित भएको छ।

अथक मानवअधिकार योद्धा प्रकाशका उद्गारहरू केवल भित्ता वा सडकपेटीमा झुण्डयाइने कला होइनन्। यी मान्यताहरूले सहजकरण गरेका छन्- जनताको सचेतन जागरणबाट सफल हुने मानवअधिकार आन्दोलनमा। त्यस्तो आन्दोलन शान्तिपूर्ण सामाजिक परिवर्तनको कोशेढुंगा हो।

'जतिसुकै राम्रा कानुन किन नबनुन्, जबसम्म तल्लो तहका जनताले कानुनका व्याख्या र मर्म बुझ्दैनन् तबसम्म मानवअधिकारको स्थिति सुदृढ पार्नका निम्ति कानुन एउटा माध्यम मात्र हुन सक्छ, यसले नै मानवअधिकारको सुरक्षा पूर्ण रूपमा गर्दैन। त्यसैले मानवअधिकारसँग सम्बन्धित कार्यकर्ताहरूको कार्य निरन्तर रही नै रहन्छ।' तर, मानवअधिकार प्रत्याभूत गर्ने कानुनी प्रावधानहरू नै संकटमा परेको अहिलेको अवस्थामा मानवअधिकारकर्मीहरूको दायित्व अझ बढेको छ। त्यो दायित्व सफलताको बिन्दूमा पुग्ने सुनिश्चितताका लागि जुटनु अहिलेको निर्विकल्प बाटो हो।

तेह्रौ स्मृति दिवसका अवसरमा इन्सेकका संस्थापक एवम् नेपाली मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्लेप्रति हार्दिक श्रद्धाञ्जलि।

उल्लेख्य

विघटित प्रतिनिधिसभा र राष्ट्रिय सभाका सदस्यहरुको दोस्रो 'सडक अधिवेशन' ०६२ साउन ११ गते बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा। वर्तमान सरकारद्वारा सार्वजनिक गरिएको बजेट लगायत सबै अध्यादेश अस्वीकार। सात दललाई माओवादीसँग वार्ता गर्न म्यान्डेट प्रदान। माओवादीलाई वार्ताको वातावरण बनाउन आह्वान।

विघटित प्रतिनिधिसभा र राष्ट्रिय सभाका सदस्यहरुको पहिलो 'सडक अधिवेशन' ०६२ जेठ २० गते पाटनको मंगलबजारमा। पूर्ण प्रजातन्त्र र शान्तिका लागि १३ बुँदे प्रस्ताव पारित।

सात राजनीतिक दलबीच ०६२ वैशाख २५ गते साझा सहमतिका एजेण्डा सार्वजनिक। पूर्ण प्रजातन्त्र र शान्ति स्थापनाका लागि प्रतिनिधिसभा पुनःस्थापनादेखि संविधानसभा निर्वाचनसमेतका बुँदाहरुमा सहमति।

पाठक-पत्र

धैर्यता र एकताको खाँचो

प्राचीको ५४ औं अंक पनि पढ्न पाउँदा खुशी लाग्यो। तर आवरणले जसरी वर्तमान मानवअधिकार स्थितिको बयान गरिरहेको थियो त्यसरी नै सम्पादकीय त्यसतर्फ नभई मौज्दात विषयतर्फ केन्द्रित पाउँदा खल्लो लाग्यो। र पनि सामयिकमा सुबोधराज प्याकुरेल र हत्याहिंसाका नौ वर्षमा सुरेश आचार्यले माघ १९ समेट्न खोज्नु प्रशंसनीय पाएँ। अघिल्लो एक अंकमा संविधान सभाको निर्विकल्प बाटोमा प्रष्ट देखिएको प्राचीलाई यो अंकमा शब्द-शब्द, पाठक पत्रमा उल्लेख भएझैं, पच्छन् कि पच्दैनन् भनेर कसैका लागि केलाउनु परेको बाध्यता आफ्नै खालको होला तर आफूलाई संचेतना भन्ने प्राचीबाट हामी अधिकतम आशा राख्दछौं।

विनोद विरही
सल्लाहकार, रिलेक-नेपाल चितवन शाखा
हाल: पो. ब. नं. २३१७२ काठमाडौं

जनताको हितविरुद्ध शाही कदम

प्राचीको अंक समयमा नै पढ्न पाइयो। इन्सेकको प्रकाशन प्राची ज्ञानबर्द्धक र राजनीतिक चेतना दिने समसामयिक खालको महत्वपूर्ण प्रकाशन भएकोमा कुनै दुविधा छैन। मानवअधिकार जहिले पनि प्रजातन्त्रमा मात्र सम्भव हुन्छ। जहाँ प्रजातन्त्र सुरक्षित हुन्छ, त्यहाँ नागरिकको भविष्य पनि सुरक्षित हुन्छ। प्राचीमा राजाको शाही कदमका बारेमा लेखिएको विश्लेषण र शाही सम्बोधन सबैले नेपालमा पूर्णतः प्रजातन्त्र समाप्त भइसकेको र अधिनायकवाद र निरंकुशताले प्रवेश पाएको प्रष्ट पारेको छ।

०५९ असोज १८ मा राजाले जब मनोनित र टिके प्रवृत्तिलाई प्राथमिकता दिए, त्यसपछि संवैधानिक प्रजातन्त्रको औचित्य समाप्त भई मुलुक संविधानहिनता र निर्देशनहिनताबाट चल्न शुरु भयो। जसको हतियार शेरबहादुर देउवा, लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा अनि हालको मन्त्रिपरिषद् भए। यिनले न राजाको र राजतन्त्रको धमिलो कार्यलाई सच्याउन सके न त आफूले नै देश र जनताको पक्षमा केही गतिलो निर्णय लिन सके। जसको सम्पूर्ण भागिदार नेपाली जनता, प्रेस, मानवअधिकारकर्मी, नागरिक समाज र सिंगो मुलुकले भोगिरहनु परेको छ।

- भुमराज तिवारी
अध्यक्ष, रिलेक जिल्ला शाखा, नुवाकोट

चनौटेको पीडा हामी सबैको पीडा

मानवका लागि मानवअधिकार, मानवअधिकारका लागि उपयुक्त संस्कृति भन्ने अभियानका साथ प्रकाशित प्राची संचेतना द्वैमासिकको ५४ औं अंक निकै स्तरीय र वास्तविकताको निकट लाग्यो। देशमा लागू भएको संकटकाललाई स्पष्ट पार्न अनवरत प्राची लागिरहेको स्वतः अवगत हुन्छ। उक्त अंकमा भीमलाल श्रेष्ठले लेखेको "द्वन्द्वको परिणाम मानवविहीन बस्ती" शीर्षकको फिचरसमाचार पढ्दा निकै खोजमूलक लाग्यो। गोरखा जिल्ला सदरमुकामबाट केही टाढा रहेको चनौटेबजारका बासिन्दा सुरक्षाफौजलाई सहयोग गरेको भन्ने आरोपमा माओवादीले गाउँ छोड्न उर्दी जारी गरेपछि ३३ परिवार विस्थापित बन्न पुगे। सदरमुकामबाट नजिकैका स्थानमा समेत यस्तो अवस्था छ। देशका अधिकांश नागरिक रहने दुर्गम; ग्रामीण र द्वन्द्वग्रस्त हिमाली जिल्लाका गाउँहरुमा कस्तो वातावरण होला ? चनौटेको पीडा हामी सबैको पीडा बनेको छ। उक्त घटना उजागर गर्न लाग्नुहुने शान्तिका लागि नागरिक समाजको सञ्जाल, कास्कीलाई यस्तो अनुकरणीय कार्यमा धन्यवाद दिनुपर्छ भन्ने ठान्दछु।

सुशील सापकोटा
रिलेक-नेपाल, जिल्ला शाखा, कास्की

सामयिक

एक दिनको सन्देश

सुबोधराज प्याकुरेल

साउन १२ गते माओवादीका अध्यक्ष प्रचण्डले आफ्नो पछिल्लो वक्तव्यमार्फत् आन्दोलनरत पार्टीहरुलाई नयाँ राजनीतिक मोर्चा र नयाँ आन्दोलन निर्माण गर्न तथा सोका लागि आपसी समझदारी तय गर्न आग्रह गरेका छन्।

त्यही दिन अमेरिकाका पूर्व सिनेटर थोमस डासलले सम्पूर्ण नागरिक अधिकार वहालीका लागि वहुदलीय संस्था र प्रकृयाहरुको पुनर्स्थापनाका लागि आग्रह गरेका छन्। उनले भ्रष्टाचार नियन्त्रण शाही आयोग र त्यसका कामलाई नकारेका छन्। देउवा र प्रकाशमान सिंहको रिहाइको माग गरेका छन्। राजाको भनाइ र गराइमा तादात्म्यताको माग गरेका छन्। उनले राजनीतिक दलहरुलाई प्रजातान्त्रिक, पारदर्शी र जिम्मेवार हुन आग्रह गर्दै कमसंकम अपराधी चरित्रका र भ्रष्टाचारमा मुछिएकाहरुलाई नेतृत्ववाट हटाइहाल्ने सुझाव दिएका छन्।

स्वतन्त्र पत्रकारहरुको दक्षिण एसियाली संगठनको एउटा कार्यक्रममा युवा नेता शंकर पोखरेलले भने कि- विगतमा कांग्रेस र एमाले दुवैले हतियार वोकेका, हिंसात्मक संघर्ष गरेका थिए। त्यसकारण माओवादीले पनि एकदिन अवश्य हतियार विसाउनेछ।

लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलनले निर्णय गऱ्यो कि अवको नागरिक आन्दोलनको कार्यदिशा दलहरुलाई स्पष्ट र समग्र समाधानका एजेण्डामा प्रष्ट हुन दवाव दिनु हुनेछ।

साउन १२ का माथिका चार घटनाहरुले सावित गर्छन् कि नेपालको लोकतान्त्रिक आन्दोलन क्रमशः ताल्दैछ। स्वदेशी र विदेशी सवै वौद्धिक क्षेत्रले न्यूनतमरुपमा पनि नागरिक स्वतन्त्रताको निर्वाध वहालीलाई प्रस्थानविन्दू वनाएको छ।

निजी, पारिवारिक अधिकारलाई वैयक्तिक अधिकार भनिन्छ। गर्भमा आमावाट, जन्मेपछि परिवारवाट, वाल्यकालमा छरछिमेकवाट आफ्नो संरक्षण गरिपाउनु मानिसको मौलिक र न्यूनतम वैयक्तिक अधिकार हो। जसरी हामी वाल्यकालदेखि नै परिवारमा आफ्नो कुरा राख्ने, तर्क गर्ने र सामेल हुने गर्दछौं, त्यसरी नै हुर्केपछि आफूलाई समाजमा प्रस्तुत गर्न आतुर हुन्छौं। समाजमा आफ्ना तर्क राख्ने, त्यहाँवाट गरिएको मूल्यांकनवाट उत्साही हुने, समान विचारका दौतरीहरुको जमात वनाउने, संगठित हुने र अभिव्यक्त गर्ने, यी सव मानव स्वभाव हुन्। यिनै शाश्वत स्वभावका कारण विश्वको जुनसुकै कुनाको जुनसुकै सभ्यतामा पनि लेख्ने, प्रवचन-भाषण गर्ने, छाप्ने, संगठन वनाउने प्रकृया चल्दै आएको हो।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्वन्धी महासन्धिले मानिसको यही विशिष्ट स्वभावको रक्षा र विकास गर्नुपर्ने सिद्धान्तमा आधारित रहेर निर्णय गरेको छ। कानुनको दर्शनले पनि मान्छेको स्वतन्त्रताको रक्षाको सिद्धान्तका आधारमा सम्पूर्ण निष्कर्ष खिचेको छ। त्यसैले मानवअधिकारले पनि भन्छ- राज्यसत्ताको श्रोत जनताको इच्छा हुनेछ।

जनताका प्रतिनिधि राजनीतिज्ञहरु नै हुन्। उनीहरु आ-आफ्नो दलका माध्यमवाट चिनिन्छन्। जनतावाट अनुमोदित दलहरु हजारन् गल्ती गरेता पनि सत्ताका लागि जनताका प्रतिनिधि उनीहरु र केवल उनीहरु मात्र हुन्छन्। मूल्यांकनको आधार उनीहरुमै छ। अहिले संसद छैन। तर पनि दलहरु आफ्नो संगठनको वैठक वसेरै निर्णय गर्छन्। गल्ती सवै सच्याएका छैनन्, तर सच्याउने दवाव खुला र खुलस्त रुपमा उनीहरुमाथि नै परिरहेको छ। जनताको लागि दलहरुको भन्दा फराकिलो र निर्वाध ढोका अर्को छैन। त्यसैले हो- प्रथम र द्वितीय विश्वयुद्धपछि कतिपय मुलुकमा विगत संसदको म्याद थपेर अथवा भंग संसद पुनर्स्थापन गरेर मात्र राज्य सञ्चालन गरियो।

लोकतन्त्रको सामान्य सिद्धान्त हो- जो आलोचनाको घेरामा छैन, जसले आफ्नो कामको जनअनुमोदन लिनु पर्दैन, त्यसले सरकार वनाउने र चलाउने जिम्मा लिनुहुन्न।

सारातिरवाट गाली, वेइज्जति र घोक्रेठ्याक लगाइएवाट अहिले हाम्रा दलका नाइकेहरुको भालेसातो गएको छ। तर, उनीहरुले पनि वुझ्नुपर्छ- गुरुले कान निमोठेजस्तै हो यो। शिक्षा लिने यो अपूर्व अवसर हो। अल्मलिने र दोहोरो मापदण्ड वनाउने कामै छैन। जव दलहरु संसद पुनर्स्थापना गर्ने र त्यसैमार्फत् सारा समस्याको जरैदेखिको समाधान खोज्न चाहन्छन् भने वार्ता टोली वनाएर माओवादीसंग शिरदेखि तिरसम्मको सारा विषय छिनोफानो गर्न किन तयार हुँदैनन् ? वार्ताको विवरण सार्वजनिक गर्दै जनदवाव थप्दै जाने रणनीति किन लिन सक्दैनन् ?

वोकेको हतियार विसाउन गाह्रो छ। माओवादीलाई कति ठाउँमा सशस्त्र 'व्यारेक' राख्न दिने हो ? राज्य र माओवादी दुवैको शान्ति प्रकृया अनुगमन गर्न कस्तो संयन्त्र वनाउने हो ? आउँदा दिनमा राजादेखि रंकसम्मलाई कानुनको अधिनमा अर्थात् सार्वभौमसत्ता सम्पन्न जनताभन्दा माथि कोही पनि नहुनेगरी, अनुशासनमा राख्ने कसरी ? सडक मातहतको संसद कसरी वनाउने ? स्थानीय स्वायत्त शासनको व्यवहारिक हस्तान्तरण कसरी गर्ने ? यी र यस्तै जटिल पाठहरु दलहरुसमक्षमा छन्। जल, जमिन र जंगलको प्राकृतिक, शाश्वत र प्रगतिशील परिभाषाको चरणमा प्रवेश गर्नै वाँकी छ। एक्काइशौं शताव्दीका जाँगरिला तन्नेरीहरुको यो मुलुकमा दलहरुलाई साँच्चिकै गाह्रो छ।

अहिलेको नेपालको चेतनाको उमेर ०४६ सालयताको गणितीय हिसावले १६ वर्षको मात्र भयो। तर लोकतान्त्रिक संचेतनाका हिसावले यो दश गुणा अगाडि छ र एकसय साठी वर्षको जव्वर संसार वनेको छ। स्वतन्त्रताभन्दा प्यारो वस्तु धर्तिमा अर्को केही हुन सक्दैन। यतिवेला शान्ति प्रकृयाका सम्भावनाका अनन्त ढोकाहरु खुल्दैछन्। संयुक्त राष्ट्रसंघलगायत् कैयन् सर्वस्वीकृत निकाय नेपाललाई सहयोग गर्न तत्पर छन्। हामी आफैले अघि नसरी केही हुनेवाला भने छैन। विध्वंसको रोकथाम गर्न, सामाजिक र राष्ट्रिय विखण्डनवाट भावी पुस्तालाई जोगाउन सवै पक्षले त्याग गर्न तत्पर हुनैपर्छ। हिंसा जति लम्वियो, त्यति नै घृणाका फाँटहरु उर्वर वन्छन्। अरुलाई पराजित गरेर होइन, अर्काको मन जितेर पाएको विजय मात्र स्थायी, गतिशील र फलदायी हुन्छ।

कार्यपालिकाको छायाँमा न्यायपालिका

संकटकाल लागू भएपछि कानुनी उपचारको हकसमेत कुण्ठित हुनपुग्यो। संविधानको धारा ८८ (२) बमोजिम कानुनी उपचारको व्यवस्था हुनुपर्नेमा अदालतसमेत अन्यौलपूर्ण अवस्थाबाट गुज्रिनपुग्यो। मुलुकमा संवैधानिक संकट आइपर्दा सर्वोच्च अदालतले त्यसको उपयुक्त निकास दिनुपर्ने हो। तर, अदालत माघ १९ पछि तीनहप्तासम्म पूर्णत: मौनमात्र रहेन, बन्दी प्रत्यक्षीकरणका रिट समेत दरपीठ गरिए। निलम्बन नगरिएका हकहरुसम्बन्धी रिट समेत दर्ता गरिएनन्। कानुनी शासन र न्यायपालिकाको प्रभावकारिता नाप्ने संकटपूर्ण अवस्थामा सर्वोच्च अदालतद्वारा मौलिक सवालहरुमा देखाइएको उदासिनताले न्यायपालिका कार्यपालिकाको छायाँमा परेको आभास धेरैले गरे। कानुन व्यवसायी, सञ्चारकर्मी, मानवअधिकारकर्मी तथा नागरिक समाजका व्यक्तिहरुले समेत न्यायपालिकाको उदासिनताको आलोचना गरे। संकटकाल लागू भएको दुई महिनापश्चात् अर्थात् ०६१ चैत १८ गतेमात्र सर्वोच्च अदालतले संकटकालमा निलम्बन नगरिएका हकसम्बन्धी रिट दर्ता गर्न सकिने आदेश जारी गऱ्यो।

प्रधानन्यायाधीश हरिप्रसाद शर्मा

न्यायपालिकाको प्रतिष्ठा त्यतिबेला गिर्नपुग्यो, जुनबेला प्रधानन्यायाधीश हरिप्रसाद शर्मा अस्ट्रेलियाको गोल्डकोष्टमा आयोजित एसिया प्यासिफिक क्षेत्रका प्रधानन्यायाधीशहरुको एघारौं सम्मेलनमा मन्तव्य व्यक्त गर्दै हुनुहुन्थ्यो। ०६१ चैत ७ गतेको उक्त मन्तव्यमार्फत् उहाँले राजनीतिक दलहरुलाई तल्लोस्तरको गालीमात्र गर्नुभएन, राजाबाट चालिएको कदमको खुलेर स्वागत गर्दै त्यसको पक्षमा वकालत समेत गर्नुभयो। उक्त मन्तव्य र प्रधानन्यायाधीशको भूमिका चौतर्फी आलोचनाको विषय बन्यो। उक्त आलोचना केवल अभिव्यक्तिप्रति मात्र लक्षित नभएर न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षतासँग प्रत्यक्ष गाँसिएको थियो। प्रधानन्यायाधीशजस्तो व्यक्तिबाट निर्वाह गरिएको भूमिकाले स्वतन्त्र न्यायपालिकाको अस्तित्वलाई मात्र आँच पुऱ्याएन, न्यायपालिका कार्यपालिकाको निर्देशनमा अगाडि बढेको उदाहरण बन्न पुग्यो।

पछिल्लो अवधिमा आएर खासगरी बन्दी प्रत्यक्षीकरणका रिटहरुमाथि सर्वोच्चको सकारात्मक भूमिका भने प्रशंसाको विषय बन्यो।

मानवअधिकार आयोगको सरकारीकरण

भनिन्छ, मानव अधिकार संयन्त्रहरुको प्रभावकारिताबाट मानव अधिकारको सकारात्मक स्थितिका लागि निकै महत्वपूर्ण भूमिका निर्वाह हुनसक्छ। तर, शाही कदमपछि राष्ट्रिय मानव अधिकार आयोगमाथि भएको नियोजित हस्तक्षेप र आयोगको सर्वोच्च नेतृत्वले निर्वाह गरेको भूमिकाका कारण यस्तो मान्यताको खिल्ली उड्न पुग्यो।

श्री ५ बाट मानव अधिकार आयोग संशोधन अध्यादेश जारी गरिएको कुरा जेठ ८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनायो। उक्त संशोधनमार्फत् आयोगका पदाधिकारीहरुको सिफारिस समितिमा हेरफेर गरियो। यसअघि ऐनले प्रधानमन्त्रीको अध्यक्षतामा प्रमुख विपक्षी दलको नेता र प्रधानन्यायाधीश रहेको सिफारिस समितिको व्यवस्था गरेको थियो, जसमा सावभौम जनताको प्रतिनिधित्वका हिसाबले जनउत्तरदायी आयोग गठनको व्यवस्था थियो। तर, त्यस्तो व्यवस्थामा अध्यादेशीय संशोधनमार्फत् प्रधान-न्यायाधीशको अध्यक्षतामा सभामुख र परराष्ट्रमन्त्री सदस्य रहने सिफारिस समिति गठन गरियो। यस्तो समितिमा कार्यपालिकीय प्रभूत्व कायम रहेको र त्यसको सिफारिसमा बनेको आयोगको स्वायत्तता, निष्पक्षता र प्रभावकारिता पनि न्यून हुने विश्लेषकहरुको भनाई रहँदै आएको छ। मानवअधिकारकर्मीहरुले यस्तो प्रकृयाद्वारा गठन गरिएको आयोगसँग कुनै पनि प्रकारको सम्वाद, सहयोग र सहकार्य नहुने धारणा सार्वजनिक गरिसकेका छन्। राष्ट्रसंघीय मानवअधिकार आयोगको नेपालस्थित कार्यालयका प्रमुख इयान मार्टिनले समेत आयोगको गठन प्रकृयाका बारेमा प्रश्न उठेको सन्दर्भमा उसको कामका आधारमा अन्तर्राष्ट्रिय सहयोग दिइने उल्लेख गर्नुभएको छ। त्यसैरी एसियाली मानवअधिकार आयोगले पनि पूर्व अध्यक्ष नयनबहादुर खत्रीको नेतृत्वमा गरिएको गठनको कडा विरोध गरेको छ। 'हामी गैरकानुनी रुपमा भएको आयोग गठनको कडा विरोध गर्छौं,' जेठ १६ गते

उक्त आयोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ। आयोगका सदस्यहरु सरकारको समर्थनको पुरस्कारका रुपमा नियुक्त भएको हुँदा यो 'पेरिस सिद्धान्त' अनुसार स्वायत्त, स्वतन्त्र र निष्पक्ष नभएको जनाउँदै नवगठित आयोगप्रति कुनै किसिमको सम्वाद, समर्थन र समन्वय नगर्न एसियाली आयोगले नागरिक समाज र मानवअधिकार समुदायसँग आग्रहसमेत गरेको छ। त्यसैगरी इन्टरनेशनल कमिसन अफ जुरिट्सले श्री ५ लाई असार ८ गते लेखेको एक खुला पत्रमा आयोग गठन प्रकृयाप्रति आपत्ति जनाएको छ। 'पदाधिकारी जुन प्रकारले नियुक्त भएका छन्, त्यो प्रक्रिया गलत छ,' पत्रमा भनिएको छ।

अहिले आयोगको अध्यक्षमा पुन: नियुक्ति पाएका नयनबहादुर खत्रीले एकपछि अर्को गर्दै कार्यपालिका र खासगरी शाही कदमप्रतिको खुल्ला समर्थन गरेका घटनाहरु पुन: नियुक्तिको आधार बनेकोमा अब शंका रहेन। मानवअधिकार आयोगलाई स्वतन्त्र र निष्पक्ष बनाउनु पर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय माग बढेकै बेला आयोगका अध्यक्ष स्वयम्को व्यवहारका कारण आयोगको संस्थागत प्रभावकारिता र औचित्यमा प्रश्नचिन्ह खडा भएको थियो। जसको उदाहरण खत्रीले जेनेभामा सम्पन्न राष्ट्रसंघीय मानवअधिकार आयोगको ६१ औं बैठकका क्रममा राष्ट्रिय मानवअधिकार संयन्त्रहरुको एसिया प्रशान्त क्षेत्रीय बैठकमा व्यक्त गर्नुभएका धारणा र शाही कदमको समर्थनबाट अन्तर्राष्ट्रियस्तरमा सार्वजनिक भएको थियो। अहिलेको अवस्था नेपालको आन्तरिक मामला भएको र अन्तर्राष्ट्रिय जगतले यसमा प्रश्न गर्नुपर्ने आवश्यकता नरहेको उहाँको धारणा थियो। देशमा विग्रँदो मानवअधिकार स्थितिप्रति चिन्ता व्यक्त गर्नुको साटो स्थितिमा उल्लेख्य सुधार भएको अभिव्यक्ति दिनुले आयोगको सरकारीकरणलाई उदांगो पारेको थियो।

हुन त शाही घोषणाको हप्ता दिन बित्दा-नबित्दै, माघ २३ गते अध्यक्ष खत्रीले शाही घोषणामा उल्लिखित मानवअधिकार २१ औं शताब्दीको जीवनप्रणाली र सभ्यता भएको व्याख्या गरिएकोमा उचित भन्दै

अवैधानिक मानव अधिकार आयोग अमान्य

प्रेस विज्ञप्ति

२०६२ जेठ १४, काठमाडौं

राजाबाट सम्पूर्ण कार्यकारी अधिकार आफ्नो हातमा लिएपछि प्रजातान्त्रिक संरचनाहरु सुनियोजित ध्वस्त पार्ने क्रममा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३ लाई अध्यादेश मार्फत यही २०६२ जेष्ठ १३ गते अवैधानिक तथा गैरकानुनी रुपमा गठन गरिएको राष्ट्रिय मानव अधिकार आयोगप्रति हाम्रो गम्भिर आपत्ति छ।

१. अवैधानिक रुपमा कानूनको संशोधन मार्फत गरिएको आयोगको गठन प्रक्रियाले पूर्णत: विधिको शासनका मान्यताहरुमाथि ठाडो हस्तक्षेप गरेको छ भने देशमा कानुनी शासनका मान्यताहरु समाप्त भइसकेको तथ्य पुन: प्रमाणित भएको छ। यसरी गठन गरिएको आयोग कुनै पनि हालतमा स्वायत्त, स्वभिमानी, स्वतन्त्र र सशक्त हुन नसक्ने हाम्रो ठहर छ।

२. माघ १९ को शाही कदमपश्चात मानवअधिकार उल्लंघनका घटनाहरु चरमोत्कर्षमा पुगेको अवस्थामा सत्ता समर्थनमा खुलेर वकालत गर्न पुगी आयोगको स्वतन्त्र अस्तित्व समाप्त पार्न प्रमुख भुमिका निर्वाह गरिरहेका निवर्तमान अध्यक्ष नयन बहादुर खत्रीलाई नै आयोगको बागडोर सम्हाल्ने दायित्व सुम्पिनुले आगामी दिनमा आयोग राज्यबाट हुने मानव अधिकार उल्लंघनको ढाकछोपमा सक्रिय हुने निश्चित छ। साथै अध्यक्ष खत्रीले सोही अवधिमा जेनेभामा सम्पन्न राष्ट्रिय मानव अधिकार आयोगहरुको एशिया-प्रशान्त क्षेत्रीय सम्मेलनमा सार्वजनिक रुपमा राज्यसत्ता तथा माघ १९ को शाही कदमको प्रत्यक्ष समर्थन गरेबाट समेत अब आयोगको कार्य मूलत: सत्ताको तावेदारी गर्नमा व्यतित हुनेमा हामी विश्वस्त छौं।

३. अविरल सत्ताको समिप रही मानव अधिकार आन्दोलनका अग्रज संस्था तथा व्यक्तिहरुसँग सम्बन्धित गोपनीय एवम् संवेदनशील सूचनाहरु समेत राज्य सत्ताको तावेदारीमा ओसार-पसार गर्न नहिच्किचाउने व्यक्तिहरुबाट मानवअधिकार संरक्षणको अपेक्षा गर्नु निरर्थक छ। आफ्नो पदीय दायित्व र नैतिकतालाई तिलान्जली दिई पदलोलुपतालाई प्राथमिकता दिने भ्रष्ट चरित्र बोकेका व्यक्तिद्वारा मानवअधिकार उल्लंघनको स्वतन्त्र एवम् निष्पक्ष छानविन हुने कुरामा कोही पनि नेपाली नागरिकले विश्वास गर्ने आधार छैन। सत्ता समर्थनको पुरस्कारस्वरुप प्रत्यक्ष दोसल्ला ओढाई गठन गरिएको यस आयोगले स्वयात्तता, स्वतन्त्रता, निश्पक्षता, दक्षता एवम् व्यवसायीकता जस्ता मानव अधिकार आयोग गठन सम्बन्धी सर्वमान्य "पेरिस सिद्धान्त" मुताबित कुनै पनि मान्यताहरुको पालना गर्न सक्तैन। यस अवैधानिक आयोगले देशमा व्यापक रुपमा बृद्धि हुँदै गएका मानवअधिकार उल्लंघनका घटनाहरुमा पीडितका पक्षमा कुनै पनि कार्यहरु गर्न नसक्ने र नागरिकको स्वतन्त्रता थप कुण्ठित गर्नमा राज्यसँग सहकार्यमा संलग्न हुने हाम्रो निर्क्यौल छ।

अन्तमा, अवैधानिक ढंगबाट निरंकुशताका पक्षपाती, मानवअधिकार तथा प्रजातन्त्र विरोधी व्यक्ति सम्मिलित नवगठित आयोगका पदाधिकारीहरुलाई नागरिक समाज तथा मानवअधिकार समुदायबाट कुनै पनि प्रकारको सम्वाद, सहयोग र सहकार्य हुन नसक्ने तथ्य पनि हामी यसै प्रेस विज्ञप्ति मार्फत सार्वजानिक गर्न चाहन्छौं।

(२५ मानवअधिकार संस्थाका तर्फबाट सुबोधराज प्याकुरेल, डा. गोपालकृष्ण सिवाकोटी र शोभाकर बुढाथोकीद्वारा हस्ताक्षरित विज्ञप्ति)

त्यसलाई मनन गरी सबै निकायले पालना गर्न आह्वान नै गर्नुभएको थियो। "पहिलेका सरकारबाट मानवअधिकार उल्लंघन गर्ने जानी-नजानी चेष्टा गरेका भए पनि अब राज्यका निकायबाट त्यस्तो हुँदैन भन्ने आशा व्यक्त गर्न सकिन्छ, किनभने श्री ५ बाट मानवअधिकारमा चनाखो रहन निर्देशन बक्स भएको छ," उहाँको तर्क थियो। अध्यक्ष खत्रीले श्री ५ बाट व्यक्त मानवअधिकारको प्रतिबद्धतालाई सार्थक तुल्याउन आफ्नो कार्यमा अझ सशक्त भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

यस्तो प्रतिबद्धता चैत ११ गते राजधानीमा आयोजित पत्रकार सम्मेलनमा राखिएका धारणाका माध्यमबाट अझ छर्लंग हुन पुग्यो। मुलुकमा संकटकाल लागू भएकाले केही मौलिक अधिकारहरुमा कटौती भए पनि यहाँको मानवअधिकार स्थिति भयानक भएको भन्ने कुरा सत्य नभएको उहाँको ठम्याई थियो। जतिबेला आयोगका अध्यक्ष खत्री मानवअधिकार स्थिति भयानक नभएको तर्क दिँदै हुनुहुन्थ्यो, त्यसैबेला रुपन्देही, बाँकेलगायत्का जिल्लामा राजनीतिक कार्यकर्ताहरु गिरफ्तार गरिँदै थिए भने राजधानीकै मनमैजु गाविसका व्यापारी अर्जुनप्रसाद लामिछानेको सुरक्षाकर्मीद्वारा हत्या तयारी हुँदै थियो। एकातर्फ कपिलवस्तुमा हिंसा-प्रतिहिंसा र खासगरी राज्यसंरक्षित भिजिलान्तेहरुको आक्रमणबाट भएका श्रृंखलाबद्ध घटनाहरुको प्रत्यक्ष असर ताजै थियो भने माओवादीद्वारा ताप्लेजुङको सदरमुकाममा विद्यालय र सरकारी भवनहरु आक्रमणको योजना बन्दै थियो। परिस्थितिको त्यस्तो भयावह चरणमा आयोगका अध्यक्ष खत्री भने सरकारी अधिकारीहरुभन्दा अगाडि बढेर शान्ति सुरक्षाको सबल स्थितिको वकालत गरिरहनुभएको थियो। उहाँको धारणाले सत्य लुकाउने प्रयास मात्र गरेको थिएन अपितु कार्यपालिकाबाट भएका मानवअधिकार उल्लंघनका श्रृंखलाबद्ध घटनाहरुप्रति आयोगको बेवास्तालाई समेत छर्लंग्याएको थियो।

राष्ट्रिय मानव अधिकार आयोगलाई निस्प्रभावी बनाउने योजना मुताबिक ०६१ चैत ४ गते सरकारद्वारा गठन गरिएको उच्चस्तरीय मानवअधिकार संरक्षण समितिले आयोगलाई बाधा उत्पन्न नगर्ने वरु यसका सिफारिसहरु कार्यान्वयन गर्न सघाउने धारणा अध्यक्ष खत्रीले व्यक्त गर्नुभएको थियो। तर, अहिलेसम्म उच्चस्तरीय समितिको न कुनै संस्थागत पहिचान सार्वजनिक भएको छ न त यसले मानवअधिकारका क्षेत्रमा आफ्नो भूमिकामार्फत् स्थान बनाउन नै सकेको छ।

मानवअधिकार तथा पेशागत संघ-संस्थाविरुद्धको अग्रसरता

मानवअधिकारकर्मीहरुलाई गिरफ्तार गर्ने, आवतजावत गर्नबाट बन्देज लगाउने, धम्की दिने र विभिन्न तरिकाले हतोत्साहित गर्ने सरकारी क्रियाकलाप पछिल्लो अवधिमा आएर अपारदर्शी ढंगले मानवअधिकार संस्थाहरुको विवरण माग गर्ने प्रयत्न तथा समाज कल्याण ऐनको अध्यादेशीय संशोधनसम्म आएर उदांगिएको छ। प्रजातन्त्र र मानवअधिकारका लागि आवाज उठाइरहेका संस्थाहरुलाई हतोत्साही बनाउन खोज्नुले मानवअधिकारप्रतिको सरकारी प्रतिबद्धताको खिल्ली उडेको छ भन्दा अत्युक्ति नहोला। खासगरी राष्ट्रिय मानव अधिकार आयोग गठन प्रकृयाप्रति असहमति जनाउने २५ मानवअधिकार संस्थाहरुको विवरण सुरक्षाकर्मीले अपारदर्शी तरिकाले माग गर्ने र हतोत्साही बनाउने कार्य भएको थियो। तैपनि मानवअधिकारका लागि उठेका आवाजहरु भने रोकिएका छैनन्। अन्तर्राष्ट्रिय सरोकारको विषय बनिसकेको नेपालको

गैर सरकारी संस्था महासंघ-नेपाल

NGO FEDERATON OF NEPAL

मिति:२०६२/०४/०३

प्रेश बिज्ञप्ती

२०४६ सालको जनआन्दोलनबाट प्राप्त बहुदलीय व्यवस्था, प्रजातन्त्र र मानव अधिकारको रक्षा एवं संम्बर्दनका लागि नागरिक समाजिक संघ संस्थाहरु (गैससहरु) ले पुऱ्याउदै आएको योगदान सबैसामु छर्लङ्ग छ । अझ २०५९ साल असोज १८ पछिका दिनहरुमा देखापरेको संवैधानिक गतिरोध, जनप्रतिनिधि विहिन अवस्था, समुदायमा सरकारको प्राय शुन्य अवस्था तथा निरन्तर चलिआएको आन्तरिक द्वन्द्वका अवस्थामा पनि समुदायमा जनतासंगै रहेर विकासको अनुभुति दिँदै प्रजातन्त्रको पुनर्बहाली तथा मानव अधिकार रक्षाका लागि द्वन्द्वरत् दुवै पक्षलाई हतियार बिसाई शान्तिवार्ता अघि बढाउन गैससहरुले जनदवाव सिर्जना गर्दै आएका कुरा जगजाहेर नै छ ।

संवैधानिक शुन्यताको अवस्थामा गैससहरुलाइ प्रशासनिक नियन्त्रण भित्र राख्ने उद्देश्यले यही असार ३० गते जारी गरिएको अध्यादेश प्रति सबैको ध्यान आकृष्ट भएको छ । अधिराज्यका ७५ जिल्लाका २,७०० भन्दा बढी गैससहरुको प्रतिनिधित्व गर्दै आएको प्रतिनिधिमूलक संस्था गैसस महासंघ नेपाल, जनभावना बिपरित गैससहरुलाई नियन्त्रणगर्न तयार गरिएको कुनै पनि संयन्त्र मान्न तयार नरहेकोले यस्तो कार्यको सधै डटेर बिरोध गर्दछ । गैर सरकारी संस्था महासघ नेपालले २०५९ सालमा जारी गरी नेपाल अधिराज्यभरी सार्वजनिक गरेको "गैर सरकारी संस्था, गैर सरकारी संस्थाका पदाधिकारी सदस्य एवं कार्यकर्ताहरुको आचार सहिता २०५९" बाहेक कुनै पनि प्रकारको अप्रजातान्त्रिक एवं अन्तराष्ट्रिय मान्यता प्रतिकुलको नियन्त्रण मान्न तयार नभएको व्यवहोरा सार्वजनिक गरिन्छ ।

शान्तलाल मुल्मी
महासचिव

डा. अर्जुन काकी
अध्यक्ष

मानवअधिकार स्थिति अनुगमन कार्यमा मानवअधिकार संस्थाहरुलाई रोक्न खोज्नु सरकारद्वारा आफ्ना प्रतिबद्धताहरु कुल्चनु मात्र नभई हालसालै राष्ट्रसंघीय मानवअधिकार आयोगको बैठकले नेपालका सम्बन्धमा पारित गरेको कार्यसूची प्रकार १९ को समेत बर्खिलापमा छ।

त्यसैगरी विभिन्न जिल्लामा सरकारी अधिकारी तथा सुरक्षा निकायहरुद्वारा गैरसरकारी संस्थाहरुमाथि विविध खालको हस्तक्षेप गरियो। यस्ता क्रियाकलापको विरोध गर्दै मानवअधिकार जोगाऔं अभियान, नेपालले ०६२ असार १६ गते एक विज्ञप्ति जारी गरी विधिवत रुपमा जिल्ला प्रशासन कार्यालय र समाज कल्याण परिषद्मा दर्ता भई समाजका हरेक क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुमाथि सेना र अनुगमन समितिद्वारा गरिएको हस्तक्षेप अप्रजातान्त्रिक र गैरकानुनी अभ्यास भएको उल्लेख गरेको थियो। जुम्ला तथा बाँके जिल्लामा सेना तथा जिल्ला अनुगमन समितिका तर्फबाट गैरसरकारी संस्थाहरुसँग अनुचित तवरले माग गरिएको हिसाबकिताब लगायत कार्यक्रमहरुको विवरणप्रति गम्भीर आपत्ति जनाउँदै अभियानका तर्फबाट सुबोधराज प्याकुरेल, डा. गोपाल कृष्ण सिवाकोटी, शोभाकर बुढाथोकी, गौरी प्रधान, शान्तलाल मुल्मी र गंगा कसजूद्वारा जारी विज्ञप्तिमा 'यस घटनाले राज्यमा कानुनी शासनका मान्यताहरु समाप्त भइसकेको थप पुष्टी गरेको र राज्य प्रजातन्त्रका आधारभूत संरचनाहरु ध्वस्त पार्नमा सुनियोजित रुपमा लागेको' ठहर गरिएको थियो।

राजधानीमा नेपाल बार एशोसिएसनको राष्ट्रिय परिषद् सम्मेलनका क्रममा ०६२ जेठ २१ गते कानुन व्यवसायीहरुले शान्तिपूर्ण प्रभातभेरी आयोजना गरेको विषयलाई लिएर जेठ २४ गते काठमाडौं जिल्ला प्रशासन कार्यालयले बारका अध्यक्ष शम्भु थापासँग स्पष्टीकरण माग गरेको घटना पनि यही श्रृंखला अन्तर्गत पर्दछ। प्रशासनद्वारा थमाइएको पत्रमा 'निषेधित क्षेत्र पुतलीसडक, बागबजारमा बिनास्वीकृति जुलुस निकालेको' बारे तीन दिनभित्र आफ्नो भनाई पेश गर्न भनिएको थियो। त्यसको प्रत्युत्तरमा बारले जेठ २६ गते प्रशासनलाई जवाफ पठाउँदै उक्त स्पष्टीकरण नै गैरकानुनी भएको दावी गर्दै त्यससम्बन्धी पत्र खारेज गर्नुपर्ने उल्लेख गरेको थियो।

समाजकल्याण परिषद् ऐनलाई अध्यादेशमार्फत् ०६२ असार ३० गते गरिएको संशोधनमार्फत् प्रजातन्त्र, मानवअधिकार र सामाजिक न्यायका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुलाई सरकारले नियन्त्रण गर्ने निर्णय गरेको छ। गैरसरकारी संस्थाहरुलाई 'व्यवस्थित' गर्ने नाममा आचारसंहिता जारी गर्ने व्यवस्था गरिएको उक्त अध्यादेशले देशको मानवअधिकार आन्दोलनलाई पहिलो निशाना बनाउने उद्देश्य लिएको छ। सरकारका यस्ता क्रियाकलापले राज्यको अन्तर्राष्ट्रिय दायित्व, संवैधानिक प्रावधान र मानवअधिकारका सिद्धान्तहरुमाथि ठाडो अवहेलना भएको स्पष्ट भएको छ। नेपालका गैरसरकारी संस्थाहरुको छाता संगठन गैरसरकारी संस्था महासंघ-नेपालले यस्तो अध्यादेशप्रति ध्यानाकृष्ट भएको उल्लेख गर्दै जनभावनाविपरीत गैससहरुलाई नियन्त्रण गर्न तयार गरिएको कुनै पनि संयन्त्र मान्न तयार नरहेको र यस्तो कार्यको डटेर विरोध गर्ने सार्वजनिक गरिसकेको छ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश

सरकारले संकटकालको अन्त्य गरेता पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउन भने छाडेको छैन। पछिल्लो अवधिमा आएर विभिन्न एफएम रेडियोहरुलाई सूचना तथा समाचार सामग्री प्रशारण नगर्न दिइएको चेतावनीमूलक निर्देशनले सरकारको अनुदार शैलीको निरन्तरता छर्लंग्याएको छ। त्यसअघि सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेश ल्याउने तयारी गरिसकेको तथ्य सार्वजनिक भएको थियो। अझै पनि पत्रपत्रिकाहरुको स्व-सेन्सरसीप जारी छ। एफएम रेडियोहरुले समाचार तथा सूचना प्रशारण गर्न पाएका छैनन्।

सञ्चार संस्थाहरुलाई सरकारी कल्याणकारी विज्ञापनबाट वञ्चित गराएर आर्थिक नाकाबन्दी गरिएको छ। माघ १९ पछि नीजि तथा सामुदायिक सञ्चार माध्यमहरुलाई अघोषित रुपमा 'आर्थिक नाकाबन्दी' लगाइएको भए पनि ०६२ असार ६ गतेदेखि भने नीति नै बनाएर यस्तो व्यवहारलाई निरन्तरता दिइएको छ। सरकारले ल्याएको 'सरकारी विज्ञापनमा एकद्वार प्रणालीसम्बन्धी नीति, २०६२' मा विज्ञापन चाहने सञ्चारमाध्यमले राजसंस्थाप्रतिको प्रतिबद्धतालगायत्का शर्तहरु पूरा गर्नुपर्ने व्यवस्था गरिएको छ।

संकटकाल लगत्तै जारी भएका प्रेस संचालनको सीमा निर्धारण गर्ने सूचनाहरु फिर्ता लिइएको छैन। यस्तो अवस्थामा, पटक-पटकको मागपश्चात् पनि स्वतन्त्र प्रेस संचालनको वातावरण तयार नगरिएका कारण पत्रकारहरु शान्तिपूर्ण संघर्षमा उत्रिएका छन्। जसका क्रममा सरकारले सादा पोशाकका सुरक्षाकर्मीहरुको व्यापक प्रयोगमार्फत् स्वेच्छाचारी गिरफ्तारीको श्रृंखला बढाएको छ। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि आयोजना गरिएका शान्तिपूर्ण जुलुसहरुमा समेत प्रहरी हस्तक्षेप गरी गिरफ्तार गर्ने क्रियाकलाप भएका छन्। यस्ता घटनाहरुमा सादा पोशाकका सुरक्षाकर्मीहरुको व्यापक प्रयोग गर्ने क्रम रोकिएको छैन।

सञ्चार संस्था कम्युनिकेशन कर्नर बन्द गर्न सरकारले दिएको आदेशले सञ्चार क्षेत्रमाथि प्रत्यक्ष हस्तक्षेपको निरंकुश चरित्र उदांगो भयो। ०६२ जेठ १३ गते सूचना तथा सञ्चार मन्त्रालयले ठाडो आदेशमार्फत् कर्नर बन्द गर्न निर्देशन दिएको थियो। मुलुकका विभिन्न १४ वटा एफएमलाई स्याटेलाइटमार्फत् समाचारमूलक श्रव्यदृश्य सामग्री उत्पादन गरी वितरण तथा प्रशारण गर्दै आएको कर्नरलाई ०६० मंसिरमा सरकारले 'रेडियो यन्त्र बिक्री वितरण' र ०६१ मंसिरमा 'स्याटेलाइट कम्युनिकेशन सिस्टम' राख्न तथा प्रयोग गर्न लाइसेन्स दिएको थियो। तर, मन्त्रालय आफैले दिएको उक्त लाइसेन्सको प्रसंग नै उललेख नगरी 'अवैधानिकरुपमा सञ्चालित भएको' आरोप लगायो। अवैधानिक हुनुको कारण भने खुलाइएन। यस्तो निर्देशनका विरुद्ध कर्नरले

दायर गरेको रिटउपरको फैसलामा जेठ २४ गते सर्वोच्च अदालतले कानुनको परिधिभित्र रहेर कर्नरलाई काम गर्न दिन सरकारका नाममा अन्तरिम आदेश जारी गऱ्यो। 'विधिवत् दर्ता भई सञ्चालन भएको संस्थालाई कानुनबमोजिम प्रक्रिया नअपनाई मन्त्रालयको एउटा शाखा अधिकृतको ठाडो पत्रबाट बन्द गर्ने कार्य भएकोमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिन्छ,' आदेशमा भनिएको छ।

यहाँसम्म कि प्रेसलाई नियन्त्रण गर्न सरकारद्वारा तयार गरिएको अध्यादेशसम्बन्धी समाचार प्रकाशन गरेवापत् नेपाल प्रेस काउन्सिलले कान्तिपुर र अन्नपूर्णपोष्ट दैनिकलाई पत्रसमेत पठायो। ०६२ जेठ ९ गते कान्तिपुर १० गते अन्नपूर्णपोष्टका सम्पादकलाई पत्र पठाई समाचार प्रकाशनबाट आचारसंहिता उल्लंघन भएको आरोप लगाउँदै प्रतिक्रिया व्यक्त गर्न भनिएको थियो। त्यसैगरी बुधबार साप्ताहिकका सम्पादक सूर्य थापालाई आठ पटकसम्म जिल्ला प्रशासन कार्यालयमा बयानका लागि बोलाउने र सो पत्रिकामा प्रकाशित समाचारका बारेमा सोधपुछ गरी हतोत्साही गर्ने प्रयास गरियो। यसअघि सम्पादकीय पृष्ठ खाली राखेको आरोपमा काठमाडौं जिल्ला प्रशासन कार्यालयले ०६१ फागुन १२ गते साप्ताहिक देशान्तर र विमर्शका सम्पादकद्वय क्रमशः कविर राणा र राजेन्द्रकुमार वैद्यसँग तथा त्यसको भोलिपल्ट साँघु साप्ताहिकका सम्पादक गोपाल बुढाथोकी, प्रकाश साप्ताहिकका कार्यकारी सम्पादक नवराज तिमल्सिना र हाँक साप्ताहिकका कार्यकारी सम्पादक शशिधर भण्डरीसँग बयान लिइएको थियो। साप्ताहिक जनमञ्चका प्रधानसम्पादक इन्द्र रिजाल र सम्पादक सुनील शर्मासँग फागुन २० गते पाँच घण्टा लामो बयान लिइएको थियो। त्यसैगरी समाचारकै विषयलाई लिएर चितवनका पत्रकारहरु नारायण शर्मा, प्रभाकर घिमिरे र खुमानसिंह तामाङसँग सुरक्षा निकायले चैतको अन्तिम साता बयान लिएको थियो। जेठ १८ गते ललितपुर जिल्ला प्रशासन कार्यालयले हिमाल खबरपत्रिकाका प्रकाशक कनकमणि दीक्षितसँग पनि बयान लिएको थियो। पत्रकार र मानवअधिकारकर्मी गरी तीन सयभन्दा बढीलाई गिरफ्तार गरियो।

वीरगञ्जबाट प्रसारण हुने वीरगञ्ज एफएम ९९० को स्टेशन उपकरण ट्रान्समिटर नै खोलेर अनुसन्धानका लागि भनी ०६१ फागुन २१ गते सैनिकहरुले कब्जा गरेका थिए।

खासगरी राजनीतिक पार्टी, नागरिक समाज र माघ १९ को विपक्षमा रहेकाहरुको बारेमा समाचार संकलनमा रोक लगाइएका घटना पनि प्रशस्त भए। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा लगाइएको रोक राजधानीभन्दा बाहिर अझ बढी भयावह छ। चैत २६ गते तनहुँका रवीन पौडेल, पोखराका फोटो पत्रकार कृष्णमणि बराल, शोभाकान्त सिग्देल, बाराका पत्रकारहरु काशीनाथ यादव र रवीन्द्र सिंह तथा उदयपुरका ईश्वर तामाङलगायत्माथि विरोध प्रदर्शनको समाचार संकलनका क्रममा सुरक्षाफौजले गरेको दुर्व्यवहारका घटनालाई पत्रकारहरुमाथि प्रत्यक्ष रुपमा भएका ज्यादतिको उदाहरणका रुपमा लिन सकिन्छ।

सञ्चार संस्थाहरुमाथि गरिएको नियन्त्रणका कारण खासगरी एफएमहरुमा कार्यरत एकहजारभन्दा बढी सञ्चारकर्मीहरुले माघ १९ यता आफ्नो रोज़गारी समेत गुमाउनु परेको तथ्य सार्वजनिक भइसकेको छ। त्यसैगरी स्थानीयस्तरबाट प्रकाशित हुने दर्जनौं पत्रिकाहरु अझै बन्द छन्।

सूचना-सञ्चारको अधिकार : अनिश्चितता कायमै

प्रेसमाथि अंकुश लगाइएबाट नागरिकको सूचनाको हक त कुण्ठित भयो नै, विभिन्न विदेशी टेलिभिजन च्यानलहरुमा रोक र मोबाइल फोनमा बन्देज लगाइएबाट सूचना प्रविधिको युगविपरीतको क्रियाकलाप भएको छ। शाही घोषणालगत्तै बन्द गरिएका दूरदर्शन,

स्टार न्यूज, एनडी टीभी, आजतकजस्ता भारतीय समाचार टेलिभिजन च्यानलहरुको नेपालमा प्रशारण लामो समयसम्म बन्द गरियो। तीमध्ये दूरदर्शनको प्रशारण ०६१ फागुन १५ गते र स्टार न्यूज, आजतक र एनडी टिभीको प्रशारण चार महिनापश्चात् ०६२ जेठ २८ गतेदेखि खोलिएको थियो। त्यसैगरी पोस्टपेड मोबाइल सेवाको ९० दिनको बन्देजपछि नेपाल टेलिकममा पुन: दर्तापश्चात् ०६२ वैशाख १९ गतेदेखि सुचारु गरियो। त्यसमा पनि सरकारले नागरिकको समानताको हक कुण्ठित गरिछाड्यो। विभिन्न मानवअधिकारकर्मी, पत्रकार, राजनीतिक कार्यकर्तालिगायत् करिब दश हजार जनाको पोष्टपेड मोबाइलमा केही दिनसम्म रोक लगाइएको थियो। अर्कातर्फ १ लाख ७५ हजारको संख्यामा रहेको प्रिपेड मोमाइल सेवा अझै खोलिएको छैन। यसबाट नागरिकको सञ्चारको हकमाथि गम्भीर प्रहार भएको छ र उक्त अधिकार सरकारको निगाहमा निर्भर रहने स्थिति उत्पन्न भएको छ। मोबाइल फोनमा लगाइएको बन्देजका कारण नेपाल टेलिकमले अर्बौंको नोक्सानी व्यहोर्नु परेको अवस्थाप्रति पनि पूरै बेवास्ता गरिएको देखिन्छ। यस्तो क्रियाकलापका विरुद्ध टेलिकमका कर्मचारीहरु स्वयम् नै आन्दोलनमा उत्रिएका थिए। कसले बन्द गर्न लगायो र किन खुलाउन सकिएको छैन भन्नेबारे सरकार, टेलिकम आदि कुनै पनि पक्षबाट सार्वजनिक जवाफ अझै आएको छैन। पोष्टपेड मोबाइलको नयाँ लाइन वितरणका लागि साढे पाँच महिना अर्थात् १ सय ६५ दिनपछि मात्र असार अन्तिममा अनुमति दिइएको छ।

एफएमहरुको लोकप्रियता बढिरहेको र स्थानीयस्तरमा तिनको प्रभावकारिता व्यापक बनिरहेको सन्दर्भमा त्यस्ता संस्थाहरुमाथि शाही घोषणापश्चात् बज्रपात भयो भन्दा अत्युक्ति नहोला। झण्डै ५० को संख्यामा रहेका त्यस्ता एफएम रेडियोहरुबाट सूचना एवम् समाचार प्रशारणमा पूर्ण प्रतिबन्ध लगाइयो। हजारभन्दा बढी पत्रकारहरु बेरोजगार हुन पुगे। अझ, सरकारी विज्ञापनहरु निजी माध्यमहरुलाई नदिने सरकारी व्यवहारका कारण एफएमहरु आर्थिकरुपले पनि कमजोर बन्न पुगे। जनतामा सहज र सुलभ ढंगले शीघ्र समाचार, सूचना प्रवाह गर्ने यस्ता रेडियोहरुको भूमिका कटौती गरिएबाट जनताको सूचनाको हक प्रत्यक्ष हनन हुन पुगेको छ। अझ, अन्य सञ्चार माध्यमहरुमा पहुँच नभएका स्थानीय जनताका लागि त सूचनाको श्रोत नै बन्द भएको छ। जनता वैकल्पिक श्रोत छनौटमा लाग्दाको सम्भाव्य परिणतिहरुलाई भने सरकारद्वारा पूर्णत: लत्याइएको छ।

त्यसैगरी केही सूचनामूलक वेबसाइटहरुमा पनि प्रतिबन्ध लगाइएको छ। पछिल्लो उदाहरणका रुपमा ०६२ असार १७ गते दुई सूचनामूलक नेपाली वेबसाइट बन्द गरेको घटनालाई लिन सकिन्छ। बन्द गरिएकामा अमेरिकाबाट सञ्चालित 'समुदाय डट ओआरजी' र भारतबाट सञ्चलित 'आईएनएसएन डट ओआरजी' छन्। राजदरबारका विरुद्ध सूचना प्रवाह गर्नुका साथै माओवादीहरुको मनोबल उकासेको सरकारी आरोप छ। यसअघि यस्तै आरोपमा अमेरिकाबाट सञ्चालित 'नेपालीपोष्ट डट कम' लगायत्का वेबसाइटहरु पनि नेपालमा बन्द गरिएका छन्।

बढ्दो गिरफ्तारी : बन्दीहरूको मुलुक

शाही कदमपछि नेपाल साँच्चिकै बन्दीहरुको मुलुक बन्न पुग्यो। दिनहुँ दर्जनौं राजनीतिक कार्यकर्ताहरु गिरफ्तार गरिए। मानवअधिकारकर्मीहरु र पत्रकारसमेत गिरफ्तारीमा परे। यसबीच करिब चार हजार राजनीतिक नेता तथा कार्यकर्ता, मानवअधिकार कार्यकर्ता, बुद्धिजीवी, कानुन व्यवसायी र सञ्चारकर्मीहरुलाई गिरफ्तार गरियो। हजारौंलाई गिरफ्तार गरेको अवस्थामा पनि सरकारले भने ज्यादै न्यून गिरफ्तारीको संख्या सार्वजनिक गरेको थियो।

घोषित बन्दीगृहमा संख्याभन्दा बढी बन्दीहरु मात्र राखिएन, नेपाल विद्युत प्राधिकरण, कृषि विकास बैंक, भन्सार आदि निकायका कार्यालयहरुमा समेत बन्दीहरु कोचियो। बन्दीगृहको अवस्था झनै कहालीलाग्दो थियो। जहाँ थुनिए पनि, त्यस्ता बन्दीगृहहरु न्यूनतम मानवीय मापदण्डविपरीतका थिए। त्यसमाथि न्यूनतम मानवीय सुविधाहरुबाट समेत बन्दीहरुलाई वञ्चित गरियो। खानेपानी, खाना, सुत्ने ठाउँ, चर्पी जस्ता आधारभूत कुराहरुमा पनि सरकारी अमानवीयता प्रदर्शित भएको पाइयो। बिरामी परेका बन्दीहरुको उपचारका लागि समेत कुनै चासो देखाइएन, एकाध अपवादहरुलाई छाडेर। लालबहादुर विश्वकर्मा, लिलामणि पोखरेल, अमिक शेरचन, नरहरि आचार्य, रामचन्द्र पौडेल, रामअयोध्याप्रसाद यादव, केशव सिंह, नन्दकुमार प्रसाईं, महेन्द्र कतिला, गगन थापा, दानबहादुर महर्जन, टिकाराम महर्जन, हरिशंकर मिश्र, महेन्द्र

राय, सुनिलकुमार झा, दीपनारायण साह, महेश्वरप्रसाद सिंह, रेवती भण्डारी, मनोजकुमार मेवाङ्बो, रामबहादुर बस्नेत, घनश्याम आचार्य, मुरारी सुवेदीलगायतका राजनीतिकर्मीहरु बन्दीगृहको दुरावस्था र उपयुक्त उपचारका अभावमा विरामी भए। सशस्त्र द्वन्द्वका क्रममा कब्जामा परेका विपक्षीहरुलाई समेत युद्ध बन्दीको रुपमा मानवीय व्यवहार गरिनुपर्ने अन्तर्राष्ट्रिय कानुनी प्रावधान रहिआएको छ। तर, शान्तिपूर्ण राजनीतिमा संलग्न भएका राजनीतिकर्मीहरुलाई स्वेच्छाचारी ढंगले गिरफ्तार गरी अघोषित बन्दीगृहमा राख्ने र न्यूनतम मानवीय सुविधा र व्यवहारबाट समेत वञ्चित गर्ने सरकारी निकायको नियंतले अमानवीयताको निकृष्ट उदाहरण देखिएको छ।

राजनीतिक पार्टीहरू विरुद्ध प्रतिशोध

राजनीतिक पार्टीका नेता-कार्यकर्ताहरुलाई गिरफ्तार गर्ने, नजरबन्दमा राख्ने र पार्टी गतिविधिहरुलाई घोषित रुपमा प्रतिबन्ध नलगाए पनि बन्देज लगाउने कार्यबाट राजनीतिक पार्टीहरुविरुद्ध सरकारी प्रतिशोध छर्लङ्ग हुन्छ। संकटकालीन अवधि सकिएको केहीपछिसम्म त्यस्तो अवस्था रह्यो। त्यसपछि खासगरी राजधानीको मध्यभागलाई निषेधित क्षेत्र घोषणा गर्ने र जुलुसहरुमा प्रहरी हस्तक्षेप गर्ने कार्यवाट राजनीतिक पार्टीका सार्वजनिक गतिविधिमा नियन्त्रण गरिएको देखिन्छ।

पछिल्लो अवधिमा आएर सरकारका वरिष्ठ व्यक्तिहरु संसदवादी राजनीतिक पार्टीहरुप्रति निकै आक्रामक शैलीमा सार्वजनिक भएका छन्। खासगरी माओवादीसँगको कार्यगत एकता वा समझदारीका आधारहरु पहिल्याउनुपर्ने र उनीहरुलाई शान्तिपूर्ण राजनीतिक धारमा ल्याउने प्रयत्न हुनुपर्ने तथा त्यसका लागि राजनीतिक पार्टीहरु स्वयम्ले उनीहरुसँग वार्ता प्रकृया अगाडि बढाउनुपर्ने तर्कहरुले सार्वजनिक बहसको रुप लिन शुरु गरेपछि पार्टीहरुप्रतिको आक्रोश बढेको देखिन्छ। ०६२ असार ६ गते सूचना तथा संचार मन्त्री एवम् वर्तमान सरकारका प्रवक्ता टंक ढकालले राजधानीमा आयोजित पत्रकार सम्मेलनमा 'दलहरुलाई पनि माओवादीजस्तै व्यवहार गर्ने' धम्की दिएका थिए। माओवादी अध्यक्ष प्रचण्डले सात दलको आन्दोलनलाई समर्थन गर्दै वक्तव्य जारी गरेको भोलिपल्ट सरकारले उक्त प्रतिक्रिया दिएको हो। त्यसपछिका सरकारी अभिव्यक्तिहरु अझ कडा भएका छन्। पूर्व सैनिक जनरल सत्चितशमशेर राणाले त राजनीतिक दलहरुलाई 'अराष्ट्रिय तत्व' घोषणा गर्नुपर्ने भनाई सार्वजनिक गर्दै आएका छन्। यो प्रवृत्तिले देशको भावी राजनीतिलाई कुन दिशातर्फ डोहोऱ्याउने हो, यसै भन्न नसकिने अवस्था उत्पन्न भएको छ। त्रिपक्षीय द्वन्द्वको शान्तिपूर्ण अवतरणको जनचाहनालाई तिरस्कार गरेर निरंकुशता लादिरहने, प्रजातान्त्रिक सम्भावनाहरुलाई बन्द गरिदिने र शान्तिका पक्षधरहरुलाई आतंककारीकै सूचीमा राखिनुपर्ने तर्क गरिनुले अहिलेको सरकारले मुलुकलाई कुन भयावहतर्फ धकेल्न खोजेको हो ? चिन्ताको विषय बनेको छ।

देशमा बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र र मानवअधिकारका एजेण्डाहरु अहिलेका प्राथमिकता हुन्। तर तिनका सम्भावनाहरुमा बन्देज लगाएर अनुदारवादी सत्तालाई निरन्तरता दिनुले देशको राजनीतिक समिकरणलाई प्रभावित गर्ने सम्भावनालाई पनि नकार्न सकिँदैन। यसको स्वरुप भने अझै स्पष्ट छैन।

बन्दी भेटघाटमा रोक

आफ्ना परिवार, नातेदार र साथीहरुसँग भेटघाट गर्न पाउनु बन्दीहरुको आधारभूत अधिकार हो। अझ राजबन्दीहरुलाई त यस्ता अवसरहरु सहजतासाथ प्रदान गरिनुपर्दछ। तर, माघ १९ यता थुनामा राखिएका राजनीतिक कार्यकर्ता र मानवअधिकार रक्षकहरुलाई भेटघाटबाट वञ्चित गरियो। इन्सेकको अभिलेख अनुसार, बन्दी भेटघाटमा रोक लगाइएका ४८ वटा घटनाहरु भए। यहाँसम्म कि वर्तमान संविधान निर्माता, पूर्व प्रधानमन्त्री, पूर्व न्यायाधीशहरु र मानवअधिकारकर्मीहरुलाई समेत यस्तो भेटघाट गर्न दिइएन। प्राय: सबै घटनामा सुरक्षाकर्मीको एउटै 'रेडिमेड' उत्तर थियो- "माथिबाट आदेश आएको छैन।" तर, त्यस्तो आदेश कसबाट र कुन प्रकृयामार्फत् आउनु पर्ने हो भन्ने उत्तर कसैसँग पनि थिएन।

बन्दीहरूसँग भेटघाटमा रोक लगाइएकाहरू

क्र.सं./भेट्न गएका व्यक्ति/मिति/भेट्नुपर्ने व्यक्ति/स्थान, जिल्ला

१. विमलेन्द्र निधि र अन्य/जेठ १६/शेरबहादुर देउवा/काठमाडौं
२. यामराज शर्मा/जेठ १०/टेकेन्द्र बस्नेत र अन्य/सुर्खेत
३. कुन्दन अर्याल र दीपेन नेउपाने/जेठ ३/ईश्वर पोखरेल र अन्य/सप्तरी
४. कृष्णप्रसाद भट्टराई/जेठ १/प्रकाशमान सिंह/काठमाडौं
५. रा.मा.आ. र सं. रा. संघीय प्रतिनिधि/वैशाख ३०/रुपनारायण श्रेष्ठ र अन्य/काठमाडौं
६. गोपालमान श्रेष्ठ र अन्य/वैशाख २९/राजबन्दीहरु/भक्तपुर
७. गोपालमान श्रेष्ठ र अन्य/वैशाख २७/शेरबहादुर देउवा/काठमाडौं
८. गोपालमान श्रेष्ठ र अन्य/वैशाख २७/बालकृष्ण खाँण र दीपकुमार उपाध्याय/महाराजगञ्ज, काठमाडौं
९. माधवकुमार नेपाल, केपी ओली र अन्य/वैशाख २६/राजबन्दीहरु/दुवाकोट, भक्तपुर
१०. माधवकुमार नेपाल, केपी ओली र अन्य/वैशाख २६/राजबन्दीहरु /बोडे, भक्तपुर
११. माधवकुमार नेपाल, केपी ओली र अन्य/वैशाख २६/राजबन्दीहरु /खरिबाटी, भक्तपुर
१२. गिरिजाप्रसाद कोइराला/वैशाख २६/रामचन्द्र पौडेल/गण्डकी अञ्चल अस्पता, पोखरा, कास्की
१३. गिरिजाप्रसाद कोइराला/वैशाख २६/शुक्रराज शर्मा र अन्य/पोखरा, कास्की
१४. माधवकुमार नेपाल र अन्य/वैशाख २०/शेरबहादुर देउवा/महाराजगञ्ज, काठमाडौं
१५. माधवकुमार नेपाल र अन्य/वैशाख २०/वामदेव गौतम/महाराजगञ्ज, काठमाडौं
१६. रा.मा.आयोगका प्रतिनिधिहरु/वैशाख १३/राजबन्दीहरु/महाराजगञ्ज, काठमाडौं
१७. भरतमोहन अधिकारी/वैशाख १०/माधवकुमार नेपाल/कोटेश्वर, काठमाडौं
१८. मानवअधिकारकर्मीहरु (वासु देवकोटा, युवराज काफ्लेसहित ६ जना)/वैशाख ३/माधवकुमार नेपाल/कोटेश्वर, काठमाडौं
१९. मानवअधिकारकर्मीहरु (वासु देवकोटा, युवराज काफ्लेसहित ६ जना)/वैशाख ३/अमिक शेरचन -र लिलामणि पोखरेल/महाराजगञ्ज, काठमाडौं
२०. मानवअधिकारकर्मीहरु (वासु देवकोटा, युवराज काफ्लेसहित ६ जना)/वैशाख ३/नरहरि आचार्य र अन्य/दुवाकोट, भक्तपुर
२१. मानवअधिकारकर्मीहरु (वासु देवकोटा, युवराज काफ्लेसहित ६ जना)/वैशाख ३/अर्जुननरसिंह केसी/जिप्रका, ललितपुर
२२. मानवअधिकारकर्मीहरु (वासु देवकोटा, युवराज काफ्लेसहित ६ जना)/वैशाख ३/कृष्ण पहाडी/नक्साल, ललितपुर
२३. नीलकण्ठ खनाल/वैशाख १/गगनसिंह सुनार र अन्य/जिप्रका, सुर्खेत
२४. शेरबहादुर देउवा/चैत ३०/विमलेन्द्र निधि/नक्साल, काठमाडौं
२५. शेरबहादुर देउवा/चैत ३०/वामदेव गौतम र बालकृष्ण खाँण/महाराजगञ्ज, काठमाडौं
२६. शेरबहादुर देउवा/चैत २९/भरतमोहन अधिकारी/कलंकी, काठमाडौं
२७. सुबोधराज प्याकुरेल/चैत २८/माधवकुमार नेपाल/कोटेश्वर, काठमाडौं
२८. प्रा. सुशील झा र अन्य/चैत २७/अशोक कोइराला, आमोद प्र. उपाध्याय र अन्य/जिप्रका, मोरङ
२९. प्रा. खगेन्द्र भट्टराई र अन्य/चैत २७/प्रा.डा. भुपति ढकाल (कमल)/बोडे, भक्तपुर
३०. कपिल श्रेष्ठ/चैत २७/बन्दीहरु/वडा प्रहरी कार्यालय, वानेश्वर, काठमाडौं
३१. दुर्गा थापा र यादव बाँस्तोला/चैत २६/यामलाल कँडेल र अन्य/जिप्रका, सुर्खेत
३२. काशीनाथ अधिकारी र अन्य/चैत २३/वीरबहादुर सिंह, लालबहादुर विक र अन्य/जावलाखेल, ललितपुर
३३. शेरबहादुर देउवा र डा. प्रकाशशरण महत/चैत २२/माधवकुमार नेपाल/कोटेश्वर, काठमाडौं
३४. शेरबहादुर देउवा र डा. प्रकाशशरण महत/चैत २२/राजबन्दीहरु/जावलाखेल, ललितपुर
३५. शिवचन्द्र मिश्र र अन्य/चैत १८/राजबन्दीहरु/जिप्रका, सप्तरी

३६. मेकातो तेरानाका र सिना पोल्सान/चैत १५/राजबन्दीहरु/पोखरा, कास्की

३७. भुपति ढकाल र अन्य/चैत १२/अमिक शेरचन र अन्य/महाराजगञ्ज, काठमाडौं

३८. भुपति ढकाल र अन्य/चैत १२/माधवकुमार नेपाल/कोटेश्वर, काठमाडौं

३९. भुपति ढकाल र अन्य/चैत १२/गिरिजाप्रसाद कोइराला/महाराजगञ्ज, काठमाडौं

४०. विश्वनाथ उपाध्याय, दमननाथ गुंगाना, लक्ष्मणप्रसाद अर्याल, निलाम्बर आचार्य, डा. देवेन्द्रराज पाण्डे र वीरेन्द्रप्रसाद मिश्र/चैत ५/माधवकुमार नेपाल/कोटेश्वर, काठमाडौं

४१. विश्वनाथ उपाध्याय, दमननाथ गुंगाना, लक्ष्मणप्रसाद अर्याल, निलाम्बर आचार्य, डा. देवेन्द्रराज पाण्डे र वीरेन्द्रप्रसाद मिश्र/चैत ५/गिरिजाप्रसाद कोइराला/महाराजगञ्ज, काठमाडौं

४२. जेम्स एफ. मोरियार्टी/फागुन १७/गिरिजाप्रसाद कोइराला/महाराजगञ्ज, काठमाडौं

४३. बसन्त गौतम र राजेश निरौला/फागुन १०/सुशील कोइराला र अन्य/जिप्रका, बांके

४४. वीरबहादुर बुढा मगर र सरिता ज्ञवाली/फागुन २/सुशील कोइराला र अन्य/जिप्रका, बांके

४५. जेम्स एफ. मोरियार्टी/माघ १९ भन्दा केही दिनपछि/गिरिजाप्रसाद कोइराला/महाराजगञ्ज, काठमाडौं

४६. शिवशंकर मुखर्जी/माघ १९ भन्दा केही दिनपछि/गिरिजाप्रसाद कोइराला/महाराजगञ्ज, काठमाडौं

४७. केइथ जर्ज ब्लुमफिल्ड/माघ १९ भन्दा केही दिनपछि/गिरिजाप्रसाद कोइराला/महाराजगञ्ज, काठमाडौं

४८. शारदा शर्मा/माघ २८/नरहरि आचार्य/ककनी, नुवाकोट

(नोट: यसबाहेक काठमाडौंस्थित विभिन्न विदेशी राजदूतहरुले नेकांका गिरिजाप्रसाद कोइराला र नेकपा-एमालेका माधवकुमार नेपालसंग भेट गर्न प्रयास गर्नुभएकोमा रोक लगाइएको थियो। त्यसैगरी विभिन्न राजनीतिक नेता तथा कार्यकर्ता, मानवअधिकारकर्मी, पत्रकार र परिवारका सदस्यहरुले पनि विभिन्न स्थानमा राखिएका राजनीतिक कार्यकर्ता एवम् मानवअधिकार रक्षकहरुलाई भेट्ने प्रयास गर्दा रोक लगाइएको थियो। तर त्यस्ता कैयन् घटनाहरु सार्वजनिक हुन सकेनन्।)

पुन: गिरफ्तारीको श्रृंखला र अदालतको अवहेलना

अदालतको अवहेलना माघ १९ पछि नियमित प्रकृया नै बनिसकेको छ भन्दा अत्युक्ति नहोला। यस्तो अवहेलना कानुनी शासनको क्षयीकरणको ठोस प्रमाण हो। सर्वोच्च अदालतले रिहाईको आदेश दिएका व्यक्तिलाई अदालत परिसरबाटै हुलहुज्जत गरी कानुन व्यवसायी, मानवअधिकारकर्मी र पत्रकारहरुकै बीचबाट सादा पोशाकका प्रहरीले गिरफ्तार गर्नु, गृहमन्त्रीले 'अदालतले पुन: गिरफ्तार नगर्न आदेश दिएको छैन' भन्नेजस्तो गैरजिम्मेवारपूर्ण धारणा सार्वजनिक गर्नु र पटक-पटक अदालतका आदेशहरु लत्याइनुले कानुनी राजको मान्यताको उपहास भएको छ। शाही घोषणायतामात्र ३४ जना व्यक्तिलाई अदालतले 'रिहा गर्ने आदेशपश्चात् पुन: गिरफ्तार गरियो, जसमध्ये १४ जनाको मुद्दामा सर्वोच्च अदालतले नै रिहाईको आदेश दिएको थियो। पुन: गिरफ्तारीका यस्ता घटनामा पीडित हुनेहरुमध्ये १९ जना पुनरावेदन अदालत र १ जना जिल्ला अदालतको आदेशमा रिहा गरिएका थिए। तर, त्यस्तो रिहाईको कुनै अर्थ रहेन। अदालत वा जिल्ला प्रहरी कार्यालय परिसरबाटै पुन: गिरफ्तार गरिनु, त्यस्ता कार्यमा सादा पोशाकका सुरक्षाकर्मीहरुको व्यापक प्रयोग गरिनु र अदालती आदेशको मानमर्दन गर्दै सार्वजनिक अभिव्यक्तिहरु दिनुले वर्तमान सरकार नागरिक अधिकार हननका लागि जुनसुकै कदम चाल्न पनि पछि नपर्ने स्तरमा ओर्लिएको स्पष्ट हुन्छ। संकटकालको अन्त्य घोषणापश्चात् यो प्रवृत्ति अझ बढ्न पुगेको देखिन्छ। पैसठ्ठी प्रतिशत अर्थात् २२ वटा यस्ता घटनाहरु संकटकाल सकिएपछि भएका छन्।

यस्ता क्रियाकलापहरु केवल नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ विपरीतमात्र नभई मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ९ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा ९ को बर्खिलापमा छन्। यसका अलावा संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको ६० औं बैठकका अवसरमा नेपाल सरकारले ०६० चैत १३ मा सार्वजनिक गरेको "मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको कार्यान्वयन" सम्बन्धी २५ बुँदे प्रतिबद्धताको बुँदा ३ देखि ११ मा गरिएका व्यवस्थाहरु एवम् ०६२ वैशाख ७ गते राष्ट्रसंघीय मानवअधिकार आयोगको ६१ औं बैठकले पारित गरेको नेपालसम्बन्धी कार्यसूची प्रकार १९ का मान्यताहरुको समेत यस्ता क्रियाकलापबाट उल्लंघन भएको छ।

पुन: गिरफ्तारीमा परेका राजेन्द्र राई

अदालतको आदेशविपरीत पुनः गिरफ्तार गरिएकाहरू

१. निशान विक, कास्की (०६२ साउन ९)
२. गोविन्द घिमिरे, काठमाडौं (०६२ असार ८)
३. नवराज सुवेदी, काठमाडौं (०६२ असार १)
४. पदम सार्की, कञ्चनपुर (०६२ असार १)
५. टेकबहादुर सार्की, कञ्चनपुर (०६२ असार १)
६. तक्तबहादुर गिरी, कञ्चनपुर (०६२ असार १)
७. गगनसिंह कुवँर, कञ्चनपुर (०६२ असार १)
८. वीरमान सार्की, कञ्चनपुर (०६२ असार १)
९. वीरबहादुर कार्की, कञ्चनपुर (०६२ असार १)
१०. धौले बोहोरा, कञ्चनपुर (०६२ असार १)
११. पदम बुढा, कञ्चनपुर (०६२ असार १)
१२. बलबहादुर डाँगी, कञ्चनपुर (०६२ असार १)
१३. उज्ज्वलसिंह धामी, कञ्चनपुर (०६२ असार १)
१४. प्रेमबहादुर वली, कञ्चनपुर (०६२ असार १)
१५. मानबहादुर विष्ट, कञ्चनपुर (०६२ असार १)
१६. कर्णबहादुर मगर, काठमाडौं (०६२ जेठ २५)
१७. बब्लु तामाङ, काठमाडौं (०६२ जेठ १९)
१८. ईश्वर पोखरेल, सप्तरी (०६२ जेठ १३)
१९. राजेन्द्र राई, काठमाडौं (०६२ जेठ २)
२०. कृष्ण रावत, बाँके (०६२ वैशाख २८)
२१. गगनकुमार थापा, काठमाडौं (०६२ वैशाख २२)
२२. जयप्रकाशप्रसाद गुप्ता, ललितपुर (०६२ वैशाख २२)
२३. चिरञ्जीवीनिधि तिवारी, भक्तपुर (०६२ वैशाख १६)
२४. चन्द्र भण्डारी, भक्तपुर (०६२ वैशाख १४)
२५. राजन राई, काठमाडौं (०६२ वैशाख १४)
२६. प्रदीप पौडेल, भक्तपुर (०६२ वैशाख १३)
२७. रेखा चौधरी, बाँके (०६२ वैशाख ११)
२८. राजेन्द्र लोनिया, बाँके (०६२ वैशाख ८)
२९. ठाकुर गैरे, काठमाडौं (०६२ वैशाख ७)
३०. रामकृष्ण बुढा, बाँके (०६२ वैशाख ७)
३१. भलाकाजी तामाङ, काठमाडौं (०६१ चैत १८)
३२. निर्जनी चौधरी, बाँके (०६१ चैत १२)
३३. लोकप्रसाद पन्त, सुर्खेत (०६१ फागुन २६)
३४. गौरी प्रधान, काठमाडौं (०६१ फागुन १७)

जहाँ हिँडडुल गर्न समेत पाइँदैन

स्वतन्त्र र शान्तिपूर्वक हिँडडुल गर्न पाउने नागरिकको आधारभूत, नैसर्गिक अधिकार हो तर अहिले यस्तो अधिकारसमेत बन्देज गरिएका प्रशस्त उदाहरणहरु छन्। राजनीतिकर्मी, मानवअधिकारकर्मी, कानुन व्यवसायी र सञ्चारकर्मीहरुमाथि लगाइएको यस्तो बन्देजले देशमा मानवअधिकारको प्रत्याभूति कुन तह र स्वरुपमा छ भन्ने आँकलन गर्न सकिन्छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फर्काइएकाहरू

१. झलनाथ खनाल, नेकपा (एमाले), ०६२ वैशाख ३१ र जेठ १९
२. नवराज सुवेदी, जनमोर्चा नेपाल, ०६२ वैशाख ३१ (पक्राउ)
३. चिललेखा यादव, नेकाँ (प्रजातान्त्रिक), ०६२ वैशाख ३१, वैशाख २५, ०६१ फागुन १८ र माघ २१
४. गोपालमान श्रेष्ठ, नेकाँ (प्र.), ०६२ वैशाख ३१ र ०६१ माघ २१
५. प्रदीप नेपाल, नेकपा (एमाले), ०६२ वैशाख ३१
६. सीपी मैनाली, नेकपा (माले), ०६२ वैशाख ३१
७. दिलेन्द्रप्रसाद बडु, नेकाँ, ०६२ वैशाख ३१
८. विनयध्वज चन्द, नेकाँ, ०६२ वैशाख ३१
९. रामचन्द्र राय, राप्रपा, ०६२ वैशाख ३१
१०. विष्णु निष्ठुरी, नेपाल पत्रकार महासंघ, ०६२ वैशाख ३१
११. महेन्द्र विष्ट, नेपाल पत्रकार महासंघ, ०६२ वैशाख ३१
१२. डा. नारायण खड्का, ०६२ वैशाख २७
१३. उर्मिला अर्याल, नेकपा (एमाले), ०६२ वेशाख २५
१४. सृजना पोखरेल शिवाकोटी, पपुलेशन वाच, ०६२ वैशाख २५
१५. सुरेन्द्रप्रसाद चौधरी, नेकाँ, ०६२ वैशाख २५
१६. कनकमणि दीक्षित, ०६२ वैशाख २४
१७. लीला कोइराला, नेकाँ, ०६२ वैशाख २४
१८. हरिभक्त अधिकारी, नेकाँ, ०६२ वैशाख १६
१९. हरिहर दाहाल, नेपाल बार एशोसिएसन, ०६२ वैशाख १०
२०. दीलिप राई, राप्रपा, ०६२ वैशाख १०
२१. लक्ष्मणप्रसाद अर्याल, पूर्व न्यायाधीश (सर्वोच्च अदालत), ०६२ वैशाख ९ र ०६१ फागुन १०
२२. शम्भु थापा, नेपाल बार एशोसिएसन, ०६२ वैशाख ९
२३. भिमार्जुन आचार्य, संवैधानिक कानुन व्यवसायी मञ्च, ०६२ वैशाख ९
२४. दमननाथ ढुंगाना, पूर्व सभामुख, ०६२ वैशाख १ र ०६१ फागुन २७
२५. प्रा. लोकराज बराल, त्रिभुवन विश्वविद्यालय, ०६१ चैत २८ र चैत १२

२६. प्रदीप ज्ञवाली, नेकपा (एमाले), ०६१ चैत २३
२७. खेमराज पण्डित, राप्रपा, ०६१ चैत २३
२८. डा. मिनेन्द्र रिजाल, नेकाँ (प्रजातान्त्रिक), ०६१ चैत २३
२९. प्रा. कृष्ण खनाल, त्रिभुवन विश्वविद्यालय, ०६१ चैत १२
३०. कृष्ण हाछेथु, त्रिभुवन विश्वविद्यालय, ०६१ चैत १२
३१. ठाकुरप्रसाद शर्मा, राप्रपा, ०६१ चैत ६ (थानकोट चेकपोष्टबाट)
३२. सुशील प्याकुरेल, राष्ट्रिय मानव अधिकार आयोग, ०६१ फागुन २२
३३. एनपी साउद, नेकाँ (प्रजातान्त्रिक), ०६१ फागुन १८
३४. श्रीमाया थकाली, नेकपा (एमाले), ०६१ फागुन १८
३५. सुबोधराज प्याकुरेल, इन्सेक, ०६१ फागुन १५
३६. शशी श्रेष्ठ, जनमोर्चा नेपाल, ०६१ फागुन १४
३७. डा. ओम गुरुङ, जनजाति प्रतिष्ठान, ०६१ फागुन १२
३८. हेमन्तबहादुर विसी, नेकपा (संयुक्त), ०६१ फागुन ८
३९. कपिल श्रेष्ठ, राष्ट्रिय मानव अधिकार आयोग, ०६१ माघ २५
४०. सागरशमसेर राणा, नेकाँ (प्रजातान्त्रिक), ०६१ माघ अन्तिम साता

०६२ वैशाख ३१ गते सबैभन्दा बढी अर्थात् ११ जनालाई विमानस्थलबाट फर्काइएको थियो। सर्वोच्च अदालतका पूर्व न्यायाधीश लक्ष्मणप्रसाद अर्याल, नेपाल बार एशोसिएसनका अध्यक्ष शम्भु थापा र संवैधानिक कानुन व्यवसायी भिमार्जुन आचार्यलाई विमानभित्र चढिसकेर विमान उड्नै लाग्दा अकस्मात विमान रोकी जबर्जस्ती बाहिर निकाली फिर्ता पठाइएको थियो। उपसभामुख चित्रलेखा यादव सबैभन्दा बढी अर्थात् चार पटक विमानस्थलबाट फर्काइनुभएको थियो।

नागरिक प्रशासनको ध्वंस

राजाबाट ०६१ फागुन ५ गते भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठन गरियो, जसबाट विद्यमान संवैधानिक संस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारमा समेत प्रत्यक्ष असर पुऱ्याउने कार्य भयो। अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचारको छानबिन गर्ने एउटा संवैधानिक निकाय हो, जसले अगाडि बढाएका मुद्दाहरु विशेष अदालतमा दर्ता गरिन्छ र अदालतको फैसलाका आधारमा कारवाही प्रकृया अगाडि बढाइन्छ। तर, शाही आयोगलाई अभियोग लगाउने, छानबिन गर्ने र फैसला गरी दण्डसजाय तोक्नेसमेत अधिकार दिइएको छ, जसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवम् अदालत दुवैको भूमिका दिइएको छ, जो आफैमा विवादास्पद छ। कहिँ नभएको जात्रा हाँडिगाउँमा भनेझैं प्रहरी, अख्तियार र अदालत सबै क्षेत्रको अधिकार प्रयोग गर्न पाउने र सर्वोच्च अदालतका न्यायाधीशसमेतमाथि कारवाही गर्नसक्ने आयोग शाही घोषणामार्फत् भएको छ, जसको कुनै संवैधानिक आधार नै छैन। आयोग गठन प्रकृया नै अवैधानिक भएको संविधानविद्हरुको राय छ। संकटकालको घोषणाका निम्ति प्रयोग गरिने नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५(७) अन्तर्गत गठन गरिएको आयोग संकटकालको समाप्तिसँगै स्वत: विघटन हुनुपर्ने थियो। तर धारा १२७ मार्फत् निरन्तरता दिइयो। राजनीतिक दलहरुका नेता-कार्यकर्तालाई बदनाम गर्ने मूल उद्देश्यका साथ गठन भएको भनी आयोगको चौतर्फी विरोध भएको छ र यसको शीघ्र विघटनको माग राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरबाट उठेको छ।

विगतमा निजामति कर्मचारीहरुमध्येबाट क्षेत्रीय प्रशासक नियुक्त गर्ने व्यवस्था र प्रचलन थियो। तर, शाही घोषणापश्चात् देशका पाँचवटै क्षेत्रीय प्रशासकहरुमा राजनीतिक नियुक्ति गरियो। यसका अलावा पञ्चायती कालमाजस्तै अञ्चलाधीशको छनक दिनेगरी अञ्चल प्रशासक नियुक्त गरियो। संविधानमा कुनै व्यवस्था नै नभएका यस्ता संरचनाहरुको प्रादुर्भाव गरिनुले हुकुमी शासन प्रतिविम्बित भएको टिप्पणी गरिएको छ।

यसका अलावा, माघ १९ यता गरिएको सचिवहरुको सरुवा-बढुवा, निजामति प्रशासन ऐनको संशोधन, सिडिओहरुको सरुवा र राजदुतहरुमा नियुक्तिका विषयसमेत विवादास्पद रहे।

सात जना सचिवलाई अतिरिक्त समूहमा पठाएर जिम्मेवारीविहीन बनाइयो। यहाँसम्म कि अतिरिक्त समूहमा राखिएका सचिव दिनेशचन्द्र प्याकुर्यालले ०६२ जेठ २६ गते आत्महत्या गर्नुका कारणहरुमध्ये सरकारको यस्तो रवैयालाई पनि एउटा मानिएका समाचारहरु सार्वजनिक भए। अतिरिक्त समूहमा गएपछि उनी निकै हतास र विछिप्त रहेको उनका नजदिकीहरुले नै बताए। यसबाट उच्च ओहोदाका अधिकारीहरुलाई सरकारी क्रियाकलापले हतोत्साही बनाएको स्पष्ट हुन्छ। यस्ता अधिकारीहरुबाट राज्यसञ्चालनको लागि अधिकतम पेशागत फाइदा राज्यले लिनुपर्ने हो तर व्यक्तिगत स्वाभिमानमा समेत असर पर्ने गरी चालिएका कदमका कारण नेपालको कर्मचारी प्रशासन अझ धुमिल हुने देखिन्छ।

सिडिओ सरुवामा पनि अपारदर्शिता र अवैज्ञानिक परिपाटी हावी भएको स्पष्ट हुन्छ। विभिन्न मन्त्रालयमा कार्यरत तथा सम्बन्धित क्षेत्रमा विशिष्टता हासिल गरेका सहसचिवहरुलाई जिल्लामा सिडिओ बनाएर पठाइएको तथा कामको विशिष्टीकरण एवम् कर्मचारीहरुको उपयुक्त स्थानान्तरण हुन नसकेको आलोचनाले ठाउँ पाएको छ। सरकारले वैशाख २१ गते ५२ जना सिडिओ सरुवा गरिएको निर्णय सार्वजनिक गरेको थियो।

यसबाहेक विभिन्न देशका लागि राजदुत नियुक्तिमा पनि वर्तमान सरकारले पूर्व सैनिकहरुलाई नै प्राथमिकताको पहिलो सूचीमा राख्नुले नागरिक प्रशासनमाथि प्रश्नचिन्ह लागेको टिप्पणी सार्वजनिक भएका छन्। फ्रान्सका लागि पूर्वप्रधानसेनापति प्रज्ज्वलशमशेर जबरा, संयुक्त राष्ट्रसंघका लागि पूर्वजनरल कृष्णनारायणसिंह थापा, थाइल्याण्डका लागि पूर्वजनरल ताराबहादुर थापा र म्यानमारका लागि पूर्वजनरल भिक्ट्रीशमशेर राणाको नियुक्ति गरिएको छ।

पछिल्लो अवधिमा आएर निजामती सेवा ऐनलाई अध्यादेशमार्फत् गरिएको दोस्रो संशोधनले

अपिल

निजामती सेवा ऐन, २०४९ लाई श्री ५ को सरकारले अध्यादेश मार्फत दोस्रो संशोधन गरेको छ। अध्यादेशको कम मात्रामा विरोधमा होस भन्नाका लागि योगदानमूलक धीमा, प्रत्येक वर्ष तलबको पुनरावलोकन जस्ता केही गुराहरू यसले समावेश गरेको छ। तर समग्रमा यस अध्यादेशले प्रशासनलाई पंगु बनाउने कुराहरूलाई प्रमुखताका साथ अगाडि सारेको छ। तसर्थ अध्यादेशको विरोधमा हामी सबै पेशाकर्मीहरू गोलबन्द हुनु र निजामती प्रशासनको रक्षा गर्नु हामी सबैको कर्तव्य बनेको छ। देशको निजामती प्रशासन सबैको सरोकारको विषय भएको हुँदा सबै पेशा, व्यवसाय र समुदाय समक्ष यो अप्रजातान्त्रिक, निरङ्कुश र घोर अन्यायपूर्ण विधेयकको विरोधमा उठन संगठन हार्दिक अपिल गर्दछ।

विरोध किन ?

- यो अध्यादेशले UNO को विश्वव्यापी मानव अधिकार घोषणा पत्र, ILO का अभिसन्धिहरू तथा नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेको कर्मचारीको संगठित स्वतन्त्रतामाथि धावा बोलेको छ। निजामती कर्मचारीको पेशागत संगठनकोरुपमा क्रियाशील नेपाल निजामती कर्मचारी संगठनलाई खारेज गर्ने मान्यता अगाडि सारेको छ।
- कर्मचारीको सामुहिक आवाजलाई निस्तेज बनाई आम कर्मचारीलाई दास बनाउने मनसार्य राखेको छ।
- उच्च प्रशासकलाई अनन्तकालसम्म अतिरिक्त समुहमा राख्न सक्ने व्यवस्था गरी प्रशासनिक नेतृत्वलाई पंगु बनाई प्रशासन ऐन कानुन अनुसार चल्ने होइन आदेश तामेल गर्ने भाटहरूको जमात बनाउने कुरा अगाडि सारेको छ। यसको प्रतिफल भ्रष्टाचार व्यापकरुपमा बढ्ने निश्चित छ।
- अध्यादेशले निजामती सेवामा महिला, दलित, जनजाति, पिछडिएको वर्ग आदिको स्पष्ट समावेशीकरणको नीतिलाई कार्यान्वयन नहुने गरी गोलमटोल बनाएको छ।
- निजामती प्रशासनभित्र सामाजिक सुरक्षाविहिन करारमा कर्मचारी नियुक्ति गरी 'नवदास' जन्माउने कुरा अध्यादेशले अगाडि सारेको छ।
- राजनीतिक सहमति र पेशागत संगठनको सहभागीताबीना आएको यो अध्यादेशले निरन्तरता पाउने सम्भावना छैन। यसले निजामती प्रशासनलाई अस्थिर र कमजोर बनाउने छ।

धन्यवाद !

२०६२/४/५, काठमाडौं

नेपाल निजामती कर्मचारी संगठन
केन्द्रीय कार्य समिति

स्वयम् कर्मचारीहरुलाई समेत आन्दोलित बनाएको छ। सरकारले ०६२ असार ३० गते जारी गरेको उक्त अध्यादेशबाट कर्मचारी संगठनको खारेजी, उच्च प्रशासकहरुलाई लामो समयसम्म विना कुनै जिम्मेवारी जगेडामा लैजान र चाहेजति दरवन्द थप्नसक्ने, निजामति सेवामा महिला, दलित तथा पिछडिएका वर्गको कोटा व्यवस्था खारेजी, कर्मचारीहरुको सामाजिक सुरक्षामा कटौतीजस्ता प्रावधान राखिएको भन्दै कर्मचारी संगठनहरुले सडक संघर्ष नै गरेका छन्। यो अध्यादेशले 'संयुक्त राष्ट्रसंघद्वारा पारित मानवअधिकारको विश्वव्यापी घोषणापत्र, आईएलओका अभिसन्धिहरु तथा नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेको कर्मचारीको संगठित स्वतन्त्रतामाथि धावा बोलेको र निजामति कर्मचारीको पेशागत संगठनको रुपमा क्रियाशील नेपाल निजामति कर्मचारी संगठनलाई खारेज गर्ने मान्यता अगाडि सारेको' भन्दै कर्मचारीहरु आन्दोलित भएका हुन्।

यसबाहेक विभिन्न जिल्ला विकास समितिहरुमा स्वेच्छाचारी ढंगले राजनीतिक नियुक्ति गरिएको छ। सरकारले जेठ अन्तिममा २५ जिल्लामा सभापति र उपसभापति मनोनयन गऱ्यो। तर, गुल्मीका सभापति, खोटाङका उपसभापतिलगायत् केहीले उक्त पद अस्वीकार गरिसकेका छन्। यसले स्थानीय तहमा वर्तमान सरकारका समर्थकहरुलाई नियुक्त गर्ने र एकपक्षीय ढंगले स्थानीय र केन्द्रीय सत्ता सञ्चालन गर्ने प्रयत्न भएको देखिन्छ।

अध्यादेशीय शासन

विगत तीन वर्षयता देश अध्यादेशीय शासनको पराकाष्ठामा छ। जनप्रतिनिधिविहीनताका कारण उत्पन्न उदेकलाग्दो अवस्था हो यो। कानुनकै वैधतामाथि प्रश्नचिन्ह लाग्ने गरेका प्रशस्त उदाहरण छन्। यो दिशाहीनताले माघ १९ पछि अझ बढी ढाकेको छ। छ महिनामा कप्तिमा २५ वटा अध्यादेश जारी भएका छन्। यसरी हेर्दा, यो सरकारले सरदर हरेक हप्ता एउटा अध्यादेश जारी गरेको देखिन्छ। हप्तैपिच्छे जारी नभए पनि अध्यादेशको संख्याले त्यो अनुपात देखाएको हो। सरकारको काम अध्यादेशीय शासनलाई अझ बढावा दिने र जनअनुमोदनलाई बेवास्ता गरी आफ्नो अवधि लम्ब्याइरहनेसिवाय अरु नभएको देखिन्छ। अझ, संकटकालीन अवस्थामा जारी भएका अध्यादेशहरुको संख्या हेर्दा स्पष्ट हुन्छ, जनतालाई अधिकारविहीनतातर्फ धकेलेर स्वेच्छाचारी ढंगले कानुन निर्माण गरी तिनै जनतामाथि शासन गर्न खोजिएको छ। १३ वटा अर्थात् ५२ प्रतिशत अध्यादेशहरु संकटकालीन अवधिमा जारी भए भने संकटकाल समाप्त भएपछि पनि १२ वटा अध्यादेशहरु जारी भइसकेका छन्। मानव अधिकार आयोग, निजामति सेवा, समाजकल्याण आदि अध्यादेशले मानवअधिकार र नागरिक प्रशासनमाथि गम्भीर प्रहार गरेका प्रतिक्रियाहरु सार्वजनिक भइसकेका छन्। अपारदर्शी ढंगले बनाइएका र सार्वजनिक गर्न बाँकी यस्ता अध्यादेशहरु अझ कति छन्, यकिन छैन। वर्तमान सरकारले अध्यादेशका भरमा विरोधी व्यक्ति तथा क्षेत्रहरुमाथि दमन गर्ने नीति अख्तियार गरेको तथ्य छिपेको छैन। 'सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको

०६१ माघ १९ पछि जारी अध्यादेशहरू

१. गरिबी निवारण कोष अध्यादेश-२०६१ (०६१ फागुन ३ गते)
२. पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी अध्यादेश-२०६१ (०६१ फागुन ३ गते)
३. नेपाल राष्ट्र बैंक (पहिलो संशोधन) अध्यादेश-२०६१ (०६१ फागुन २८ गते)
४. विद्युतीय कारोबार अध्यादेश-२०६१ (०६१ फागुन २८ गते)
५. राष्ट्रिय न्यायिक प्रतिष्ठान अध्यादेश-२०६१ (०६१ चैत ३ गते)
६. नेपाल सन्धि (पहिलो संशोधन) अध्यादेश-२०६१ (०६१ चैत ३ गते)
७. स्थानीय प्रशासन (पाँचौं संशोधन) अध्यादेश-२०६१ (०६१ चैत ११ गते)
८. कारागार (दोस्रो संशोधन) अध्यादेश-२०६१ (०६१ चैत १८ गते)
९. भूमिसम्बन्धी (छैठौं संशोधन) अध्यादेश-२०६१ (०६१ चैत १८ गते)
१०. आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश-२०६१ (०६१ चैत २६ गते)
११. नेपाल खानेपानी संस्थान (तेस्रो संशोधन) अध्यादेश-२०६२ (०६२ वैशाख ५ गते)
१२. खानेपानी व्यवस्थापन बोर्ड अध्यादेश-२०६२ (०६२ वैशाख ५ गते)
१३. खानेपानी महसुल निर्धारण आयोग अध्यादेश-२०६२ (०६२ वैशाख ५ गते)
१४. राजपरिवार खर्च व्यवस्था (पहिलो संशोधन) अध्यादेश-२०६२ (०६२ जेठ ५ गते)
१५. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान अध्यादेश-२०६२ (०६२ जेठ ५ गते)
१६. मानव अधिकार आयोग (पहिलो संशोधन) अध्यादेश-२०६२ (०६२ जेठ ८ गते)
१७. लुम्बिनी बौद्ध विश्वविद्यालय अध्यादेश-२०६२ (०६२ जेठ १३ गते)
१८. सूचना प्रविधि प्रतिष्ठान अध्यादेश-२०६२ (०६२ जेठ २९ गते)
१९. स्थानीय स्वायत्त शासन ऐन (पहिलो संशोधन) अध्यादेश-२०६२ (०६२ असार २० गते)
२०. समाज कल्याण (पहिलो संशोधन) अध्यादेश-२०६२ (०६२ असार ३० गते)
२१. निजामती सेवा (दोस्रो संशोधन) अध्यादेश-२०६२ (०६२ असार ३० गते)
२२. आर्थिक अध्यादेश-२०६२ (०६२ साउन १ गते)
२३. विनियोजन अध्यादेश-२०६२ (०६२ साउन १ गते)
२४. ऋण तथा जमानत (पन्ध्रौं संशोधन) अध्यादेश-२०६२ (०६२ साउन १ गते)
२५. राष्ट्र ऋण उठाउने अध्यादेश-२०६२ (०६२ साउन १ गते)

अध्यादेश' ल्याउने कसरत भइरहेकोमा व्यापक विरोधका कारण अहिलेसम्म जारी हुन सकेको छैन। तर, यो र यस्ता अन्य के-कति अध्यादेशहरुको तयारी भएको छ, पारदर्शी छैन। जनप्रतिनिधिमूलक संस्थाको अनुपस्थितिमा भएका यस्ता कार्यहरुको अनुमोदन भविष्यमा के-कसरी हुने हो प्रश्नचिन्ह लागेको छ। त्यस आधारमा हेर्दा, यस्ता अध्यादेशहरुअन्तर्गत हुने काम-कारवाहीहरुको वैधानिकता नै संकटमा नपर्ला भन्न सकिँदैन।

राजदुतसँग स्पष्टीकरण

प्रजातन्त्र र मानवअधिकारका पक्षमा अभिव्यक्ति दिएवापत् सरकारले नेपालस्थित राजदुतहरुसँग स्पष्टिकरण लिएको छ। ०६२ असार ६ गते बेलायती राजदुत केइथ जर्ज ब्लुमफिल्डसँग परराष्ट्र मन्त्रालयले दोस्रोपटक स्पष्टिकरण लिएको थियो। ब्लुमफिल्डले 'काठमाडौं स्कुल अफ ल' ले आयोजना गरेको कार्यक्रममा संविधानमै उल्लेख नरहेको भ्रष्टाचार नियन्त्रण शाही आयोगको गठनप्रति आश्चर्य व्यक्त गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, हिँडडुलको स्वतन्त्रता आदिविना प्रजातन्त्र केवल देखावटी मात्र हुने टिप्पणी गरेका थिए। असार ६ गते परराष्ट्र सचिव मधुरमण आचार्यले मन्त्रालयमै बोलाएर उनीसँग मौखिक स्पष्टीकरण लिँदै आन्तरिक मामिलामा नबोल्न र कूटनीतिक मर्यादामा रहन सचेत गराएको सार्वजनिक भएको थियो। यसअघि जेठ ६ गते पनि ब्लुमफिल्ड र भारतीय राजदुत शिवशंकर मुखर्जीलाई परराष्ट्र मन्त्रालयमै बोलाएर लिखित एवम् मौखिक चेतावनी दिँदै 'आन्तरिक मामिलामा दख्खल दिने काम नगर्न' पत्र थमाएको थियो। युरोपेली संघ र भारतले सात राजनीतिक दलको साझा कार्यक्रममा समर्थन जनाउँदै जेठ २ गते विज्ञप्ति जारी गरेका थिए।

मन्त्रिपरिषद् विस्तार : अनुहारमै विरोध

राजाको शासनको एक सय एकसाठी दिनपछि अर्थात् ०६२ असार ३० गते मन्त्रिमण्डलको विस्तार गरियो। बद्री मण्डल, जगत गौचन, निक्षशमशेर राणा, निरञ्जन थापा, सिनेट श्रेष्ठ, सलिम मियाँ अन्सारी, डा. रुप ज्योति, विनोदकुमार शाह, छक्कबहादुर लामा, गोल्छे सार्की, प्रकाश कोइराला र याङ्किला शेर्पालाई मन्त्री बनाइयो। जेसुकै उद्देश्य पूर्तिका लागि मन्त्रिमण्डलको विस्तार गरिएको भए पनि, विभिन्न हिसाबले 'गन्हाएका' हरुलाई मन्त्रीका रुपमा प्रस्तुत गरिनुले यो विस्तारप्रति नागरिक ध्यानाकर्षण हुन सकेन। बरु, झनै वितृष्णा फैलाउन मद्दत पुगेको छ। चारित्रिक र राजनीतिक हिसाबले विकर्षणका पात्र बनेकाहरुलाई मन्त्री बनाइएको तर्कसहितका आलोचनाहरु सार्वजनिक भइरहेका छन्। यसबाट देश प्रजातन्त्र र मानवअधिकारयुक्त शासन सञ्चालनको दिशातर्फ मोडिनुको सट्टा अझ अनुदारवादी र एकपक्षीय दम्भतर्फ अगाडि बढिरहने सम्भावना बढेर गएको छ।

अन्तर्राष्ट्रिय चासोप्रति बेवास्ता

अन्तर्राष्ट्रिय समुदायले नेपालको

प्रजातन्त्रका पक्षमा जाहेर गरेको मत र मानवअधिकारलाई पहिलो प्राथमिकतामा राखेर अगाडि सारेको तर्क सकारात्मक छ। प्रजातन्त्र र मानवअधिकारलाई छुट्याएर हेर्ने निरंकुशतावादी शैलीले सामान्य नागरिकहरुलाई एकपक्षीय प्रहारका आधारमा केही क्षण अल्मल्याउन सके पनि अन्ततोगत्वा त्यसको सार्वजनिकरण अवश्यंभावी रहन्छ। यो तथ्यप्रति भने आँखा चिम्लिएको अवस्था छ। माघ १९ यता नेपालको मानवअधिकार र प्रजातन्त्रमाथि भएको प्रहारलाई विश्व समुदायले निन्दा मात्र गरेको छैन, शिघ्रातिशीघ्र निरंकुशताको अन्त्यका लागि दबाब समेत सृजना गरिरहेको छ।

एमनेष्टी इन्टरनेशनल, ह्युमन राइट्स वाच, विधिशास्त्रीहरुको अन्तर्राष्ट्रिय आयोग, फोरम एसिया, एसियाली मानवअधिकार आयोगलगायत्का मानवअधिकार संस्थाहरुले नेपालको मानवअधिकार र प्रजातन्त्रको स्थितिको नियमित अनुगमन गरिरहेका छन् र निरंकुशताको अन्त्यका लागि आफ्नो तहबाट सक्रिय भूमिका निर्वाह गरिरहेका छन्।

दाता राष्ट्रहरुद्वारा आर्थिक सहायता रोक्का, द्विपक्षीय सम्बन्धमा पुनर्विचार जस्ता 'ठूला' कदमसमेत चालिएका उदाहरणहरु छन्। सैनिक सहायता पनि रोकिएको छ। सामरिक महत्व राख्ने यस्ता कदम सामान्य अवस्थामा चालिदैनन् भन्ने तथ्यलाई भने नेपाली शासकहरुले वास्ता गरेको पाइँदैन। सरकारका मन्त्रीहरुले एकातर्फ वैदेशिक सहयोगको आवश्यकता नरहेको भन्ने हल्का टिप्पणी सार्वजनिक गरेका छन् तर चालु आर्थिक वर्षको बजेटमा पुँजीगत खर्च ३७ अर्बमध्ये ३३ अर्ब रुपैयाँ वैदेशिक सहायताबाट अपेक्षा गरिएको छ। अन्तर्राष्ट्रिय समुदायमा पुँजीगत हिसाबले मात्र नभई व्यापारिक र उत्पादन दुवै क्षेत्रमा समेत निर्भरता बढेको हाम्रो कटु यथार्थलाई मनोगत विश्लेषणका आधारमा व्याख्या गर्न कदापि सकिँदैन। सहायता रोक्काको वित्तीय महत्व मात्र छैन। यसले नेपालको छवि र विश्व समुदायमा रहिआएको स्थानलाई समेत नकारात्मक असर पारेको छ। सहायता कटौती या रोक्काका कदमहरु नेपालका सम्बन्धमा अन्तर्राष्ट्रिय छापका तत्कालीन प्रतिविम्ब मात्र हुन्। विश्व समुदायबाट एक्लिएर दक्षिण एसियाको म्यानमार बन्न चाहेर पनि परनिर्भरताले गाँजिएको मुलुक भएकाले नेपालका लागि त्यो काल्पनिक मात्र हो। राजनीतिक अनुरोधहरुको बेवास्ताले अन्तर्राष्ट्रिय समुदायलाई आर्थिक प्रतिक्रिया हुँदै अन्तर्राष्ट्रिय निन्दाको चक्रभित्र पार्ने सम्भावना बढेर गएको छ।

सरकारद्वारा स्पष्टिकरण लिइएका राजदूतद्वय शिवशंकर मुखर्जी र केइथ जर्ज ब्लुमफिल्ड

अर्कातर्फ, संयुक्त राष्ट्रसंघीय ध्यानाकर्षण अत्यधिक बढेको छ। महासचिव कोफी अन्नान स्वयम्ले नेपालको अवस्थाबारे नजिकबाट चासो लिएको स्थिति छ। नेपालका सम्बन्धमा सार्वजनिक गरिएका धारणाहरु र आफ्नो संरचनामार्फत् चालिएका कदमहरुलाई क्षणिक प्रतिक्रिया मान्न सकिँदैन। यसबीच मानवअधिकार सम्बन्धी राष्ट्रसंघीय मानवअधिकार आयोगको बैठकबाट नेपाल सम्बन्धमा पारित गरिएको प्रस्ताव, वर्तमान सरकारसँग गरिएको सम्झौता र मानवअधिकार सम्बन्धी मानवअधिकार उच्चायुक्तको कार्यालय स्थापना, विस्थापितहरुको अवस्था बुझ्न राष्ट्रसंघीय महासचिवका विशेष प्रतिनिधिले गरेको भ्रमण, अन्नानका विशेष सल्लाहकार लख्दर ब्राहिमीको साता लामो भ्रमण, आगामी सेप्टेम्बरमा राष्ट्रसंघीय मानवअधिकार आयोगका यातनासम्बन्धी विशेष समाधिक्षकको भ्रमणजस्ता घटनाहरुलाई सामान्य अवस्थाका परिणाम भन्न पक्कै मिल्दैन। अहिले नेपालका सम्बन्धमा केवल प्रजातन्त्रको विहंगम सवालमा मात्र राष्ट्रसंघीय ध्यानाकर्षण भएको छैन, मानवअधिकारका हरेक प्रमुख पक्षहरुको छुट्टाछुट्टै स्थितिलाई नजिकबाट नियालिएको अवस्था छ। प्रजातन्त्र पुनर्स्थापना र मानवअधिकारको वहालीविना यस्ता क्षेत्रहरुको स्थितिमा सुधार हुने सम्भावना छैन। प्रजातन्त्र पुनर्स्थापित गर्ने या असान्दर्भिक हठलाई निरन्तरता दिने भन्ने निर्णयले मुलुकको भविष्य निर्धारण गर्नेछ।

कार्यसूची प्रकार-१९ : पालनातर्फ उदासिनता

संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको ६१ औं बैठकले ०६२ वैशाख ७ गते नेपालका सम्बन्धमा कार्यसूची प्रकार-१९ पारित गरेको तीन महिना बितिसकेको छ। यस अवधिमा देखिएका सरकारी क्रियाकलापहरुले कार्यसूची प्रकारमा सरकारलाई अनुरोध गरिएका सवालहरुको पालना भएको देखिँदैन। बरु, एकपछि अर्को स्वरुपमा नागरिकका आधारभूत अधिकारहरुको हनन गरिएको छ। प्रजातान्त्रिक संरचनाहरुमाथि हस्तक्षेपका माध्यमबाट यस्ता हननलाई दीर्घकालीन रुपमा स्थापित गराउने प्रयत्न भएको देखिन्छ।

बहुदलीय प्रजातान्त्रिक संस्थाहरु तत्काल बहाल गर्न र कानुनी शासनलाई विना कुनै अपवाद सम्मान गर्न उक्त कार्यसूची प्रकारमा मुख्य जोड दिइएको छ। त्यसैगरी तत्काल नागरिक तथा राजनीतिक अधिकार बहाल गर्न, व्यापक रुपमा गरिएको सेन्सरसिप हटाउन, विचार, अभिव्यक्ति, प्रेसका साथै भेला हुने अधिकार बहाल गर्न, राजनीतिक नेता तथा कार्यकर्ता, मानवअधिकार रक्षक, पत्रकार एवम् सबै नागरिकको नागरिक तथा राजनीतिक अधिकारको संरक्षणलाई सुनिश्चित गर्न आवश्यक उपायहरु अवलम्बन गर्न, शान्ति, स्थिरता, मानवअधिकारको संरक्षण वा सम्बर्द्धन गर्न

प्रेस विज्ञप्ति

माघ २१, ०६१

गत माघ १९ गते राजा ज्ञानेन्द्रबाट शाही घोषणामार्फत् मन्त्रिपरिषद् विघटन गरी कार्यकारी अधिकार आफ्नो हातमा लिने र आफ्नै अध्यक्षतामा सरकार गठन गर्ने कार्यले प्रजातन्त्रका आधारभूत मूल्य र मान्यताहरुमाथि ठाडो प्रहार भएको छ। आज बसेको मानवअधिकारवादी तथा नागरिक समाजका संस्थाहरुको बैठक राजाको उक्त कदमप्रति खेद व्यक्त गर्दछ।

राजाबाट कार्यकारी अधिकार आफ्नो हातमा लिएको लगत्तै देशभर लागू हुने गरी जारी गरिएको संकटकालको घोषणाले पनि मानवअधिकारका सर्वव्यापी मान्यताहरुमाथि ठाडो प्रहार भएको छ। यस घोषणाले पनि नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरु समेतको उल्लंघन भएको छ। यस गम्भीर परिस्थितिमा यो बैठक प्रजातन्त्र तथा मानवअधिकारका सर्वव्यापी सिद्धान्तहरुको तत्काल पुनर्बहाली तथा यसको सम्मानका लागि निम्न कदमहरु चाल्न पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदाय समक्ष अपिल गर्दछ।

१. शाही घोषणापूर्व तथा तत्काल व्यापक रुपमा राजनीतिक दलका नेताहरु तथा मानवअधिकार रक्षकहरुको गिरफ्तारीको विरोध गर्दछ र उनीहरुको स्थिति तत्काल सार्वजनिक गरी उचित व्यवहार गर्न पनि आग्रह गर्दछ।

२. मानवअधिकार रक्षकहरु, सञ्चारकर्मी तथा अभिव्यक्ति स्वतन्त्रताकर्मीहरु लगायत यस क्षेत्रमा कार्यरत संस्थाहरुमाथि सुरक्षा निकायहरुबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा गरिएको निगरानी तत्काल बन्द गर्न आव्हान गर्दछ, साथै उनीहरुको सुरक्षाको आवश्यक व्यवस्था मिलाउनका लागि नेपालमाथि दबाब दिन नेपाल भित्र तथा बाहिरका कुटनीतिक नियोग समक्ष विशेष अनुरोध गर्दछ।

३. विना कारण देशमा सृजना गरिएको सञ्चार अवरोधले अन्ततोगत्वा सर्वसाधारण नेपालीलाई प्रभावित तुल्याउने भएकोले उक्त गैरजिम्मेवारीपूर्ण कार्यको विरोध गर्दै सञ्चार व्यवस्थालाई सुचारु तुल्याउन आग्रह गर्दछ साथै त्यसको सुनिश्चितता गर्ने व्यवस्था मिलाउन समस्त अन्तर्राष्ट्रिय समुदाय समक्ष आग्रह गर्दछ।

४. स्वायत्त तथा स्वतन्त्र रुपमा कार्यरत राष्ट्रिय मानव अधिकार आयोगले समेत मानवअधिकार अनुगमनका कार्यहरु संचालनमा कठिनाई महसुस गरिरहेको समयमा आयोगका गतिविधिलाई सहज रुपमा संचालन गर्ने व्यवस्था मिलाउन पनि अनुरोध गर्दछ।

५. विद्यमान गम्भीर परिस्थितिमा मानवअधिकारको स्थिति खस्कंदै गएका कारण यो बैठक संयुक्त राष्ट्र लगायत अन्य मानवअधिकारवादी संस्थाहरुलाई नेपालको मानवअधिकारको स्थिति अनुगमन कार्य सक्रियताका साथ अगाडि बढाउन पनि अनुरोध गर्दछ।

(१४ जना मानवअधिकारकर्मीहरुद्वारा संयुक्तरुपमा जारी)

एवम् प्रजातन्त्रको रक्षा गर्न तुरुन्त राजनीतिक दलहरुसँग राष्ट्रिय संम्वादको थालनी गर्न कार्यसूची प्रकार-१९ मा स्पष्ट अनुरोध गरिएको छ। यस्ता अनुरोधहरुप्रति तीन महिनासम्म पूर्ण उदासिन रहेको पाइयो। अर्कातर्फ आन्तरिक द्वन्द्वका कारण उत्पन्न समस्याहरुको समाधान र अन्तर्राष्ट्रिय मानवीय कानुनको पालनाका लागि दिइएका सुझावहरु समेत कार्यान्वयन गरिएको देखिंदैन। अन्यथा, हत्या-हिंसा र त्रासको वातावरणमा सकारात्मक परिवर्तन देखिने थियो। यो कार्यसूचीको पालना नभएमा नेपाल अन्तर्राष्ट्रिय स्तरमा बदनाम राष्ट्रका रुपमा स्थापित हुनेमा दुईमत छैन। त्यसका लागि आफ्नो व्यवहारमा परिवर्तन गर्नुको साटो कार्यसूची प्रकारप्रति नै उदासिन बन्नु आश्चर्यजनक हो।

संकटकालपछिको संकट

अन्तर्राष्ट्रिय स्तरमा वा सरकारी सञ्चार माध्यममार्फत् जसले जे भाषण गरे पनि त्यसको वास्तविकता नाप्ने व्यवहारमा हो। शाही सम्बोधन र भाषणहरुमा मानवअधिकार र प्रजातन्त्रको पक्षमा जतिसुकै गुलिया शब्दहरु राखे पनि त्यस्ता शब्दहरु कृत्रिम हुन् भन्ने स्पष्ट भइसकेको छ। अझै पनि मानवअधिकार र प्रजातन्त्रको रट लगाइरहने हो भने त्योभन्दा ठूलो ठट्टा सायदै होला। यस्तो ठट्टा अबको युगले सजिलै बुझ्छ भन्नेतर्फ पनि हेक्का राख्नु जरुरी छ। आधा शताब्दी पुरानो मानसिकताले एक्काइशौं शताब्दीको चेतना र प्रविधिको प्रभावलाई गुमराहमा राख्न नसक्ला।

खासगरी राजनीतिक पार्टीहरु, सञ्चारमाध्यम, नागरिक समाज र गैरसरकारी क्षेत्रलाई निस्प्रभावी बनाउने 'अपारदर्शी' बाटो तय गरेर शासनसत्ताको कथित 'कुटनीतिक चातुर्यता' देखाउने प्रयास तीब्र पारिएको छ। बन्दीहरुलाई रिहा गरिएको, केही पत्रपत्रिकाहरुलाई विचार प्रवाहमा रोक नलगाएको, राजनीतिक पार्टीहरुमाथि प्रतिबन्ध नलगाएको र नागरिक समाजलाई सरकारको आलोचना गर्न व्यवधान खडा नगरिएको तर्कका आधारमा वर्तमान सरकारले आम नागरिक र वाह्य शक्तिहरुलाई 'कन्भिन्स' गर्न खोजेको देखिन्छ। तर, प्रजातान्त्रिक संरचनाहरुमाथि तीब्र प्रहार गरेर उनीहरुको प्रभावलाई निस्तेज पार्ने घुमाउरो रणनीति तय गरिएको तथ्य छिपेको छैन। भनाइ र गराइबीचको खाडललाई सचेत नागरिकहरुले पक्कै बुझेका छन्।

भनाइ र गराइबीच भिन्नता

'मानवअधिकारको सम्मान र संरक्षणमा राज्यका सबै अंगहरु विशेषरुपमा सतर्क र सजग रहनुपर्छ। ..... नेपाल र नेपालीको हितका लागि दिगो शान्तिको पुनर्स्थापना तथा सार्थक प्रजातन्त्रको अभ्यासबाहेक हाम्रो अरु कुनै स्वार्थ छैन। .....मानवअधिकारको सम्मान र रक्षाले प्रजातान्त्रिक मूल्यको संरक्षण तथा प्रबर्द्धन गर्नेमात्र होइन, २१ औं शताब्दी सुहाउँदो जीवन प्रणाली र सभ्यताको पनि विकास हुन्छ भन्ने हाम्रो विश्वास छ। .....स्वतन्त्र सञ्चार क्षेत्र प्रजातन्त्रको चेतना बृद्धि गर्ने माध्यम हुन्। राष्ट्रिय हितको सम्बर्द्धनमा यसको विशेष भूमिका रहन्छ। शासनशैलीसँगै जीवनपद्धतिलाई नै प्रजातान्त्रिक मूल्य र आदर्शबाट प्रेरित बनाउन सञ्चार माध्यमले सशक्त योगदान दिनेछन् भन्ने हामीले विश्वास लिएका छौं।' माघ १९ को शाही घोषणाका यी वाक्यहरु पक्कै पनि प्रजातन्त्र, मानवअधिकार र प्रेस स्वतन्त्रताका पक्षमा छन्। यस्ता प्रतिबद्धताहरु त्यसपछि पनि दोहोरिएको देखिन्छ।

'प्रजातन्त्रमा राष्ट्र र जनताको हितमा राजनीति समर्पित हुनैपर्दछ।

जहाँ सुनीति हुन्छ, त्यहाँ सुशासन हुन्छ, जहाँ सुशासन हुन्छ, त्यहाँ सार्थक प्रजातन्त्र हुन्छ। .....वास्तवमा २१ औं शताब्दी भन्नु नै बहुदलीय प्रजातन्त्रको शताब्दी हो।' ५५ औं प्रजातन्त्र दिवसका अवसरमा राजावाट देशवासीका नाममा दिइएको सन्देशमा उल्लेख छ।

नयाँ वर्षको उपलक्ष्यमा राजाबाट दिइएको सन्देशमा शान्तिसुरक्षाको स्थिति अनुकूल हुँदै गएको परिप्रेक्ष्यमा प्रजातान्त्रिक प्रक्रियालाई सक्रिय बनाउने दिशामा अगाडि बढ्न ढिलो गर्न नहुने बताउँदै 'राष्ट्रलाई सर्वोपरि मान्ने देशभक्त प्रजातन्त्रवादीहरू रचनात्मक अभ्यासमा संलग्न रही राजनीतिको प्रत्येक चरणमा प्रजातान्त्रिक मूल्य र मान्यतालाई जीवन्त बनाई जनताको आधारभूत हित र प्रजातान्त्रिक हक सुरक्षित राख्न' समर्पित हुनुपर्ने उल्लेख गरिएको थियो।

इन्डोनेसियाको राजधानी जकार्तामा सम्पन्न एसियाली-अफ्रिकी सम्मेलन-२००५ लाई ०६२ वैशाख ९ गते सम्बोधन गर्ने क्रममा समेत राजाद्वारा बहुदलीय प्रजातन्त्र, मानव अधिकार तथा कानुनको शासनप्रति आफ्नो प्रतिबद्धता 'पूर्ण र अटल' रहेको उल्लेख गरिएको थियो।

तर, वास्तविकता भिन्नै छ। भनाइ र गराइबीचको यस्तो भिन्नता माथिका वाणी र नेपालको वास्तविकताका आधारमा स्पष्ट देख्न सकिन्छ।

यसबीच न राज्यका अंगहरु मानवअधिकारको सम्मान र संरक्षणमा सतर्क र सजग भएका छन् न त नेपाल र नेपालीको हितका लागि दिगो शान्ति एवम् 'सार्थक प्रजातन्त्र' को अभ्यास नै भएको छ। बरु, त्यस्तो सार्थक प्रजातन्त्रको वास्तविक अर्थ के हो भन्नेमा प्रश्नचिन्ह लागेको छ। २१ औं शताब्दीमा सुहाउने जीवन प्रणाली प्रजातन्त्र र मानवअधिकारमा आधारित हुने तथ्यलाई पूर्ण लत्याइएको छ। यसले हाम्रो सभ्यता प्रतिबिम्बित गर्ने मात्र नभई भविष्यको यात्रा पनि अन्यौलपूर्ण बनाएको छ। सञ्चार क्षेत्रमाथिको नियन्त्रणले चेतना वृद्धि गर्ने उनीहरुको दायित्वमा कटौती गरेको स्पष्ट छ। आधारभूत स्वतन्त्रताबाट समेत विमुख

अधिनायकवादी दुस्साहसको प्रतिरोधमा मानवअधिकार समुदाय

प्रेस विज्ञप्ति

२०६२ जेठ २२ गते

१. मानवअधिकार रक्षकहरुको राष्ट्रिय सञ्जाल "मानवअधिकार जोगाऔं अभियान नेपाल" को आज २०६२ जेठ २२ गते बसेको बैठकले राजाबाट चालिएको २०६१ माघ १९ गतेको असंवैधानिक तथा अप्रजातान्त्रिक शाही कदमको विरोध गर्दछ। साथै प्रजातन्त्र तथा मानवअधिकारको स्थापनाका लागि आवश्यक कदम चाल्न हामी सम्बन्धित सबै पक्षसँग जोडदार माग गर्दछौं।

२. राज्य सुनियोजितरुपमा देशका प्रजातान्त्रिक व्यवस्थाका स्तम्भहरु तथा संवैधानिक निकायहरु भत्काउनमा क्रियाशील देखिएको छ। यस्ता अप्रजातान्त्रिक तथा गैरजिम्मेवार कार्यहरु तत्काल बन्द गर्न हामी राज्यसँग आव्हान गर्दछौं।

३. राज्य अदालतको आदेशको अवहेलनालगायत् सर्वोच्च अदालतको आदेश पश्चात् रिहा भएका व्यक्तिहरुलाई अदालत परिसरभित्रैबाट गिरफ्तार गरी स्वतन्त्र तथा निष्पक्ष न्यायपालिकाका मान्यताहरुमाथि हस्तक्षेप गरिरहेको छ। हामी देशको न्यायपालिका तथा राज्यलाई स्वतन्त्र न्यायपालिकाका सर्वमान्य सिद्धान्तको परिपालना गराउन र गर्न आग्रह गर्दछौं।

४. मानवअधिकार तथा प्रजातन्त्र एक अर्काका पूरक भएकोले हामी मानवअधिकार समुदाय सात राजनीतिक दलहरुद्वारा वर्तमान राजनीतिक निकास तथा द्वन्द्व समाधानका लागि सबै विकल्पहरु खुला राखी चलाएको शान्तिपूर्ण आन्दोलनप्रति नैतिक समर्थन व्यक्त गर्दछौं।

५. माघ १९ को शाही कदम पश्चात् राज्यबाट निरन्तर जारी राखिएको राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु, कानुन व्यवसायीहरु, पत्रकारहरु, मानवअधिकारकर्मीहरु तथा नागरिक समाजका सदस्यहरुको गिरफ्तारीको क्रम तथा उनीहरुका वैधानिक गतिविधिहरु संचालनमा लगाएको अवरोधप्रति आपत्ति जनाउँदछौं। साथै गिरफ्तारीमा परेका सम्पूर्ण राजनीतिक बन्दीहरुको विना शर्त तत्काल रिहाईको माग गर्दछौं।

६. हालैमात्र कानुन संशोधनमार्फत राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्षको पुनर्नियुक्ति तथा नवगठित आयोगका सदस्यको नियुक्ति प्रक्रिया अवैधानिक भएको र स्वायत्तता, स्वतन्त्रता, निष्पक्षता, दक्षता एवम् व्यवसायिकता जस्ता मानव अधिकार आयोग गठन सम्बन्धी सर्वमान्य 'पेरिस सिद्धान्त' विपरीत भएको छ। तसर्थ हामी अवैधानिक ढंगबाट निरंकुशताका पक्षपाति, मानवअधिकार तथा प्रजातन्त्र विरोधी व्यक्ति सम्मिलित नवगठित आयोगका पदाधिकारीहरुलाई नागरिक समाज तथा मानवअधिकार समुदायबाट कुनै पनि प्रकारको सम्वाद, सहयोग र सहकार्य हुन नसक्ने तथ्य पुनः जानकारी गराउँदछौं। आयोगमा भएका सूचनाहरुको संवेदनशीलताप्रति ध्यान दिंदै तिनको गोपनीयता भंग र दुरुपयोग नहोस् भन्नेतर्फ ध्यानाकर्षण गराउन चाहन्छौं।

७. माघ १९ गतेको शाही कदमको लगत्तै संकटकालको समयमा गठन गरिएको भ्रष्टाचार नियन्त्रण शाही आयोग र यसलाई धारा १२७ को आधारमा दिइएको निरन्तरता पूर्णतः गैरसंवैधानिक छ। आयोग भ्रष्टाचार नियन्त्रण नभई राजनीतिक दल तथा नागरिक समाजको अस्तित्व समाप्त पार्न ल्याइएको देखिएकोले यसको तत्काल खारेजीको माग गर्दछौं भने हामी यस आयोगलाई कुनै पनि प्रकारको सहयोग नगर्न सबैमा अनुरोध गर्दछौं।

८. राज्य कुनै पनि हालतमा स्वतन्त्र तथा निष्पक्ष पत्रकारिताका मान्यताहरु समाप्त पारि निजी क्षेत्रका सञ्चार माध्यम र अखबारको अस्तित्व समाप्त पार्ने दुस्साहस गर्दैछ। निजि क्षेत्रको सञ्चार संस्था कम्युनिकेशन कर्नर बन्द गर्ने आदेश, निजी

क्षेत्रका अखबारलाई कल्याणकारी विज्ञापन उपलब्ध नगराउने निर्णय, अध्यादेश मार्फत लागू गर्न लागिएको अप्रजातान्त्रिक तथा गैरसंवैधानिक 'केही नेपाल सञ्चार सम्बन्धी ऐन' को संशोधनप्रति विरोध प्रकट गर्दछौं।

९. स्थानीय प्रशासन ऐन तथा स्वायत्त शासनको बर्खिलाप हुनेगरी संवैधानिक निकाय सरहका क्षेत्रीय तथा अञ्चल प्रशासकहरुको नियुक्ति असंवैधानिक छ। यस नियुक्तिले निरंकुश पञ्चायती व्यवस्थाको पुनरावृत्ति गराउँदछ भने नियुक्तिको मूल आशय प्रजातान्त्रिक आन्दोलन दबाउने ध्येय रहेको छ।

१०. देश सैनिकीकरणतर्फ उन्मूख भइरहेको र राज्य प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा गाउँ सुरक्षा समूहजस्ता प्रतिकार समूह सृजना गर्ने नाममा 'सशस्त्र मिलिसिया' स्थापना गर्ने लगायत हातहतियार उपलब्ध गराउनमा संलग्न भएको पाइएकोले हामी सम्पूर्ण मित्र राष्ट्रहरुमा खासगरी भारत, संयुक्त राज्य अमेरिका र संयुक्त अधिराज्यलाई सबै प्रकारका सैनिक सहायता नेपाललाई उपलब्ध नगराउन अनुरोध गर्दछौं, जुन हतियारहरु अन्तोगत्वा देशमा चालू प्रजातान्त्रिक तथा मानवअधिकार आन्दोलन दबाउन प्रयोग हुने निश्चित छ।

११. देशमा करिब दश वर्षदेखि जारी द्वन्द्व जटिलतातर्फ उन्मुख भइरहेको सन्दर्भमा हामी समस्याको समाधान सैनिक माध्यमबाट हुनसक्ने देख्दैनौं। समस्याको समाधान केवल विना पूर्वशर्त संचालन गरिने राजनीतिक वार्ताबाट मात्र हुन सक्छ। तसर्थ, हामी वर्तमान राजनीतिक कदम शान्ति स्थापना गर्नका लागि नभएको स्पष्ट पार्न चाहन्छौं। हामी मानवअधिकार समुदाय नागरिकको प्रत्यक्ष सहभागितामा हुने प्रजातान्त्रिक पद्धति अन्तर्गतका राज्य व्यवस्थाबाट मात्र दिगो शान्ति स्थापना हुने भएकोले देशमा प्रजातान्त्रिक प्रक्रिया तत्काल प्रारम्भ गर्नु अपरिहार्य ठान्दछौं। हामी देशमा मानवअधिकार उल्लंघनका घटनाहरुको निष्पक्ष छानबिनको वातावरण तयार गर्नु पनि आवश्यक देख्दछौं।

१२. प्रशासनिक तथा कानुनी तवरबाट मानवअधिकारका संयन्त्रहरु भत्काउने तथा प्रजातान्त्रिक हक अधिकारको माग गर्ने राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु, मानवअधिकार अनुगमन गर्न चाहने मानवअधिकाकर्मीहरुका साथै स्वतन्त्र समाचार प्रवाह गरी नागरिकलाई सुसूचित गर्न चाहने पत्रकारहरुलाई गिरफ्तार गर्ने, नजरबन्दमा राख्ने र हतोत्साही गर्ने कार्यको हामी भर्त्सना गर्दछौं। साथै देशमा कानुनको शासनको अवधारणालाई सम्मान गरी मानवअधिकार तथा मानवीय कानुनहरुको पालना हुन सक्ने उपयुक्त वातावरण सृजना गर्न हामी सम्बन्धित पक्षहरुसँग विशेष आग्रह गर्दछौं। त्यसैगरी व्यक्ति हत्या लगायतका ज्यादति रोक्न नेकपा (माओवादी) लाई आव्हान गर्दछौं।

१३. संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगसँग भएको समझदारी र उक्त आयोगको ६१ औं बैठकद्वारा नेपाल सम्वन्धमा पारित 'एजेण्डा आइटम-१९' बाट उत्पन्न दायित्व निर्वाह गर्न राज्यसँग माग गर्दछौं।

(मानवअधिकार जोगाऔं अभियान, नेपालका तर्फबाट सुबोधराज प्याकुरेल, डा. गोपालकृष्ण सिवाकोटी, शोभाकर बुढाथोकी, गौरी प्रधान, शान्तलाल मुल्मी र गंगा कसजूद्वारा हस्ताक्षरित)

गरिएको अवस्थामा प्रेसले कसरी राष्ट्रिय हितको सम्बर्द्धनमा विशेष भूमिका खेल्न सक्छ ? सूचनाको हक, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अभावमा जनताको जीवनशैली कसरी प्रजातान्त्रिक मूल्य र आदर्शबाट प्रेरित हुन सक्छ ? अपांग बनाइएको सञ्चार जगतले त्यसका लागि कसरी सशक्त योगदान दिन सक्छ ? यस्ता प्रश्नहरुले हाम्रो भनाइ र गराइबीचको भिन्नता लक्ष्यित गरेका छन्।

सत्ताको बागडोर आफ्नो हातमा लिनुलाई जनतामा प्रजातन्त्र निहीत भएको भन्न मिल्दैन। त्यस्तो अवस्थामा सुनीति, सुशासन र सार्थक प्रजातन्त्रको कुरा कसरी धरातलीय यथार्थ बन्न सक्छ ? बहुदलीय प्रजातन्त्रको शताब्दीमा आधा शताब्दी पुरानो मानसिकतायुक्त शासन संचालन गर्न खोज्नुले स्वयम् प्रजातन्त्रको अर्थ र परिभाषालाई नै धमिल्याउने सिवाय अरु भएको भन्न मिल्दैन।

देशमा अहिले न शान्ति सुरक्षाको स्थिति राम्रो छ न त प्रजातान्त्रिक प्रकृयालाई सुचारु बनाउने कुनै सम्भावना देखिएका छन्। हिंसा र अशान्ति बढ्दो छ। राज्यसंरक्षित हिंसाका नयाँ-नयाँ स्वरुपहरु देखा पर्दैछन्। गैरन्यायिक हत्या, स्वेच्छाचारी गिरफ्तारी र बेपत्ताका घटनाहरुमा बढोत्तरी आएको छ। जनजीवन अझ कष्टकर बनेको छ। प्रजातान्त्रिक अधिकारहरुसमेत कटौती हुँदा स्थिति अझ जटिल र संकटपूर्ण बनेको छ। शाही कदमको स्वागत गर्नेलाई राष्ट्रवादी र असहमति जनाउनेलाई राष्ट्रघातीको लेप लगाउने प्रयत्नहरु पनि भएको देखिन्छ। के यस्तो प्रवृत्तिले देशलाई एकताबद्ध बनाउन सक्छ ? के यसमा देशभक्त प्रजातन्त्रवादीहरुमाथि अन्याय हुँदैन ? प्रजातान्त्रिक मूल्य र मान्यतालाई जीवन्त बनाई जनताको आधारभूत हित र प्रजातान्त्रिक हक सुरक्षित राख्न प्रजातन्त्र र मानवअधिकारको वकालत गर्नु पर्दैन र ? अवश्य पर्छ। नियन्त्रित प्रजातन्त्रका नाममा अधिनायकत्व कायम गर्ने प्रयासले प्रजातन्त्र र मानवअधिकारका आधारभूत मान्यताहरुको नै उपहास गर्दछ भन्ने तर्क साँचो हो।

बहुदलीय प्रजातन्त्र, मानवअधिकार तथा कानुनको शासन केवल भन्दैमा कायम हुन सक्दैन। त्यसप्रतिको प्रतिबद्धता त्यसबेला पूर्ण र अटल भएको मान्न सकिन्छ, जसबेला बहुदलीय प्रजातन्त्रका आधारभूत संरचनाहरु सक्रिय हुन पाउँछन्, मानवअधिकारको रक्षा बहुदलीय प्रजातन्त्रको आधारमा स्थापित हुन्छ र संविधान एवम् कानुन अन्तर्गतका सबै निकाय र संरचनाहरु आ-आफ्नो दायरा र कार्यक्षेत्रअनुरुप संचालित हुन्छन्। यस्ता आधारभूत अवस्थाहरुको जगमा मात्र प्रजातान्त्रिक परिपाटी, मानवअधिकारयुक्त समाज र कानुनी राजको सिद्धान्तले मूर्त रुप लिने सम्भावना रहन्छ। तर, हाम्रो यथार्थ बेग्लै भएको तथ्य छलंग छ।

– प्रकाश ज्ञवाली

मानवअधिकारको उपेक्षा

रुपेश नेपाल

भनिन्छ, बजेटले कुनै पनि देशको सरकारले आगामी वर्षको लागि तयार गरेको समग्र कार्य योजनाको चित्रण गर्दछ। यसै सन्दर्भमा: राजाद्वारा १९ माघ ०६१ मा देशको सम्पूर्ण कार्यकारिणी अधिकार आफ्नो हातमा लिइएपछि साउन १ गते आर्थिक वर्ष ०६२/६३ को लागि तर्जुमा गरिएको १ खर्ब २६ अर्बको बजेटले आउँदो एक वर्षका निम्ति राजाको योजनाको खाका प्रस्तुत गरेको छ।

अर्थमन्त्री मधुकरशमशेर जबराद्वारा प्रस्तुत यस वर्षको बजेटमा विभिन्न क्षेत्रको लागि आगामी वर्षको लागि तयार गरिएको कार्य योजनालाई समावेश गरिएको छ। विविध क्षेत्रका विज्ञहरुले प्रस्तुत बजेटको आ-आफ्नै तरिकाले समीक्षा गर्न सक्छन्। तर प्रजातन्त्र र मानव अधिकारको दृष्टिकोणबाट हेर्दा पक्कै पनि यसले प्रजातन्त्रको बहाली र मानवअधिकारको सम्मान तथा प्रवर्द्धन गर्नेतर्फ कुनै सकारात्मक कुरा अगाडि ल्याएको छैन।

अर्थमन्त्री मधुकरशमशेर जबरा

देशलाई जनप्रतिनिधिविहीन बनाइएको अवस्थामा, जनताका तात्कालिक आवश्यकतालाई विचार नै नगरी हचुवाको भरमा तयार गरिएको यो बजेट माघ १९ को शाही कदमकै निरन्तरता हो भन्ने स्पष्ट छ। अर्थमन्त्रीले बजेट वाचन शुरु गरेपछिको पहिलो हरफले नै उक्त कुरालाई प्रष्ट्याएको छ। 'लोकसम्मतिको आधारमा शासन व्यवस्था संचालन गर्ने शाहवंशीय परम्परा अनुरुप श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारबाट ०६१ माघ १९ गते देश र जनताको हितको लागि एउटा ऐतिहासिक कदम चालिबक्सेको छ। मौसूफ सरकारको उक्त कदमलाई सार्थक तुल्याउन र शान्तिको पुनर्स्थापनाबाट स्थायित्व एवं प्रगति हासिल गर्ने उद्देश्य लिएर म आर्थिक वर्ष ०६२/६३ को बजेट सार्वजनिक गर्न तपाईंहरु समक्ष उपस्थित भएको छु।' अर्थमन्त्रीको बजेट भाषण यसरी शुरु भएको थियो।

त्यसैगरी राजाद्वारा माघ १९ गते घोषणा भएबमोजिम यस बजेटमा पनि तीन वर्षसम्म देशको सम्पूर्ण कार्यकारिणी अधिकार राजामा नै निहित भएको उल्लेख गरिएको छ। 'राज्य संचालनमा जनतालाई सच्चा हकदार बनाएर मात्रै प्रजातन्त्रको सार्थक अभ्यास गर्न सकिन्छ भन्ने मान्यताअनुरुप श्री ५ बाट घोषणा भए वमोजिम तीन वर्षभित्रमा देशमा शान्ति सुव्यवस्था मिलाई प्रभावकारी सुधारहरु गरेर बहुदलीय प्रजातन्त्रलाई पुन: सक्रिय तुल्याउने कार्य वर्तमान सरकारको मूल प्राथमिकतामा परेको कुरा पुन: अनुरोध गर्न चाहन्छु।' बजेट भाषणमा उल्लेखित यी वाक्यले पनि देशमा शिघ्र प्रजातन्त्र बहाली हुनुपर्ने राष्ट्रिय/अन्तर्राष्ट्रिय मागलाई छायाँमा पार्न खोजेको छ।

यहाँ विचारणीय कुरा के छ भने, राजाका अनुसार तीन वर्षभित्र देशमा शान्ति सुव्यवस्था मिलाई प्रभावकारी सुधारहरु गरेर बहुदलीय प्रजातन्त्रलाई पुन: सक्रिय तुल्याउने कार्य वर्तमान सरकारको मूल प्राथमिकतामा परेको छ। तर एउटा कुरा टड्कारो रुपमा अगाडि आउँछ, के राजाले देशमा शान्ति सुव्यवस्था कायम गर्न सक्छन् ? के राजा द्वन्द्व समाधान गरेर देशमा शान्ति स्थापना गर्न इच्छुक छन् ? यदि त्यसो हो भने शान्ति सुव्यवस्था कायम गर्ने उपायको बारेमा पनि जिकिर गर्नुपर्ने हुन्थ्यो। बजेटमा त्यस्तो उपायको सर्वथा अभाव देखिन्छ। विश्व इतिहास केलाएर हेर्ने हो भने द्वन्द्व समाधान गर्नका लागि राजनीतिक बाटो नै एक मात्र उपयुक्त बाटो हो। तर राजाले माघ १९ पछि देशको सम्पूर्ण राजनीतिक बाटाहरु बन्द गरिदिएका छन्। बजेटले माघ १९ को शाही कदमको त्यही आशयलाई दोहोऱ्याएको छ।

अहिलेको परिप्रेक्षमा हेर्ने हो भने नेपालमा शान्ति व्यवस्था खलबलिएको एक मात्र कारण नेकपा (माओवादी) द्वारा शुरु गरिएको सशस्त्र संघर्ष वा त्यसको समाधानका नाममा राज्यका तर्फबाट अघि बढाइएको फौजी कारवाहीबाट सृजित द्वन्द्व नै हो। त्यसैले यदि यस समस्या समाधान गर्नेतर्फ लाग्ने हो भने देशमा शान्त सुव्यवस्था कायम हुनजान्छ। एक पक्षले मात्र शान्ति स्थापना गर्छु भनेर अलाप गर्दैमा आफै शान्ति स्थापना हुँदैन। यसका लागि पर्याप्त गृहकार्य गर्नुपर्ने हुन्छ। द्वन्द्वरत पक्षहरुबीच विश्वासको वातावरण तयार गर्नु पर्दछ। यस अर्थमा भन्न सकिन्छ कि सशस्त्र द्वन्द्व समाधान गर्ने विषय धेरै हदसम्म विद्रोही माओवादीको भूमिकामा भर पर्छ। माओवादीहरुलाई हतियार बिसाएर राजनीतिक मूलधारमा समायोजन गर्न सकिएको खण्डमा मात्र यस समस्याको हल निस्कन्छ। यसै सन्दर्भमा अघिल्लो सरकारले देशमा हत्या तथा हिंसा अन्त्य

गरी शान्ति सुव्यवस्था कायम गर्न अधिकतम लचकताका साथ माओवादीसँग वार्ता गर्न तयार रहेको कुरा बजेटमा समावेश गरेको थियो। त्यसका लागि तत्कालीन सरकारले शान्ति सचिवालय स्थापना गर्ने योजना बजेटमा ल्याएको थियो। शान्ति वार्ता गर्न भनि सरकारद्वारा दुई करोड रुपैयाँ शान्ति कोष स्थापनाको लागी छुट्याइएको थियो। अघिल्लो सरकारद्वारा बजेटमार्फत् अघि बढाइएका शान्ति प्रयासलाई अहिलेको बजेटमा पूर्णत: लत्याइएको छ। त्यसैगरी अघिल्लो सरकारले द्वन्द्व पीडितका लागि तत्काल क्षतिपूर्ति तथा राहत प्रदान गर्न भनि पाँच करोड रुपैयाँ छुट्याएको थियो। यस सन्दर्भमा भने यस पटकको बजेटले केही ठोस कार्यक्रम अगाडि ल्याएको पाइएन।

'भ्रष्टाचार'लाई मूल मुद्दा बनाएर जननिर्वाचित प्रतिनिधिलाई जेल चलान गर्ने कार्यलाई आगामी दिनमा पनि निरन्तरता दिने यो सरकारको नियत बजेटमा पनि झल्किएको छ। बजेटमा भनिएको छ, 'संयुक्त राष्ट्रसंघको भ्रष्टाचारविरुद्धको महासन्धिको नेपाल पनि पक्ष भएको छ। सो महासन्धिको उद्देश्य कार्यान्वयन गर्न नेपाल प्रतिबद्ध छ। सोही सन्दर्भमा भ्रष्टाचार निवारणको क्षेत्रसँग सम्बन्धित वर्तमान कानुन, नीति एवं रणनीतिको परिमार्जन एवं नयाँ कानुनहरुको निर्माण गरिनेछ।"

देश द्वन्द्वको चपेटामा परेर व्यापक जनधनको क्षति र मानवअधिकार उल्लंघन भइरहेको बेला संयुक्त राष्ट्रसंघको भ्रष्टाचारविरुद्धको महासन्धिको पक्षराष्ट्रको रुपमा भ्रष्टाचार निवारण गर्न कानुन बनाउन सोच्नसक्नेले नेपाल पक्षराष्ट्र भएका अन्य थुप्रै संयुक्त राष्ट्रसंघीय मानवअधिकार महासन्धिहरु भने बिर्सिएको देखिन्छ। उदाहरणका लागी नेपाल संयुक्त राष्ट्रसंघको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको पनि पक्षराष्ट्र छ। जसले देशमा नागरिकहरुको मानवअधिकार तथा राजनीतिक अधिकारको प्रत्याभूति गर्दछ। यो सरकारले पक्षराष्ट्र भइसकेको अवस्थामा यसतर्फ विशेष ध्यान पुऱ्याउनु पर्नेमा उल्टो देशबाट राजनीतिक गतिविधिलाई नै समाप्त पार्ने जमर्को गर्दैछ। माघ १९ पछि देशको मानवअधिकार स्थिति तीव्ररुपमा खस्कँदै गएको हुनाले चैत २९ गते नेपाल सरकार र संयुक्त राष्ट्रसंघबीच सम्झौतापत्रमा हस्ताक्षर भएबमोजिम नेपालमाथि संयुक्त राष्ट्रसंघको जेनेभामा बसेको ६१ औं बैठकले कार्यसूची प्रकार-१९ नै पारित गरेको छ।

अन्तर्राष्ट्रिय समुदायको अनुमान थियो- कार्यसूची प्रकार-१९ पारित भएपछि सरकारले देशमा प्रजातन्त्र बहाली र मानवअधिकार सम्मान गर्नेतर्फ उचित कार्य गर्नेछ। तर वर्तमान सरकारी क्रियाकलापले त्यसलाई ठ्याक्कै उल्टो साबित गर्नुका साथै प्रजातन्त्र र मानवअधिकारको अझ व्यापक अपमान गरेको छ।

माघ १९ को कदमले देशमा प्रजातन्त्र समाप्त पारेको भन्दै कतिपय विदेशी दातृराष्ट्रहरुले प्रजातन्त्र बहाली नभएसम्म आफ्नो सहयोग रोक्का गर्ने निर्णय सार्वजनिक गरिसकेका छन्। यो क्रमले निरन्तरता पाइरहेको छ। यस्तो अवस्थामा बजेटले विदेशी सहयोगअन्तर्गत वैदेशिक अनुदानबाट १८ अर्ब ६८ करोड ६८ लाख ६१ हजार र वैदेशिक ऋणबाट १४ अर्ब ५३ करोड १६ लाख ३९ हजार रुपैयाँ प्राप्त गर्ने लक्ष्य राखेको छ जुन अपेक्षा अहिलेको परिप्रेक्षमा तर्कसंगत देखिँदैन। वैदेशिक अनुदानबाट प्राप्त गर्ने लक्ष्य राखिएको रकम अघिल्लो सरकारको तुलनामा ३ अर्ब ३३ करोड ६१ लाख ३१ हजार रुपैयाँ बढि छ। चौतर्फी आलोचनाको पात्र बनेको वर्तमान सरकार कसरी यस्तो लक्ष्य हासिल गर्ने मनसायमा रहेको होला ? आफैमा अन्यौलको विषय बनेको देखिन्छ। यस अर्थमा पनि, विदेशी सहयोगमा निर्भर रहेको नेपालले त्यस सहयोगलाई निरन्तर पाइराख्न तुरुन्त प्रजातन्त्र र मानवअधिकारको बहाली हुनु आवश्यक छ।

हुन त बजेटमा भनिएको छ, 'मानवअधिकार हनन हुन नदिन सरकार प्रयासरत छ। मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्न मानवअधिकार कार्य योजनालाई अझै प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ।' तर त्यस्तो कार्यान्वयनका आधार र संयन्त्र तथा स्वरुपका बारेमा भने कतै उल्लेख गरिएको छैन। मानव अधिकार विरोधी क्रियाकलापलाई निरन्तरता दिने तर बजेट भाषणमा भने यस्ता नीतिगत बुँदाहरु उल्लेख गर्नुको तात्पर्य आफैमा असंगत देखिन्छ।

यस बजेटमा देशको खस्कँदो मानवअधिकार स्थितिलाई अझै बिगार्न पर्याप्त गृहकार्य गरिएको छ। पछिलो वर्ष सुरक्षा खर्च ९ अर्ब ६० करोड रहेकोमा त्यसलाई बृद्धि गरेर अहिले १० अर्ब ९० करोड रुपैयाँ पुऱ्याइएको छ। उद्देश्य स्पष्ट छ, सेनालाई अत्याधुनिक हातहतियारबाट सुसज्जित गराउने र माओवादीलाई हतियारकै भरमा सिध्याउने। उद्देश्य जेसुकै होस्, सुरक्षा खर्चमा भएको बृद्धिले एकातर्फ विकास बजेटको मात्रालाई प्रत्यक्ष असर गरेको छ भने अर्कातर्फ मानवअधिकार क्षेत्रलाई पक्का पनि संकटको घेरामा पारेको छ। स्वन्त्रतापूर्वक भेला हुने पाउने अधिकार, अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रतालगायत् मानिसका मौलिक अधिकार माघ १९ पछि व्यापक हनन भएको बेला यस बजेटले मानिसको बाँच्न पाउने अधिकारमाथि नै ठूलो खतरा देखाएको छ। माओवादी 'जनयुद्ध' शुरु भएयता राज्यद्वारा ८ हजार १ सय ३४ जना मारिएका छन्। माघ १९ यता मात्र मारिनेहरुको संख्या प्रतिदिन ४.३९ का दरले ७ सय ३३ छ।

समग्रमा, यो बजेट केवल राजाको कदमलाई निरन्तरता दिई देशबाट प्रजातान्त्रिक संरचनाहरुको भूमिका न्यून गर्दै जाने र मानवअधिकारको व्यापक हननलाई बढावा दिनेतर्फ लक्षित देखिन्छ। देशको कूल गार्हस्थ उत्पादनको १.५ प्रतिशत रकम सैनिक खर्चमा प्रयोग गरिएको तथ्यले जनताका आधारभूत अधिकारहरुतर्फ भन्दा सैन्य शक्ति सुदृढ बनाउनेतर्फ हाम्रो देशको बजेट केन्द्रित भएको देखिन्छ। यस्तो अवस्थामा नेपाल पक्षराष्ट्र बनेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयनमा ठूलो प्रश्नचिन्ह खडा भएको छ। ●

संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको ६१ औं बैठक र नेपाल

लुमासिं विश्वकर्मा

विश्वव्यापी रुपमा मानव अधिकारको संरक्षण र प्रवर्द्धन तथा मानवअधिकार उल्लंघनको अनुगमनका लागि संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोग मानवअधिकारको क्षेत्रमा प्रमुख अंग हो। संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद् अन्तर्गत सन् १९४६ मा यसको स्थापना भएको हो। यसको पहिलो बैठक सन् १९४७ मा भएको थियो। सन् २००५ सम्म ६१ औं बैठक सम्पन्न भइसकेको छ। संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको प्रत्येक वार्षिक बैठकमा विश्वमा मानवअधिकारको उल्लंघनका प्रमुख सवालहरुमा छलफल हुने गर्दछ। १४ मार्चदेखि २२ अप्रिलसम्म जम्मा ६ हप्ताको लागि उच्चायोगको बैठक बस्दछ। यसको मुख्य कार्यालय स्वीजरल्याण्डको जेनेभामा रहेको छ। संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगमा ५३ वटा सदस्य राष्ट्रहरु छन्। ती ५३ वटा राष्ट्रहरु क्षेत्रीय आधारमा निर्वाचित हुन्छन्। अफ्रिकाबाट १५, एशियाबाट १२, पूर्वी युरोपबाट ५, ल्याटिन अमेरिका र क्यारिबियनबाट ११ तथा अन्य राष्ट्रबाट १० वटा निर्वाचित हुन्छन्। वार्षिक बैठकमा १०० भन्दा बढी राष्ट्रका प्रतिनिधिहरु पर्यवेक्षकको रुपमा उपस्थित हुन्छन्। त्यसैगरी अत्यधिक संख्यामा गैरसरकारी संस्थाहरुको पनि आयोगको बैठकमा सहभागिता रहन्छ।

के हो कार्यसूची प्रकार (Agenda Item)

संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको प्रत्येक वर्ष जेनेभामा बस्ने बैठकमा छलफलका लागि तयार गरिएका विषयहरु कार्यसूची प्रकार हुन्। प्रत्येक वर्ष बस्ने बैठकले बैठकको अन्त्यमा अर्को वर्ष बस्ने बैठकका लागि प्रस्तावित कार्यसूची (Provisional Agenda) तयार गर्दछ। सन् २००४ मा बसेको ६० औं बैठकले पनि सन् २००५ मा बस्ने ६१ औं बैठकका लागि कार्यसूची तयार गरेको थियो।

१४ मार्चदेखि २२ अप्रिल २००५ मा कार्यसूची प्रकारका विभिन्न विषयहरुमा छलफल भई विभिन्न निर्णय सहित ६१ औं बैठक सम्पन्न भयो। ६१ औं बैठकमा छलफलका लागि तयार भएका कार्यसूची प्रकार निम्न बमोजिम थिए।

कार्यसूची प्रकार

१. बैठकका लागि अधिकृतहरुको छनौट
२. बैठकका लागि कार्यसूचीको निर्धारण
३. बैठकको कार्य सञ्चालनको संरचना
४. संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको प्रतिवेदन र मानवअधिकार सम्बन्धी विश्व सम्मेलनको फलोअप
५. जनताको आत्मनिर्णयको अधिकार
६. जातिवाद, जातीय विभेद, जातीय घृणा र सबै किसिमका जातीय विभेद
७. विकासको अधिकार
८. प्यालेस्टाइन समेत अरबी भू-भागमा भएको मानवअधिकार उल्लंघन
९. विश्वको कुनै पनि भागमा मानवअधिकार तथा आधारभूत स्वतन्त्रताको उल्लंघन सम्बन्धी प्रश्न
१०. आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार
११. नागरिक तथा राजनीतिक अधिकार
१२. महिलाको मानवअधिकार र लैंगिक दृष्टिकोणको एकीकरण
१३. बालअधिकार
१४. विशेष समूह तथा व्यक्तिहरु
१५. जनजाति सम्बन्धी विषय
१६. मानवअधिकारको संरक्षण र प्रबर्द्धन सम्बन्धी उपआयोगको प्रतिवेदन
१७. मानवअधिकारको संरक्षण र प्रबर्द्धन
१८. मानवअधिकारका संयन्त्रहरुको प्रभावकारी कार्यान्वयन
१९. मानवअधिकारको क्षेत्रमा प्राविधिक सहयोग एवं परामर्श सेवाहरु
२०. आयोगको कार्यको औचित्य
२१(क)आयोगको ६२ औं बैठकका लागि प्रस्तावित कार्यसूचीको मस्यौदा
२१(ख)आर्थिक तथा सामाजिक परिषद्मा पेश गर्ने आयोगको ६१ औं बैठकको प्रतिवेदन

नेपालको सन्दर्भमा कार्यसूची प्रकार ९ र १९

आयोगको ६१ औं बैठकमा छलफल भएका कार्यसूची प्रकार मध्ये नेपालको लागि ९ र १९ नेपालको सन्दर्भमा महत्वपूर्ण रहे। कार्यसूची प्रकार ९ विश्वको कुनै भाग वा क्षेत्रमा मानवअधिकार तथा आधारभूत स्वतन्त्रताको व्यापक उल्लंघन

नेपालका सम्बन्धमा पारित कार्यसूची - प्रकार १९

(२० अप्रिल २००५)

स्वीट्जरल्याण्डको राजधानी जेनेभास्थित मानवअधिकार आयोग, संयुक्त राष्ट्रसंघको बडापत्र (१९४५) मा आधारित निकाय हो। त्रीपन्न वटा देश सदस्य रहने राष्ट्रसंघीय मानवअधिकार आयोगको हरेक वर्ष मार्च-अप्रिलमा छ साताका लागि बस्ने बैठकमा कार्यसूची - प्रकार १९ अन्तर्गत पारित हुने प्रस्ताव 'कुनै देशको मानवअधिकार अवस्थाको सुधारका निम्ति' प्राविधिक सहयोगसँग सम्बन्धित हुने गर्दछ। ०६२ वैशाख ७ गते आयोगको 'विशेष प्रक्रिया' अन्तर्गत नेपालका सम्बन्धमा पारित 'कार्यसूची - प्रकार १९' को मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको सचिवालय इन्सेकद्वारा गरिएको अनौपचारिक अनुवाद यहाँ प्रस्तुत गरिएको छ।

नेपालमा प्राविधिक सहयोग एवं परामर्श सेवाहरू- प्रकार १९
मानवअधिकार आयोग प्रस्ताव : २००५

मानवअधिकार आयोग

- मानवअधिकार सम्वन्धी ६ वटा प्रमुख महासन्धिहरू अनुमोदन गरेर नेपालले आरुना जनताको मानवअधिकार संरक्षण गर्ने दायित्वलाई स्वतन्त्र रूपमा स्वीकार गरेको तथ्यलाई स्मरण गर्दै,
- संयुक्त राष्ट्र संघीय सुरक्षापरिषद्द्वारा पारित महिला तथा शान्ति-सुरक्षा सम्वन्धी प्रस्ताव १३२५ (सन् २०००),[१] सशस्त्र द्वन्द्वमा नागरिकको संरक्षण सम्वन्धी प्रस्ताव १२६५ (सन् १९९९)[२] र १२९६ (सन् २०००)[३] र बालबालिका र सशस्त्र द्वन्द्व सम्बन्धी प्रस्ताव १५३९ (सन् २००४)[४] को कार्यान्वयनको महत्वलाई स्मरण गर्दै,
- २७ अगष्ट २००३ मा युद्धविराम भंग भएपछि जारी द्वन्द्वमा नागरिकहरू बढ्दो संख्यामा शिकार भएको तथ्यप्रति गम्भीर चिन्ता एवं सरोकार व्यक्त गर्दै,
- नेपालको वर्तमान मानवअधिकार अवस्थाप्रति, सुरक्षा निकायद्वारा गरिने मानवअधिकारको उल्लंघनप्रति, खास गरेर गैरकानुनी हत्याप्रति, हरेक प्रकारको यौनजन्य हिंसा, जबरजस्ती विस्थापन तथा बेपत्ता पारिने एवं राजनीतिक दलका नेता वा कार्यकर्ता, मानवअधिकार रक्षक, पत्रकार एवं अन्य सर्वसाधारणप्रति भौतिक आक्रमणका घटना तथा व्याप्त दण्डहीनताका सम्वन्धमा पनि गहन चिन्ता एवं सरोकार अभिव्यक्त गर्दै,
- नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सदस्यहरूद्वारा नागरिकविरुद्ध गरिने सबै प्रकारका हिंसा तथा अन्य आपराधिक कार्यहरू जस्तै जीउज्यान विरुद्धको आक्रमण, वैयक्तिक स्वतन्त्रता एवं सुरक्षामाथि आक्रमण, गैरकानुनी हत्या, सबै किसिमको यौनजन्य हिंसा, बलजरुती पैसा असुल्ने कार्य आदिलाई कडा रूपमा निन्दा गर्दै,
- अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गर्ने जिम्मेवारी सरकारको भएकाले यी अपिलहरू मूलतः श्री ५ को सरकारतिर लक्षित छन् भन्ने तथ्यप्रति सचेत हुँदै, साथै नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा युद्ध अपराध एवं मानवता विरुद्धको अपराधको श्रेणीमा पर्न सक्ने गरी गरिएको मानवीय कानुनको उल्लंघनप्रति गम्भीर चिन्ता प्रकट गर्दै,
- २६ मार्च २००४ मा श्री ५ को सरकारद्वारा "मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानुनलाई कार्यान्वयन गर्ने सम्वन्धी प्रतिवद्धता" लाई स्मरण गर्दै,
- "मानवअधिकार सहायता सम्वन्धी अध्यक्षको वक्तव्य"[५] लाई मनन गर्दै,
- श्री ५ को सरकार प्रधानमन्त्री कार्यालयद्वारा मानवअधिकार प्रवर्द्धन केन्द्र स्थापना गरिएकोलाई ध्यानमा राख्दै,
- बलजफ्ती बेपत्ता पारिएकाहरू सम्वन्धी कार्यकारी समूहद्वारा २८ जनवरी २००५ मा प्रस्तुत मिसन प्रतिवेदन एवं मानवअधिकार उच्चायोगद्वारा नेपाल सम्वन्धी आफ्नो गतिविधि वारे प्रस्तुत प्रतिवेदन (जसमा ३१ जनवरी २००५ को प्राविधिक सहयोग सम्वन्धी प्रतिवेदन पनि संलग्न छ) लाई ध्यानमा राख्दै,
- १ फरवरी २००५ मा जारी गरिएको संकटकालीन अवस्थाको घोषणा तथा शाही घोषणाले नेपालमा प्रजातन्त्र माथि गहिरो धक्का एवं कानुनी राजलाई कमजोर तुल्याएको तथ्यप्रति गम्भीर चिन्ता प्रकट गर्दै,

राजनीतिक नेता एवं कार्यकर्ताहरू, मानवअधिकार रक्षकहरू, पत्रकार एवं सर्वसाधारणको जथाभावी गिरफ्तारी तथा गोप्य थुना, बेपत्ता तथा यातनाप्रति गम्भीर सरोकार अभिव्यक्त गर्दै,

- १० अप्रिल २००५ मा श्री ५ को सरकार एवं मानवअधिकार उच्चायोग कार्यालयबीच नेपालमा कार्यालय स्थापना गर्ने सम्वन्धी सम्झौताको स्वागत गर्दै, साथै श्री ५ को सरकारले मानवअधिकारको उल्लंघनका केही मामिलामा गरेको कार्यवाहीलाई समेत मध्यनजर गर्दै,

आन्तरिक रूपमा विस्थापितहरूको मानवअधिकार सम्वन्धमा महासचिवका विशेष प्रतिनिधिको वर्तमान भ्रमण र यातना तथा अन्य क्रुर, अमानवीय एव अपमानजनक व्यवहार वा सजाय सम्वन्धी विशेष प्रतिवेदकलाई दिइएको निमन्त्रणालाई ध्यानमा राख्दै,

१. श्री ५ को सरकारलाई नेपाल अधिराज्यको संविधानमा व्यवस्था भएवमोजिम वहुदलीय प्रजातान्त्रिक संस्थाहरू तत्काल वहाल गर्न एवं बिना कुनै अपवाद कानुनी शासनलाई सम्मान गर्न आह्वान गरिन्छ।
२. नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी महासन्धिको धारा ४ ले व्यवस्था गरे बमोजिम खासगरी जीवनको अधिकार, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको अधिकारलाई कुनै पनि परिस्थितिमा न्यूनीकरण हुन नसक्ने प्रावधान गरेको तथा न्यूनीकरण गर्ने उपाय अवलम्वन गरिदा हरेक मामिलामा उक्त धारा बमोजिम मात्र गर्नुपर्ने एवं मानवअधिकार समितिको सामान्य टिप्पणी नं. २१ (२००१) मा व्यवस्था भएवमोजिम, मुलुकको अस्तित्व खतरामा परेको सार्वजनिक संकटकालीन अवस्थामा अपवाद एवं अस्थायीरूपमा मात्र मात्र गर्नुपर्ने कुरा अनुरोध गरिन्छ।
३. श्री ५ को सरकारलाई तत्काल नागरिक तथा राजनीतिक अधिकार वहाल गर्न, संकटकालीन अवस्थामा गरिएका एवं अन्य जथाभावी थुनालाई वन्द गर्न, व्यापक रूपमा गरिएको सेन्सरसिप हटाउन, विचार, अभिव्यक्ति, प्रेसका साथै भेला हुने अधिकार वहाल गर्न, थुनामा राखिएका नेता तथा कार्यकर्ताहरू, मानवअधिकार रक्षक, पत्रकार वा अन्य सबैलाई तत्काल रिहा गर्न, सम्पूर्ण

नागरिकहरूलाई मुलुकभित्र एवं बाहिर निर्बाध आवत-जावत गर्न दिन एवं सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्वहरूका साथै २६ मार्च २००४ मा प्रतिबद्धता व्यक्त गरिएको २५ बुँदाहरूलाई सम्मान गर्न आह्वान गरिन्छ।

४. नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को पटक-पटकका निम्न क्रियाकलापलाई कडा रूपमा निन्दा गरिन्छ :

(क) सर्वसाधारणप्रति लक्षित गैरकानुनी हत्या, बलात्कार, जबरजस्ती पैसा असुल्ने, बलजफ्ती विस्थापन, व्यापक अपहरण, बलजफ्ती भर्ना तथा श्रम।

(ख) राजनीतिक दलका नेता तथा कार्यकर्ता, मानवअधिकार रक्षक, पत्रकार, शान्ति कार्यकर्ता एवं अन्य सर्वसाधारणको जीवन सम्मान एवं सुरक्षा विरुद्ध आक्रमण।

(ग) नागरिकहरूका लागि आवश्यक खाद्यान्नलगायत अन्य आवश्यक वस्तुहरूको आपूर्तिलाई रोक्न काठमाडौं एवं अन्य सहरी क्षेत्रका नाकाबन्दी गर्ने।

५. त्यसैगरी ठूलो संख्यामा बालबालिकालाई माओवादी सेनामा भर्ना गर्ने वा प्रयोग गर्ने कार्यलाई पनि कडा निन्दा गरिन्छ तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सदस्यहरूसँग बालबालिकालाई भर्ना गर्ने कार्य रोक्न तथा भाग लिइसकेकाहरूको सैन्य प्रयोगलाई सुरक्षा परिषदको प्रस्ताव एस/१५३९ (२००४) मा उल्लेख भएबमोजिम तत्काल बन्द गर्न आग्रह गरिन्छ।

६. अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न, नेपाली जनताको मानवअधिकारको उपयोग गर्न पाउने कुराको सम्मान गर्न तथा तत्काल बिना कुनै शर्त हिंसालाई बन्द एवं परित्याग गर्न, निशस्त्र हुन एवं राजनीतिक प्रक्रियामा सहभागी हुन, नेपाली जनता आरुनो सरकार चुन्न स्वतन्त्र छन् भन्ने असली मनशायले वार्तामा आउन ने.क.पा.(माओवादी) लाई सशक्त आग्रह गरिन्छ।

७. द्वन्द्वरत सबै पक्षलाई मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानुन सम्मान गर्न खासगरी जेनेभा महासन्धि १९४९ को साझा धारा ३ का साथै खासगरी महिला तथा बालबालिका लगायतका नागरिकहरूको संरक्षणसँग सम्बन्धित मापदण्ड अनुसार कार्य गर्न एवं मानवीय संगठनहरूको पहुँचलाई बिना बाधा अवरोध सहायताको आवश्यकता भएकाहरूसम्म सुनिश्चित हुनुपर्छ।

८. श्री ५ को सरकारसँग आग्रह गरिन्छ कि :

(क) आम हत्या, हरेक प्रकारका यौनजन्य हिंसा, बलजफ्ती बेपत्ता पारिने, जथाभावी गिरफ्तारी, गैरकानुनी सम्पर्कविहीन थुनाका साथै यातना, अमानवीय वा अपमानजनक व्यवहार वा सजायलाई रोकथाम एवं बन्द गर्न आवश्यक सबै उपायहरू अवलम्बन गर्न।

(ख) बलजफ्ती बेपत्ता पारिएका पीडितहरूको स्थिति स्पष्ट गर्न सम्पूर्ण आवश्यक एवं उचित उपायहरू अवलम्बन गर्न एवं आवश्यक भएमा यस क्षेत्रमा कार्यरत राष्ट्रिय वा अन्तर्राष्ट्रिय विशेषज्ञ समितिहरूको कार्यलाई पनि ध्यानमा राख्न।

(ग) आतंकवाद विरुद्ध एवं सुरक्षा सम्बन्धी सम्पूर्ण कानुन एवं अवलम्बन गरिएका सम्पूर्ण उपायहरू सम्बन्धित अन्तर्राष्ट्रिय प्रचलन एवं नेपाल अधिराज्यको संविधानले तोकेको मापदण्ड अनुरूप छ भन्ने तथ्य सुनिश्चित गर्न।

(घ) राजनीतिक नेता तथा कार्यकर्ता, मानवअधिकार रक्षक, पत्रकार एवं सबै नागरिकको नागरिक तथा राजनीतिक अधिकारको संरक्षणलाई सुनिश्चित गर्न आवश्यक उपायहरू अवलम्बन गर्न।

(ङ) सुरक्षा परिषदको प्रस्ताव १३२५ (२०००) मा जोड दिइएअनुसार महिला तथा बालिकाहरू लिङ्गमा आधारित हिंसाको शिकार हुनुबाट संरक्षण गर्न एवं महिला वा बालबालिकाहरूको बेच बिखनलाई रोकथाम एवं सजाय गर्न समेत उचित एवं आवश्यक कदमहरू अवलम्बन गर्न।

(च) शरणार्थीहरूको मानवअधिकारको संरक्षण एवं सम्मान गर्न तथा निष्काशन नगर्नसमेत आवश्यक एवं उचित कदमहरू चाल्न।

(छ) दण्डहीनतासँग लड्न मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानुनका आरोपित उल्लंघनका घटनाहरूको तत्काल एवं निष्पक्ष छानबीन गर्नुका अतिरिक्त नेपाल अधिराज्यको संविधान एवं न्याय, स्वच्छता एवं कानुनको उचित प्रक्रियासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम फौजदारी अदालतमा मुद्दा चलाइने तथ्य सुनिश्चत गर्न।

(ज) शान्ति, स्थिरता मानवअधिकारको संरक्षण वा सम्बर्द्धन गर्न एवं प्रजातन्त्रको रक्षा गर्न तुरुन्त राजनीतिक दलहरूसँग राष्ट्रिय सम्वादको थालनी गर्न।

(झ) स्थानीय निकायको स्वतन्त्र एवं स्वच्छ निर्वाचनको योजना बनाउन प्राविधिक सहयोगका लागि अन्तर्राष्ट्रिय समुदाय एवं संयुक्त राष्ट्रसंघसँग अनुरोध गर्न।

९. आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई तत्काल संरक्षण एवं सहायता प्रदान गर्न, यसमध्ये महिला तथा बालबालिकाको आवश्यकतामाथि विशेष ध्यान पुऱ्याउन, उनीहरूको सुरक्षित फिर्ती एवं देशको अन्य उचित भागमा उनीहरूको पुनर्स्थापना एवं एकीकरण गर्न एवं आन्तरिक रूपमा विस्थापितहरूको निर्देशक सिद्धान्तलाई ध्यानमा राख्दै यस सम्बन्धी उचित नीति एवं कानुनहरू विकसित गर्न श्री ५ को सरकारलाई आह्वान गरिन्छ।

१०. न्यायपालिकाको स्वतन्त्रता एवं प्रभावकारितालाई सुनिश्चित गर्न आह्वान गर्दै प्रभावकारी न्यायिक उपचार संरक्षण गर्न खासगरी बन्दी प्रत्यक्षीकरणको आदेशलाई सम्मान गर्न तथा अदालती आदेशहरूलाई पूर्ण पालना गर्न आग्रह गरिन्छ।

११. श्री ५ को सरकारलाई आह्वान गरिन्छ :

(क) संयुक्त राष्ट्रसंघीय पेरिस सिद्धात एवं मानवअधिकार ऐन २०५३ बमोजिम राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रता, संस्थागत निरन्तरता एवं स्थायित्व सुनिश्चित गर्न।

(ख) थुनुवा राखिएका बन्दीगृहकासाथै शाही नेपाली सेनाको हिरासतस्थलमा समेत कुनै बाधा तथा कुनै पूर्व सूचना बिना नै राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकार उच्चायोग एवं रेडक्रस अन्तर्राष्ट्रिय समितिको पहुँच सुनिश्चित हुनुपर्छ।

(ग) राष्ट्रिय मानवअधिकार आयोग एवं यसका क्षेत्रीय कार्यालयहरूसमेतलाई सुरक्षा निकाय लगायत सरकारका सबै अंगले आयोगको कानुनी कार्यादेश निर्वाह गर्न एवं आयोगका सदस्यहरूले मानवअधिकारको संरक्षण एवं प्रवर्द्धनको कार्य गर्ने वातावरण निर्माण गर्न आवश्यक सुरक्षा एवं सहयोग उपलब्ध गराउन।

१२. श्री ५ को सरकारको खासगरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध अन्तर्गत सन्धि दायित्वलाई पालन गर्न प्रस्तुत गरेको आवधिक प्रतिवेदनको स्वागत गर्दै सन्धि

सबैभन्दा बढी विस्थापित भएको जुम्लाको विराट गाविस वडा नं. २ माझबुडु गोलो घेराभित्र (इन्सेटमा विस्थापितका घरहरु)

सुर्खेत एयरपोर्टमा आयोजित 'विस्थापितहरु आफ्नै घर फर्कने कार्यक्रम'

इन्सेक महासचिव कुन्दन अर्याल : विस्थापितहरुलाई विदाई गर्नुहुँदै

विस्थापितहरु जुम्लाको खलंगाबाट आफ्नो घर फर्कदै

आफ्नै गाउँ फर्की आएँ .....

सुर्खेतको रेडक्रस भवन अगाडि खुल्ला चौरमा दश महिना पालमुनिको विस्थापित जीवन बिताएका जुम्ला जिल्ला विराट गाविस-२ माझबुडु, बोटामालिका तथा कन्कासुन्दरीका गरी १११ जना इन्सेकको पहल तथा डिएफआईडीको सहयोगमा ०६२ जेठ महिनामा आफ्नै गाउँ फर्किएका छन्। उनीहरू वीरेन्द्रनगरबाट हवाइजहाजमा जुम्लाको सदरमुकाम खलंगासम्म र सदरमुकामबाट दुई दिनको पैदल यात्रापछि आफ्नो घर पुगेका थिए।

शुरुमा उनीहरू आफ्नो घर फर्कन नसक्ने बताउँथे। पत्रकार तथा मानवअधिकारकर्मीहरूको टोलीले उनीहरूको थातबातमा बस्न पाउने, आफ्नो पेशा-व्यवसाय गर्न पाउने र जसले पायो त्यसले आफ्नो स्वार्थका लागि प्रयोग गर्न नपाउने जस्ता विषयमा छलफल हुँदा उनीहरूले आफ्नो अधिकारको रक्षाप्रति चासो दिन थाले। यस्ता कुराहरू आफ्ना अधिकार हुन् भन्ने उनीहरूले बुझ्न थाले। यसैक्रममा घर फर्कने वातावरण बनाउनको लागि विस्थापितहरूले इन्सेकसमक्ष अनुरोध गरे।

विस्थापितहरूलाई पुनर्स्थापित गराउने विषयमा स्थानीय सरोकारवालाहरूको ध्यानाकर्षण तथा उनीहरूको धारणा बुझ्न सुर्खेत जिल्लाको सदरमुकाम वीरेन्द्रनगरमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो। राजनीतिक पार्टी, सरकारी निकाय, बुद्धिजीवी, मानवअधिकारकर्मी र पत्रकारहरूले विस्थापितहरूलाई उनीहरूको पुनर्स्थापना गराउने कार्य निकै कठिन भए पनि सराहनीय भएको र यसमा आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने बताएका थिए।

● बिमलचन्द्र शर्मा

जुम्ला सदरमुकाम खलंगाबाट विराट गाविस जाने बाटोमा माओवादीको बोर्ड, गेट र बाटोमा विद्युतीय धराप राख्न खनिएको खाल्डो

आफ्नै गाउँ फर्किसकेपछि भनाइ राख्दै एक विस्थापित

फर्किएकाहरूलाई दुःख नदिने धारणा राख्दै स्थानीय माओवादी नेता 'पावर'

दश महिनापछि आफ्नो घरको ताला खोल्दै विस्थापित महिला

विस्थापितलाई घर फर्काइएपछि सुर्खेतमा आयोजित पत्रकार सम्मेलन

संयन्त्रद्वारा दिइएको सिफारिसहरू खासगरी महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन महासन्धि अन्तर्गतको जनवरी २००४ मा दिइएको सिफारिशहरू एवं सबै किसिमका जातीय भेदको निर्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अन्तर्गत मार्च २००४ को सिफारिसहरूलाई कार्यान्वयन गर्न अनुरोध गरिन्छ।

१३. श्री ५ को सरकारलाई आयोगको विशेष प्रक्रिया अन्तर्गतको भ्रमणका लागि निम्तो गर्न प्रोत्साहित गर्नुका अतिरिक्त यसलाई पूर्ण सहयोग गर्न एवं यसका सिफारिसहरू खासगरी बलजरुती बेपत्ता तुल्याइएका सम्बन्धमा कार्यकारी समूहको हालैको सिफारिसहरू तथा विशेष गरी सैनिक छाउनीमा गरिने सम्पर्कविहीन थुनालाई पूर्ण प्रतिबन्ध गर्ने सम्बन्धी सिफारिसलाई कार्यान्वयन गर्न अनुरोध गरिन्छ।

१४. नेपाली अधिकारीहरूलाई मानवअधिकारको सम्वर्द्धन एवं संरक्षणका लागि नीति एवं कार्यक्रम विकास गर्न, मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना सम्बन्धी अनुगमन जसमा अन्तर्राष्ट्रिय मानवअधिकार अधिकृतहरू एवं अन्तर्राष्ट्रिय व्यक्तिहरू कार्यरत रहेको स्थलगत कार्यालयहरूद्वारा सम्झौतामा उल्लेख भएबमोजिम एवं नेपालमा कार्यरत अन्य संस्थाहरूसँग सहयोग गर्दै अनुसन्धान एवं प्रमाणीकरण गर्न अनुरोध गरिन्छ।

१५. श्री ५ को सरकारलाई १० अप्रिल २००५ मा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तसँग हस्ताक्षर गरिएको सम्झौता तत्काल एवं पूर्ण रूपमा लागू गर्न तथा नेपालमा स्थापना हुन लागेको मानवअधिकार उच्चायुक्तको कार्यालयको कार्यालयलाई आरुनो कार्यादेश पूरा गर्न सबै किसिमको पूर्ण सहयोग गर्न एवं मिसनका विशेषज्ञहरूले भेट्न चाहेका मानिसहरूसँगग स्वतन्त्र एवं निर्बाध भेटघाट सुनिश्चित गर्न आवश्यक कदम चाल्न समेत आह्वान गरिन्छ।

१६. यो प्रस्तावको कार्यान्वयनका लागि श्री ५ को सरकारलाई सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायलाई प्रोत्साहित गरिन्छ।

१७. मानवअधिकार उच्चायुक्तलाई नेपालमा मानवअधिकारको अवस्थाका साथै प्राविधिक सहयोग बारे समेत महासचिव मार्फत् महासभाको ६० औं बैठक एवं आयोगको ६२ औं बैठकमा प्रतिवेदन प्रस्तुत गर्न आग्रह गरिन्छ।

१८. संयुक्त राष्ट्र संघको ६२ औं बैठकमा यसै कार्यसूची - प्रकार अन्तर्गत नेपालको मानवअधिकार स्थितिबारे विचार विमर्श गर्न निरन्तरता दिइने निर्णय गरिन्छ।

१. संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले महिला तथा शान्ति-सुरक्षा सम्बन्धी प्रस्ताव १३२५ (सन् २०००) लाई परिषद्को सन् २००० अक्टोर ३१ मा सम्पन्न ४२१३ औं बैठकबाट पारित गरेको थियो। महिला तथा बालिकाहरुमाथि पर्ने सशस्त्र द्वन्द्वको असरलाई ध्यानमा राख्दै उनीहरुको सुरक्षा तथा शान्ति प्रक्रियामा सहभागिता सुनिश्चित गर्ने उद्देश्य प्रस्तावना सहितको १८ बुंदे यस प्रस्तावले राखेको छ।

२. संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले सशस्त्र द्वन्द्वमा नागरिकको संरक्षण सम्बन्धी प्रस्ताव १२६५ (सन् १९९९) लाई परिषद्को सन् १९९९ सेप्टेम्बर १७ मा सम्पन्न ४०४६ औं बैठकबाट पारित गरेको थियो। सर्वसाधारण नागरिकलाई सशस्त्र द्वन्द्वबाट संरक्षण गर्ने उद्देश्य प्रस्तावना सहितको २३ बुंदे यस प्रस्तावले राखेको छ।

३. संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को ४१३० औं बैठकले सन् २००० अप्रिल १९ मा पारित गरेको प्रस्ताव १२९६ (सन् २०००) पनि सशस्त्र द्वन्द्वमा नागरिकको संरक्षण गर्ने सम्बन्धी नै छ। प्रस्तावना सहितको २६ बुंदे यो प्रस्ताव अघिल्लो प्रस्ताव १२६५ (सन् १९९९) को निरन्तरता हो। यसले सशस्त्र द्वन्द्वबाट पीडित नागरिकका हकमा छुट्टाछुट्टै (केस बाई केस) कार्य गर्नुपर्नेमा जोड दिएको छ।

४. संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले बालबालिका र सशस्त्र द्वन्द्वसम्बन्धी प्रस्ताव १५३९ (सन् २००४) लाई सन् २००४ अप्रिल २२ मा पारित गरेको थियो। सशस्त्र द्वन्द्वले बालबालिका माथि पारेको असरलाई ध्यानमा राख्दै उनीहरुको सुरक्षा गर्ने उद्देश्य प्रस्तावना सहितको १६ बुंदे यस प्रस्तावले राखेको छ।

५. संयुक्त राष्ट्र संघीय मानवअधिकार आयोगका अध्यक्षले आयोगको ६० औं सभामा सन् २००४ अप्रिल २० मा दिनु भएको वक्तव्यलाई यहाँ उल्लेख गरिएको हो। आठ बुंदे सो अध्यक्ष वक्तव्यमा नेपालको तत्कालिन मानवअधिकार स्थिति बारेमा चर्चा गर्दै नेपालमा मानवअधिकार स्थिति सुदृढिकरणका लागि सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायलाई प्रोत्साहन समेत गरिएको थियो। साथै ६१ औं सभामा नेपाल बारे एक प्रतिवेदन पेश गर्न मानवअधिकार उच्चायुक्तको कार्यालयलाई अनुरोध पनि गरिएको थियो।

भएको अवस्थासँग सम्बन्धित छ। त्यसरी मानवअधिकार तथा आधारभूत स्वतन्त्रताको व्यापक उल्लंघन हुँदा राज्यले संरक्षण गर्न नसक्ने परिस्थिति सृजना भएको अवस्थामा यो कार्यसूची प्रकार अन्तर्गत छलफल गरी मानवअधिकार र आधारभूत स्वतन्त्रताको संरक्षणका लागि गर्नुपर्ने कार्ययोजना तय गरिन्छ। तर ६१ औं बैठकमा छलफल हुँदा त्यो अवस्थामा अझै नेपाल नपुगेकाले मानवअधिकार तथा आधारभूत स्वतन्त्रताको उल्लंघनको घटनाहरुको अनुगमनका लागि संयुक्त राष्ट्र संघीय मानवअधिकार सम्बन्धी उच्चायुक्तको कार्यालय स्थापना आवश्यक भएको निष्कर्ष निकालिएको थियो। सो छलफलमा नेपालको मानवअधिकारको स्थितिको विश्लेषण विस्तृत रुपमा गरिएको थियो। मानवअधिकारको स्थितिको विश्लेषण गर्दा ०६० चैत १२ गते श्री ५ को सरकारले मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको कार्यान्वयन सम्बन्धी प्रतिबद्धता, मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्त र श्री ५ को सरकारबीच ०६१ मंसिर २८ गते सम्पन्न भएको राष्ट्रिय मानवअधिकार आयोगलाई प्राविधिक सहयोग उपलब्ध गराउने सम्बन्धी सम्झौता र तिनीहरुको कार्यान्वयन समेतलाई मध्यनजर गरिएको थियो। त्यसैगरी नेपालको मानवअधिकार स्थिति सम्बन्धी आयोगमा पेश गरिएको प्रतिवेदन समेतको आधार विश्लेषण गरिएको थियो।

नेपालको मानवअधिकारको यथार्थ स्थितिलाई आयोगसम्म पुऱ्याउन नेपालका मानवअधिकारको क्षेत्रमा कार्य गरिरहेका संघ संस्थाको भूमिका पनि महत्वपूर्ण रहेको थियो।

नेपाल सरकार र उच्चायुक्त बीच सम्पन्न सम्झौताका विषयहरु

नेपाल मानवअधिकारका विभिन्न सन्धि सम्झौताहरुको पक्ष राष्ट्र हो। तिनीहरुको पालना र कार्यान्वयन हुन नसकेकोले मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि नीति, कार्यक्रम तथा उपायहरुको तर्जुमा र त्यसको कार्यान्वयन बारे नेपाललाई सल्लाह दिने, त्यसैगरी मानवअधिकार तथा मानवीय कानुनको पालना भए नभएको अनुगमन गरी संयुक्त राष्ट्र संघीय मानवअधिकार आयोग, महासभा र महासचिवलाई विश्लेषण सहितको प्रतिवेदन पेश गर्ने कार्यका लागि संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय नेपालमा स्थापना गर्नका लागि उच्चायुक्त र नेपाल सरकार बीच अप्रिल १०, २००५ मा सम्झौता सम्पन्न भयो।

सो बमोजिमको कार्य गर्नका लागि संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय स्थापना भई कार्य शुरुवात भइसकेको छ।

उक्त कार्यालयले मानवअधिकार र मानवीय कानुन सम्बन्धमा नागरिक समाजका प्रतिनिधि, मानवअधिकार सम्बन्धी गैरसरकारी संघ संस्था तथा व्यक्तिहरुलाई परामर्श सेवा तथा सहयोग उपलब्ध गराउने समेत सम्झौतामा उल्लेख गरिएको छ।

उक्त सम्झौता २ वर्षसम्म लागू हुने छ। दुवै पक्षको सहमतिमा यो अवधि अरु थप दुई वर्षको लागि बढाउन सकिने व्यवस्था सम्झौतामा गरिएको छ।

सम्झौता अनुसार संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको कार्यालयको क्षेत्राधिकार निम्न बमोजिम छ-

१. नेपालमा मानवअधिकारको संरक्षण र प्रवर्द्धनका लागि नीति, कार्यक्रम तथा उपायहरुको तर्जुमा गर्ने
२. त्यसको कार्यान्वयनका लागि सम्बन्धित सबैलाई सल्लाह प्रदान गर्ने
३. मानवअधिकार तथा मानवीय कानुनको पालना भए नभएको अनुगमन गर्ने
४. संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोग, महासभा र महासचिवलाई विश्लेषण सहितको प्रतिवेदनहरु पेश गर्ने।
५. नागरिक समाजका प्रतिनिधिहरु, मानवअधिकार सम्बन्धी गैरसरकारी संघ संस्था तथा व्यक्तिहरुलाई परामर्श सेवा तथा सहयोग उपलब्ध गराउने।

नेपालमा स्थापित उच्चायुक्तको कार्यालयले गर्ने कार्यहरु

(क) देशको हिंसात्मक वातावरण तथा आन्तरिक सशस्त्र द्वन्द्वलाई ध्यानमा राख्दै आवश्यकता अनुसार अन्तर्राष्ट्रिय मानवअधिकार अधिकृतहरू अनुसन्धान तथा सत्य प्रमाणीकरणका लागि देशका विभिन्न भागमा पठाउने लगायत मानवअधिकारको स्थिति र अन्तर्राष्ट्रिय मानवीय कानुन पालना भए नभएको अनुगमन गर्ने,

(ख) सम्बद्ध अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको पालना सुनिश्चित गराउने उद्देश्यले गैर राज्यपक्ष लगायत सम्बद्ध सबै पक्षहरुसँग कार्य गर्ने,

(ग) सम्बद्ध राष्ट्रिय अधिकारीहरूद्वारा लागू गरिएका घरेलु कानुनी कार्यविधिहरू अन्तर्राष्ट्रिय कानुनी दस्तावेजका प्रावधानहरूसँग मेल नखाएको लागेमा र/वा यसका लागि कुनै पनि उपयुक्त कदम नचालेमा वा सो कदम अपर्याप्त भएमा सक्षम अधिकारीहरूलाई मानवअधिकार उल्लङ्घन तथा अन्य दुर्व्यवहारबारे जानकारी गराउने र आवश्यक देखेको ठाउँमा राष्ट्रिय अधिकारीहरूद्वारा निरोधक तथा उपचारात्मक कारवाही गर्नका लागि सिफारिसहरूको तर्जुमा गर्ने। यो उद्देश्यका लागि कार्यालयले कुनै निजी वा सार्वजनिक सम्पत्ति लगायत जुनसुकै स्रोतबाट आफूलाई आवश्यक जानकारी प्राप्त गर्न सक्नेछ। यसरी सूचना प्राप्त गर्दा सूचना दिने व्यक्तिको परिचय भने गोप्य राख्न सकिनेछ । कार्यालयले सूचना दिने व्यक्ति, सूचनासँग सम्बद्ध पीडित तथा त्यस्तो घटनाका प्रत्यक्षदर्शीहरूको संरक्षणका लागि आवश्यक उपायहरूको सिफारिस तथा प्रवर्द्धन गर्न सक्नेछ । कार्यालयले सूचना दिने व्यक्तिहरूलाई सकेसम्म चाँडो अधिकारप्राप्त अधिकारीसमक्ष सूचनाहरु ल्याउन सल्लाह तथा प्रोत्साहन दिनेछ ।

(घ) कार्यालयको स्वायत्ततालाई असर नपर्ने गरी आफ्ना गतिविधिहरू सञ्चालन गर्ने प्रयोजनका लागि आफूले आवश्यक ठानेका सम्पर्कहरू स्थापना गर्न, कार्यालयले राष्ट्रिय सन्दर्भलाई विचार गरी मानवअधिकारको पालना गराउने एवं मानवअधिकार स्थितिको स्वतन्त्र तथा निष्पक्ष अनुगमन सुनिश्चित गराउने उद्देश्यले सबै अधिकारप्राप्त नागरिक तथा सैनिक सरकारी निकायसँग र मानवअधिकारको प्रवर्द्धन तथा रक्षाका लागि नागरिक समाजका संगठनहरूसँग निरन्तर सञ्चार सम्बन्ध कायम राख्नेछ । यो उद्देश्यका लागि कार्यालयले माथि उल्लेखित क्षेत्रहरूसँग सञ्चार, परामर्श र संवादका लागि स्थायी संयन्त्रहरूको डिजाइन तथा कार्यान्वयनसम्बन्धी श्री ५ को सरकार र राज्यका अधिकारप्राप्त निकायहरूसँग सहमति कायम राख्नेछ।

(ङ) मानवअधिकारको समग्र परिभाषा तथा विशेषतः तिनीहरुको कार्यान्वयनबारेमा कार्यकारी अङ्गलाई सल्लाह दिनेछ। मानवअधिकार सम्बन्धी कानुन तथा न्यायिक निर्णयहरू तत्सम्बन्धी अन्तर्राष्ट्रिय कानुनी दस्तावेज एवं प्रतिबद्धताहरू अनुकुल होउन् भन्ने उद्देश्यले व्यवस्थापकीय तथा न्यायिक अङ्गहरु समेतलाई सल्लाह उपलब्ध गराइनेछ।

(च) नागरिक समाजका प्रतिनिधि र व्यक्तिहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संरक्षण संयन्त्रहरूको

प्रयोगलगायत मानवअधिकार संरक्षण तथा सम्बर्द्धनसम्बन्धी सबै विषयहरुमा सल्लाह दिने।

(छ) राष्ट्रिय मानवअधिकार आयोगलाई मानवअधिकारको संरक्षण, संवर्द्धन तथा सोसम्बन्धी प्रतिवेदन लेखनका विषयलगायत मानवअधिकार ऐन, १९९७ र चैत १३, २०६० मा श्री ५ को सरकारले व्यक्त गरेको मानवअधिकार प्रतिबद्धताअनुसार आफ्ना कानुनी अधिकारहरूको प्रयोग गर्न सल्लाह र सहयोग उपलब्ध गराउने।

(ज) राज्य तथा गैरसरकारी निकायहरूलाई मानवअधिकार शिक्षा कार्यक्रम तथा उपयुक्त व्यावसायिक कार्यक्रमसम्बन्धी सल्लाह दिने।

(झ) विकास कार्यक्रम र शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन संयुक्त राष्ट्रसंघका आवासीय संयोजक र देशीय टोलीलाई मानवअधिकार संरक्षण र क्षमता निर्माणबारे सल्लाह दिनुका साथै नेपालस्थित संयुक्त राष्ट्रसंघीय देशीय टोलीका मानवअधिकार संरक्षण तथा संवर्द्धनसम्बन्धी क्रियाकलापहरूको समन्वय गर्ने।

(ञ) संयुक्त राष्ट्रसंघीय मानवअधिकार निकाय तथा अन्य अन्तर्राष्ट्रिय संगठनहरूका निर्णय र सिफारिसहरूमा ती सरकारी निकायहरू, जसको त्यो क्षेत्रमा दायित्व तथा अधिकार हुन्छ, को ध्यान जाओस् भन्ने कुराको सुनिश्चित गर्ने र तिनको कार्यान्वयनका लागि विशेष उपायहरू अवलम्बन गर्न सल्लाह दिने।

उच्चायुक्त र नेपाल सरकारबीच अप्रिल १०, २००५ मा सम्पन्न सम्झौता बमोजिम उल्लेखित क्षेत्राधिकार भित्र रही नेपालमा मानवअधिकारको स्थापना र मानवीय कानुनको पालनाका निमित्त कार्य गर्ने छ।

नेपालको सन्दर्भमा कार्यसूची प्रकार १९

६१ औं वैठकमा नेपालको सन्दर्भमा पारित कार्यसूची प्रकार १९ अर्को महत्वपूर्ण कार्य हो। संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको वैठकमा छलफल भएको कार्यसूची प्रकार १९ मानवअधिकार तथा मानवीय कानुनको पालनाका लागि प्राविधिक सहयोग एवं परामर्श सेवाहरुसँग सम्वन्धित छ। नेपाल पक्षराष्ट्र भई अनुमोदन गरेका मानवअधिकारका सन्धिहरुको पालना गर्न र कार्यान्वयन गराउनका लागि प्राविधिक सहयोग प्रदान गर्न र परामर्श सेवा दिनका लागि कार्यसूची प्रकार १९ पारित गरिएको हो। यस अन्तर्गत श्री ५ को सरकार र माओवादी दुवैलाई विभिन्न कार्यहरु पूरा गर्न तोकिएको छ।

पारित कार्यसूची प्रकार १९ को बुँदा नं. १ देखि ३ सम्म श्री ५ को सरकारलाई बहुदलीय प्रजातान्त्रिक संस्थाहरुको वहाली गर्न र कानुनको शासनलाई सम्मान गर्नु पर्ने लगायतका कार्यहरु तोकिएको छ। त्यसैगरी बुँदा नं. ८ देखि १५ सम्म आमहत्या, जबरजस्ती बेपत्ता लगायतका कार्य रोक्ने उपाय अबलम्बन गर्ने र दण्डहीनतालाई रोक्ने र अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम फौज्दारी अदालतमा मुद्दा चलाउने तथ्यको निश्चितता गर्नुपर्ने कार्य तोकिएको छ।

त्यसैगरी बुँदा नं. ४ देखि ६ सम्म माओवादीले पूरा गर्नुपर्ने कार्य तोकिएको छ। गैरकानुनी हत्या, बलात्कार, जबरजस्ती पैसा असुल्ने, सर्वसाधारणको जीवन र सुरक्षामा आक्रमण गर्ने, नाकाबन्दी गर्ने, बालबालिकालाई सेनामा भर्ना गर्ने कार्य बन्द गर्नुपर्ने र मानवअधिकार तथा मानवीय कानुनको पूर्ण पालना गर्न तोकिएको छ।

बुँदा नं. ७ मा द्वन्द्वरत दुवै पक्षलाई मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान गर्न र नागरिकहरुको संरक्षण सम्बन्धी मापदण्ड अनुसार कार्य गर्न एवं मानवीय संगठनहरुको पहुँचलाई विना बाधा अवरोध सुनिश्चित गर्नुपर्ने कार्य तोकिएको छ।

निष्कर्ष

नेपालमा चलिरहेको द्वन्द्वका कारण सरकार र माओवादी दुवै पक्षले नागरिकका मानवअधिकार हनन् गरिरहेका छन्। दुवै पक्षबाट मानवअधिकार तथा मानवीय कानुनको पालना नभएको कारण अन्तर्राष्ट्रिय समुदायले नेपालको मानवअधिकारप्रति चासो देखाएको कुरामा दुईमत छैन।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको ६० औं वैठकले नेपालको राष्ट्रिय मानवअधिकार आयोगलाई प्राविधिक सहयोग गरी मानवअधिकार बहालीको अपेक्षा गरेको थियो तर मानवअधिकारका उल्लंघनका घटनाहरु दिन प्रतिदिन बढ्दै गए। मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना भएन। सोको कारण ६१ औं वैठकले नेपालमा नै संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको कार्यालय स्थापना गरी मानवअधिकार तथा मानवीय कानुनको पालना भए नभएको अनुगमन गर्न उच्चायुक्तको कार्यालय स्थापना गरिएको हो।

माओवादीले पनि माग गरे बमोजिम अहिले संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय स्थापित भएको छ तर पनि उनीहरु मानवअधिकारको उल्लंघन गरिरहेका छन्। मानवीय कानुनको पालनामा वेवास्ता गरिरहेका छन्। सरकारी पक्षबाट पनि मानवअधिकार वहाली र मानवीय कानुनको पालनामा सुधार भइरहेको देखिएको छैन। यस्तो अवस्थामा द्वन्द्वरत दुवै पक्षले मानववअधिकारको रक्षा र मानवीय कानुनको पालना गर्दै अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम नेपालमा मानवअधिकार बहाली गर्न तत्पर रहनु पर्दछ। ६२ औं वैठकमा कार्यसूची प्रकार ९ पारित हुने सम्भावित परिस्थितिलाई दुवै पक्षले ध्यान पुऱ्याउनु पर्दछ। दुवै पक्षले मानवअधिकारको बहालीका निमित्त कार्य गर्ने र मानवीय कानुनको पालना गरी कार्यसूची प्रकार ९ पारित नहोस् भन्ने दिशातर्फ उन्मुख रहनु अहिलेको टड्कारो आवश्यकता हो।

राष्ट्रसंघीय आयोगका तीन महिना

संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त लुइस आर्बरले नेपालस्थित मानवअधिकार उच्चायुक्तको नयाँ कार्यालयको प्रमुखमा आयन मार्टिनलाई नियुक्त गरेको तीन महिना बितेको छ। उहाँले ०६२ वैशाख १६ गते उक्त घोषणा गर्नुभएको हो।

आयोग अहिले खासगरी आफ्नो कार्यालय र कर्मचारी व्यवस्थित गर्ने गृहकार्यमा जुटिरहेको छ। देशका पाँचवटै विकास क्षेत्रमा क्षेत्रीय कार्यालयहरु रहने यो आयोगले केही समयभित्रै नेपालगञ्जमा पहिलो क्षेत्रीय कार्यालय स्थापना गर्ने तयारी गरिरहेको छ। यसबीच चितवनको माडी र कैलालीको बनबेहडामा भएका हत्याका घटनाको स्थलगत अध्ययन गरिसकेको आयोगले विभिन्न विषयगत अधिकृत तथा विशेषज्ञहरुलाई सम्बन्धित क्षेत्रको कार्यका लागि जिम्मेवारी प्रदान गरेको छ। जसअन्तर्गत, बेपत्ता, गिरफ्तारी तथा यातना, विस्थापन, महिला तथा बालबालिकाको अधिकार जस्ता क्षेत्रमा काम गर्ने जिम्मेवारी तोकिसकेको छ। बेपत्ता पारिने क्रमका सम्बन्धमा विभिन्न मानवअधिकार संस्थाहरुसँग सहकार्य र समन्वय गर्ने हेतुले 'नेशनल वर्किङ कमिटी अन डिस्अपियरेन्सेज (एनडब्लूसीडी)' पनि गठन गरिसकिएको छ। विभिन्न चरणका बैठकपश्चात् गठन गरिएको यो कमिटीको उद्देश्य बेपत्ता पारिने क्रियाकलापको रोकथामका लागि सूचना संकलनलाई सशक्त बनाउने तथा बेपत्ताका सम्बन्धमा नागरिकहरुमा चेतना अभिबृद्धि गर्ने तथा सरकारी अधिकारीहरुलाई उत्तरदायी बनाउन प्रोत्साहित गर्ने उद्देश्यले यो कमिटीको गठन गरिएको हो।

यसका साथै, नेपालमा राष्ट्रसंघीय चासो बढेको सन्दर्भमा हुने अन्य आकस्मिक कार्यहरुमा पनि उच्चायुक्तको कार्यालयको सक्रियता हुने निश्चित छ। असार २६ गते राष्ट्रसंघीय महासचिवका विशेष सल्लाहकार लख्दर ब्राहिमी नेपालको ६ दिने भ्रमणमा आएका थिए। त्यसैगरी आगामी सेप्टेम्बरमा यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकको नेपाल भ्रमण हुन लागेको छ। यस्ता भ्रमणहरुका बेला आवश्यक पर्ने पूर्व तयारीका कार्यहरुमा समेत उच्चायुक्तको कार्यालयको भूमिका प्रमुख रहने गर्दछ।

उच्चायुक्त तथा उनको समूहले विभिन्न सरकारी पदाधिकारीहरु, मानवअधिकारकर्मी, सञ्चारकर्मी, दातृ संस्थाका पदाधिकारीहरु, राजनीतिक दल, नागरिक समाजका पदाधिकारीहरुसँग नेपालको मानवअधिकार स्थिति र सरोकारका प्रमुख विषयहरुका बारेमा विभिन्न चरणमा औपचारिक एवम् अनौपचारिक बैठक, भेटघाट गरेको छ।

श्री ५ को सरकार र उक्त कार्यालयबीच मानवअधिकार दुरुपयोगका लागि जवाफदेहीता स्थापना गर्न तथा थप उल्लङ्घनका घटनाहरू रोक्नका लागि सरकार र आयोगबीच ०६१ चैत २८ गते सम्पन्न सम्झौताअनुरूप उक्त कार्यालयको स्थापना गरिएको हो। "नेपालको हाम्रो नयाँ कार्यालय अत्यन्त महत्वपूर्ण छ र हाम्रा प्रयासहरूलाई मार्टिनजस्ता अनुभवी व्यक्तिले त्यहाँ नेतृत्व गर्न लागेकोमा म खुशी छु," मार्टिनको नियुक्ति घोषणाका क्रममा आर्बरले भन्नुभएको थियो। उच्चायुक्तले नेपालमा द्वन्द्वरत कुनै पनि पक्षले गरेका मानवअधिकार उल्लंघनसम्बन्धी आवधिक विश्लेषणात्मक प्रतिवेदनहरू आयोग, महासभा र राष्ट्रसंघीय महासचिवसमक्ष पेश गर्नेछन्।

इन्सेक केन्द्रीय कार्यालयमा मार्टिन, साथमा इन्सेकका अध्यक्ष र महासचिव

आयोगले नेपालमा हिंसाको वातावरण तथा आन्तरिक सशस्त्र द्वन्द्वलाई ध्यानमा राख्दै मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना भए-नभएको अनुगमन गर्ने कुरा सम्झौतामा उल्लेख छ। "नेपालमा शान्ति तथा मेलमिलाप हासिल गर्ने दिशामा गम्भीर तथा नियोजित मानवअधिकार उल्लंघनका घटनाहरूको चक्रलाई तोड्ने काम नै पहिलो अत्यावश्यक कदम हुनेछ," आर्बरले जोड दिनुभएको थियो।

'सहकार्य र प्रभावकारी भूमिका निर्वाह गर्न तयार'

इन्सेकको केन्द्रीय कार्यालयमा ०६२ जेठ १८ गते भ्रमण गर्ने क्रममा मार्टिनले इन्सेक र आफ्नो कार्यालयबीच सहकार्य गर्न तथा मानवअधिकार स्थितिको अनुगमनमा प्रभावकारी भूमिका निर्वाह गर्न आफ्नो टोली तयार रहेको बताउनु भएको थियो। इन्सेकका क्षेत्रीय कार्यालयहरुसँग सहकार्य गरी मानवअधिकार स्थितिको अनुगमन गर्ने र देशको मानवअधिकार स्थिति आँकलन गर्न यसका सूचनाहरु आफ्नो टोलीका लागि भरपर्दा स्रोत हुने उहाँले उल्लेख गर्नुभएको थियो। सरकार र राष्ट्रसंघीय मानवअधिकार आयोगबीच भएको सम्झौतापत्रमा उल्लेख गरिएअनुसार बन्दीगृहको अनुगमन गर्ने, बेपत्ता पार्ने क्रमलाई निरुत्साहित गर्ने, उजुरीहरुमाथि आवश्यक कार्य गर्ने र अन्य मानवअधिकार उल्लंघनका घटनाहरुको स्वतन्त्र अनुगमन गर्ने कुरा पनि उहाँले बताउनुभयो। भर्खर आफ्नो कार्यारम्भ भएकोले अहिले नेपालको अवस्थाबारे जानकारी लिने क्रममा आफू र आफ्नो टोलीका सदस्यहरु रहेको उहाँले जानकारी गराउनुभएको थियो। त्यसक्रममा मार्टिनले इन्सेक अध्यक्ष सुबोधराज प्याकुरेल, महासचिव कुन्दन अर्यालका साथै अन्य कार्यकर्ताहरुसँग छलफल गर्नुभएको थियो। उहाँका साथ नेपालस्थित राष्ट्रसंघीय मानवअधिकार सल्लाहकार डेभिड जोन्सन पनि संलग्न हुनुहुन्थ्यो।

यातनासम्बन्धी राष्ट्रसंघीय विशेष समाधिक्षक र नेपाल भ्रमण

विद्या चापागाई

संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको यातनासम्बन्धी विशेष समाधिक्षक म्यानफर्ड नवाक आउँदो १० देखि १७ सेप्टेम्बर २००५ मा नेपाल सरकारको निमन्त्रणामा नेपालमा यातना सम्बन्धी अवस्थाको अध्ययन, जाँचबुझ गर्न आउने भएका छन्। त्यसक्रममा उनले सरकारी अधिकारीहरु, सुरक्षा निकायका पदाधिकारीहरु, राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधिहरु, मानव अधिकारकर्मीहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरु लगायतसँग भेटघाट गर्नेछन्। र, नेपालमा यातनाको अवस्थाबारे सूचना संकलन गर्नुका साथै विभिन्न बन्दीगृहहरुको भ्रमण/अनुगमनसमेत गर्नेछन्। नेपाल भ्रमणबाट प्राप्त सूचनाका आधारमा प्रतिवेदन तयार गरी सन् २००६ मार्च-अप्रिलमा हुने राष्ट्रसंघीय मानवअधिकार आयोगको ६२ औं सभामा प्रस्तुत गर्नेछन्। त्यसअघि २००५ को नोभेम्बरमा हुने यातनाविरुद्धको समितिको ३५ औं सभालाई पनि जानकारी दिनेछन्।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगले यसको घोषणा १९८५/३३ मार्फत् यातनासम्बन्धी स्थितिको अध्ययन र जाँचबुझ गर्नका लागि एकजना विशेषज्ञ नियुक्त गरेको हुन्छ। यस्ता विशेषज्ञलाई विशेष समाधिक्षक भनिन्छ। यस्ता समाधिक्षकले यातनाविरुद्धको महासन्धि अनुमोदन गरेका वा नगरेका, सबैखाले मुलुकमा यातनाको अवस्थाबारे अध्ययन, जाँचबुझ गरी सूचना संकलन गर्न भ्रमण समेत गर्न सक्दछन्। आफ्नो वैयक्तिक क्षमताका आधारमा उनले स्वतन्त्र ढंगले काम गर्दछन्। यस्ता समाधिक्षकले वर्षमा तीनवटा राष्ट्रको भ्रमण गरी यातनासम्बन्धी अवस्थाको अनुगमन गर्दछन्।

मानवअधिकार आयोगले यातनाका बारेमा अध्ययन, अनुसन्धान र जाँचबुझ गर्नका लागि सर्वप्रथम सन् १९८५ मा विशेष समाधिक्षक चयन गरेको हो। वर्तमान समाधिक्षक नबाक १ डिसेम्बर २००४ मा मानवअधिकार आयोगद्वारा मनोनित भएका हुन्। उनले यस वर्ष मंगोलिया र नेपालको भ्रमण गर्दैछन्।

अधिकार क्षेत्र

यातनासम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष समाधिक्षकको अधिकार क्षेत्र निम्नानुसार हुन्छः

- यातना पाउनसक्ने खतरा भएका नागरिकको तर्फबाट प्राप्त उजुरीको आधारमा सो नागरिकको संरक्षणका लागि सम्बन्धित राष्ट्रलाई यथाशक्य छिटो अपिल जारी गर्ने,
- यातनासम्बन्धी उजुरी लिने र सम्बन्धित राज्यलाई आवश्यक कारवाहीका लागि सुझाव दिने,
- तथ्य संकलनका लागि राष्ट्रहरुको भ्रमण/अनुगमन गर्ने,
- आफ्नो वार्षिक प्रतिवेदन मानवअधिकार आयोगसमक्ष पेश गर्ने।

प्रमुख कार्यहरु

विशेष समाधिक्षकले यातनाका सम्बन्धमा कुनै पनि राष्ट्रको सरकार, विशिष्ट संगठन, अन्तरसरकारी एवम् गैरसरकारी संस्थाहरु, पीडित, पीडितका परिवार, पीडितका तर्फबाट अन्य कुनै संस्था आदिबाट आधिकारिक र मान्य सूचना संकलन र प्राप्त गर्ने, अपिल जारी गर्ने, उजुरी लिने तथा सम्बन्धित राज्यलाई सुझाव दिने, सम्बन्धित राष्ट्रको स्वीकृति वा निमन्त्रणामा राष्ट्र भ्रमण गर्नेजस्ता आफ्नो अधिकार क्षेत्रमा उल्लेखित कार्यहरु गर्दछन्।

१. शीघ्र अपिल

कुनै व्यक्ति वा समूह सम्भावित यातनाको खतरामा छ भनी विशेष समाधिक्षकलाई कुनै आधिकारिक सूचना प्राप्त भएको अवस्थामा, उनले सम्बन्धित राष्ट्रलाई सुझाव दिन सक्छन्। जसमा उनले कुनै निष्कर्ष ननिकालिकन सम्बन्धित राष्ट्रको परराष्ट्र मन्त्रालय, वैदेशिक नीति मन्त्रालयलाई सम्बन्धित नागरिकको शारीरिक तथा मानसिक सुरक्षाको उचित प्रत्याभूतिका लागि अपिल गर्न सक्छन्। छिटोभन्दा छिटो पीडितको संरक्षण गर्न सकियोस् भन्ने उद्देश्यले त्यस्ता मन्त्रालयलाई अपिलहरु पठाउने गरिन्छ।

कुनै नागरिकलाई शारीरिक यातना दिइएमा, लामो समयसम्म बेपत्ता बनाइएमा, बन्दीगृहभित्र उपचार नगरिएमा र आधारभूत सुविधाहरुको राम्रो व्यवस्था नगरिएमा, ज्यानको खतरा भएको राज्यमा निष्काशन गरिएमा, गिरफ्तार गरी अज्ञात थुना या एकान्त कारावासमा राखिएमा तथा अन्तर्राष्ट्रिय मापदण्डविपरीत कार्य भएको पाइएमा अपिल जारी गरेर त्यस्ता कार्य यथाशीघ्र रोक्न राज्यलाई आव्हान गर्नसक्छ। यातनालाई बढावा दिने कुनै कानुनी वा प्रशासनिक संयन्त्र वा कार्य छ भने त्यसमा सुधार गर्नसमेत समाधिक्षकले अपिलमार्फत् सुझाव दिनसक्छन्।

यस्तो अपिल जारी गर्नुअघि विशेष समाधिक्षकले आवश्यक विश्वसनीय आधारहरु भने पाउनुपर्ने हुन्छ। कुनै अपिल जारी गर्नका लागि निम्न आधारहरु हुनु आवश्यक हुन्छः

- पूर्ण मान्य सूचनाको श्रोत

- सूचनाको आधिकारिकता
- सोही राष्ट्रबाट प्राप्त अन्य सूचना
- राष्ट्रिय संयन्त्रबाट यातना दिइएको पाइएका आधिकारिक प्रतिवेदन
- कुनै तथ्य पत्ता लगाएका अन्तर्राष्ट्रिय निकायहरुको सूचना, प्रतिवेदन आदि
- यातनालाई बढावा दिने विद्यमान राष्ट्रिय कानुन
- कसैलाई प्रत्यक्ष वा अप्रत्यक्षरुपमा निष्काशन वा सुपुर्दगी गर्ने धम्की दिइएको भए त्यससम्बन्धी मान्य सूचना, आदि।

गम्भीर अवस्थामा विशेष समाधिक्षकले संयुक्त राष्ट्रसंघका अन्य अंगहरु वा अन्य विषयका विशेष समाधिक्षकहरुसँग मिलेर पनि संयुक्त अपिल जारी गर्न सक्छन्।

यस्ता अपिलहरु सम्बन्धित राष्ट्रमा यातना रोक्नका लागि जारी गरिन्छ। जसमा उठाइएको मुद्दामा सरकारको ध्यानाकर्षण गराइनुका साथै अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरु अनुरुप व्यक्तिको शारीरिक तथा मानसिक सुरक्षा एवम् संरक्षणका लागि आवश्यक कारवाही गर्न सुझाव दिइएको हुन्छ।

२. यातना रोक्न सरकारसँग पत्राचार

यातनासम्बन्धी आफूलाई प्राप्त उजुरीमाथि कारवाही अगाडि बढाउँदै विशेष समाधिक्षकले सम्बन्धित राष्ट्रलाई आरोप-पत्र पनि पठाउन सक्छन्। जसमा, सरकारमाथि लागेको आरोपबारे स्पष्टीकरण माग्नुका साथै सम्बन्धित विषयमा अनुसन्धान गरेर त्यसको स्थिति जानकारी गराउन माग गर्दछन्। यसरी पत्र पठाउँदा योजनाबद्ध रुपमा दिइएको कुनै यातना, विभिन्न प्रकारका यातनाको प्रयोग, कारागारभित्र भएको अमानवीय व्यवहार आदिका बारेमा पनि उल्लेख गर्दै त्यसमा अन्य आवश्यक सूचनाको पनि माग गर्न सक्छन्। कतिपय अवस्थामा कुनै देशमा शारीरिक यातना, गैरन्यायिक थुना र बेपत्तालाई बढावा दिने फौजदारी वा अन्य कानुन भए त्यसका बारेमा पत्रमार्फत् सोधपुछ गरेर पनि सरोकार जनाउन सक्छन्।

३. राष्ट्र भ्रमण

विशेष समाधिक्षकले राष्ट्र भ्रमणबाट पर्याप्त मात्रामा यातनासँग सम्बन्धित सूचना संकलन गर्नुका साथै यातनालाई बढावा दिने संस्थागत र कानुनी पक्षबारे अध्ययन गर्छन्। सरकारको निमन्त्रणामा मात्र विशेष समाधिक्षकले सम्बन्धित राष्ट्रको भ्रमण गर्न पाउने भएता पनि उनले आफूलाई प्राप्त आधिकारिक सूचनाको गाम्भिर्यताका आधारमा र आफ्नो भ्रमणबाट सम्बन्धित राष्ट्रको मानवअधिकार अवस्थामा पर्नसक्ने प्रभावबारे उल्लेख गरी सरकारसँग भ्रमणका लागि स्वीकृति दिन मागसमेत गर्न सक्छन्।

विशेष समाधिक्षकको भ्रमणभन्दा अघि उनका निश्चित अधिकारहरुको प्रत्याभूति गर्नका लागि सरकारसँग पत्राचार गरिन्छ। जसमा,

- स्वतन्त्रतापूर्वक राष्ट्रभरि आवतजावत गर्न,
- सोधपुछको स्वतन्त्रता, विशेष गरी कारागार, बन्दीगृह र हिरासतमा राखिएका व्यक्तिहरु भेट्ने पहुँच,
- विभिन्न तहका सरकारी अधिकारीहरुसँग सम्पर्क,
- गैरसरकारी संस्थाका प्रतिनिधि, निजी तथा सामुदायिक संघसंस्था र सञ्चार माध्यमहरुसँग सम्पर्क,
- पीडित र साक्षीसँग गोप्य भेटघाट,
- विशेष समाधिक्षकको कार्यक्षेत्रसँग सम्बन्धित आवश्यक सरकारी लिखतमाथि पहुँच,
- विशेष समाधिक्षकको सम्पर्कमा आउने जुनसुकै व्यक्तिलाई धम्की, सजाय वा अन्य कुनै कारवाही नगरिने प्रत्याभूति, आदि पर्दछन्।

यसरी भ्रमण गर्दा प्रायः जसो आतंकवादविरुद्धका उपाय, बालबालिकाको अवस्था, यातनाविरुद्धको महासन्धि पालनाको अवस्था, शारीरिक यातना, बालबालिकालाई दिइने शारीरिक यातना, बेपत्ता, यातनाको अनुसन्धानका लागि प्रभावकारी उपाय, महिला हिंसा, मानवअधिकार रक्षकको अवस्था, दण्डहीनता, बेरितसँग थुनामा राखिने, धम्की, बन्दीगृहको भ्रमण, राष्ट्रिय मापदण्ड, सुपुर्दगीसम्बन्धी व्यवस्था, मनोचिकित्सक संस्था, चिकित्सकको भूमिका, यातना दिने साधनहरु आदिका बारेमा अध्ययन गर्दछन्।

यसरी भ्रमण गरी तयार पारिएको प्रतिवेदनमा दिइएको निष्कर्ष र सुझावमा सरकारलाई सम्भावित यातना बढाउने तत्व पहिचान गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप कार्य गर्न व्यवहारिक उपायहरुसमेत उल्लेख गरिएको हुन्छ।

तर, अन्य कुनै कार्यदल वा यातनाविरुद्धको समितिले यातनाविरुद्ध महासन्धिको धारा २० अन्तर्गत कुनै राष्ट्रमा आफ्नो सदस्य पठाएको छ भने त्यस्तो अवस्थामा विशेष समाधिक्षकले त्यो राष्ट्र भ्रमण गर्दैनन्। बरु, समाधिक्षकले आफूलाई प्राप्त सूचना सम्बन्धित कार्यदल अथवा यातनाविरुद्धको समितिकहाँ पठाउने गर्दछन्। यातना विरुद्धको महासन्धिको धारा २० मा समितिलाई प्राप्त भएको कुनै विश्वसनीय सूचनाबाट कुनै राज्यमा सिलसिलाबद्ध ढंगबाट यातना दिने काम भइरहेको छ भन्ने देखिएमा समितिले सो सूचनाको सम्बन्धमा छानबिन गर्ने कार्यमा सहयोग पुऱ्याउन तथा उक्त सूचनाका सम्बन्धमा आफ्नो राय पेश गर्न सम्बन्धित राष्ट्रलाई अनुरोध गर्ने व्यवस्था छ। त्यस्तो सूचनाका सम्बन्धमा सम्बन्धित राष्ट्रले प्रस्तुत गरेको राय तथा समितिले प्राप्त गरेको कुनै सूचनाको मूल्यांकन-अध्ययनपश्चात् समितिलाई लागेमा यसले आफ्नो एक वा एकभन्दा बढी सदस्यलाई गोप्य छानबिन गरी प्रतिवेदन पेश गर्न लगाउन सक्ने व्यवस्था गरिएको छ। छानबिनका लागि उक्त राष्ट्रको सहमति लिएर त्यस राष्ट्रको भूभागमा समितिले अध्ययन टोली पठाउनसक्ने व्यवस्था पनि धारा २० मा गरिएको छ।

४. छलफल/समन्वय

विशेष समाधिक्षकले आवश्यक परेको खण्डमा सम्बन्धित कार्यदल, यातनाविरुद्धको समिति र संयुक्त

राष्ट्रसंघका संयन्त्रहरुसँग यातनासम्वन्धी विषयवस्तुहरुका वारेमा छलफल गर्न सक्छन्। यातनाविरुद्धको समिति, मानवअधिकार आयोगका अन्य निकाय, अपराध नियन्त्रण र फौजदारी न्यायसम्बन्धी आयोग, यातना पीडितका लागि गठित कोष, अन्य विषयका समाधिक्षकहरु, कार्यदलहरु, महासचिवका विशेष प्रतिनिधिहरु आदिसँग समाधिक्षकले नजिकको सम्बन्ध राखेका हुन्छन्, जसबाट उनले आफ्नो विषयसम्बन्धी काममा समन्वय स्थापित गरी प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन्।

५. प्रतिवेदन

संयुक्त राष्ट्रसंघीय विशेष समाधिक्षकले पीडित, पीडितका परिवार र अन्य श्रोतबाट प्राप्त सूचनाका आधारमा जारी गरेको अपिल र आफै नै राष्ट्र भ्रमण गरेर प्राप्त गरेको सूचना, विश्लेषणको आधारमा एक प्रतिवेदन तयार गर्दछन्। र, उक्त प्रतिवेदन मानवअधिकार आयोगको वार्षिक सभामा प्रस्तुत गर्दछन्। जसले गर्दा मानवअधिकार आयोगका प्रतिनिधिका साथै अन्य राष्ट्रहरुलाई पनि सम्बन्धित राष्ट्रको मानवअधिकार अवस्थाबारे र खासगरी यातनाको स्थितिबारे जानकारी प्राप्त हुन्छ। समाधिक्षकले पेश गरेको प्रतिवेदन मानवअधिकार आयोगको वार्षिक प्रतिवेदनको अनुसूचीमा समावेश गरिन्छ।

काम गर्ने तरिका

विशेष समाधिक्षकले राष्ट्रसंघीय मानवअधिकार आयोगको घोषणा १९८५/३३ ले तोकिदिएको कार्यविधिअनुरुप कार्य गर्दछन्। मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध, यातनाविरुद्धको महासन्धिका साथै यातनाविरुद्धको अधिकार प्रत्याभूत गरिएका संयुक्त राष्ट्रसंघद्वारा पारित अन्य अनुबन्धहरु आदि संयन्त्रमा केन्द्रित रही आफ्नो कार्य सम्पादन गर्दछन्।

विशेष समाधिक्षकले दिने गरेका सुझावहरु

विशेष समाधिक्षकले यातनासँग सम्बन्धित विभिन्न सवालहरुलाई छुट्टाछुट्टै बुँदामा उल्लेख गरी त्यसका लागि चाल्नुपर्ने कदमका बारेमा सम्वन्धित राष्ट्रलाई स्पष्ट सुझावहरु दिने गर्दछन्। त्यस्ता सुझावका मुख्य क्षेत्रहरु निम्नरुपमा उल्लेख गर्न सकिन्छ:

- यातनाविरुद्धको महासन्धि र यसको इच्छाधीन आलेख अथवा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि र यसका दुई इच्छाधीन आलेख अनुमोदन नगरेको राष्ट्रलाई अनुमोदन गर्न तथा राष्ट्रिय कानुनमा यातनालाई अपराध भनी परिभाषित गर्नुका साथै यातनालाई प्रोत्साहित गर्ने अन्य कानुन संशोधन गर्न।
- आमहत्या, मानवताविरोधी अपराध र युद्ध अपराधमा यातनाका अपराधीहरुलाई दण्डित गर्ने उद्देश्यले स्थापना गरिएको अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधान अनुमोदन गर्न।
- शारीरिक यातनालाई प्रोत्साहित गर्ने कानुन खारेज गरी निजी तथा सार्वजनिक क्षेत्रमा बालबालिकाको शारीरिक तथा मानसिक संरक्षण प्रत्याभूत गर्न आवश्यक कानुनी, प्रशासनिक तथा शैक्षिक पूर्वाधारको व्यवस्था गर्न।
- कानुन कार्यान्वयन गर्ने अधिकारीद्वारा कसैलाई गिरफ्तार गरिएको र हिरासतमा राखिएको ठाउँको तथ्य सार्वजनिक गर्न।
- पीडित र साक्षीलाई सोधपुछ गर्दा कार्यालयमा गर्न र अन्य कुनै गोप्य ठाउँमा नगर्न, गर्ने गरेको भए यथाशक्य छिटो रोक्न, यदि कसैले त्यस्तो कार्य गरेमा अपराधिक दायित्व बहन गराउन र त्यसरी लिइएको सूचनालाई प्रमाणको रुपमा ग्रहण नगर्न।
- गैरसरकारी संस्थाहरुलाई प्रहरी थाना, थुनुवा केन्द्र, प्रशासनिक बन्दी क्षेत्रहरु, चिकित्सक तथा मनोचिकित्सक संस्थाको बन्दी इकाई, कारागारलगायत् सबै बन्दीगृह र बन्दीको अवस्था अनुगमनका लागि पूर्ण पहुँच/व्यवस्था गर्न। त्यसरी अनुगमन/निरीक्षण गर्दा निरीक्षकहरुलाई बन्दीहरुसँग भेटघाट गर्न दिन। समय-समयमा विभिन्न क्षेत्रका अधिकारीहरु, जस्तो: न्यायिक, कानुन कार्यान्वयन गर्ने, कानुन व्यवसायी, चिकित्सकका साथै स्वतन्त्र विशेषज्ञ र नागरिक समाजका प्रतिनिधिहरुको समूहले पनि निरीक्षण गर्न पाउने वातावरण सृजना गर्न। रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) ले आवश्यक ठानेको अवस्थामा बन्दी राखिएका स्थानको भ्रमण गर्न दिन। गैरसरकारी संस्थाका साथै अन्य अनुगमन कार्यमा संलग्न निकायहरुलाई बृद्ध, अशक्त, टुहुरा र शरणार्थी तथा आप्रवासीलगायत् सबै विदेशीलाई राखिएको स्थानको अनुगमनमा पहुँच दिन।
- एकान्त कारावास वा अज्ञात थुनालाई गैरन्यायिक घोषित गरी त्यसरी बन्दी बनाइएका व्यक्तिहरुलाई यथाशीघ्र मुक्त गर्न। बन्दीलाई एक बन्दीगृहबाट अर्कोमा सरुवा गर्दा उसको शारीरिक र मानसिक सुरक्षाको पूर्ण व्यवस्था गर्न।
- प्रशासनिक हिरासतमा राखिएको व्यक्तिलाई पनि फौजदारी हिरासतमा राखिएसरह व्यवहार गर्न र त्यसरी प्रशासनिक हिरासतमा राख्ने कार्य बन्द गर्न।
- बन्दी प्रत्यक्षीकरणको रिट बन्दीहरुको शीघ्र रिहाईका लागि क्रियाशील गराउन। यातनाविरुद्धको उजुरी परेको अवस्थामा त्यस्ता उजुरीलाई पहिलो प्राथमिकता दिई त्यसबारे यथाशक्य छिटो अनुसन्धान शुरु गर्न।
- यातनापीडितलाई पूर्ण क्षतिपूर्तिको व्यवस्था गरी सम्भव भएसम्म पुनर्स्थापनाको पनि व्यवस्था गर्न।
- प्रहरी र अन्य सुरक्षाकर्मीहरुलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मानवीय कानुनको पालनासम्बन्धी तालिम र शिक्षा दिन। बन्दीहरुको

सुरक्षाको व्यवस्थाका लागि सुरक्षा निकाय र कानुन कार्यान्वयन गर्ने अधिकारीहरुलाई शिक्षा दिन।

- स्वास्थ्यकर्मीहरुले चिकित्साशास्त्रको नैतिकताको सिद्धान्तअनुरुप कार्य गर्नका लागि निर्देशन दिन। यातनालाई प्रोत्साहित गर्ने र पीडितलाई उचित व्यवहार नगर्ने चिकित्साकर्मीहरुलाई कडा कारवाही गर्न।

नेपाल भ्रमण र प्रमुख सरोकारका विषयहरु

विशेष समाधिक्षकले दिने सुझावहरु सम्बन्धित राष्ट्रको सरकारले ग्रहण गर्नु र तदनुरुपको व्यवहार गर्नुपर्ने हुन्छ। आउँदो सेप्टेम्बरमा नेपाल भ्रमणमा आउने विशेष समाधिक्षकले पनि नेपालमा यातनाको स्थितिको अनुगमन गर्दा केही विशेष क्षेत्र वा सवालहरुमा आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ, जसका आधारमा उनले नेपाल सरकारलाई दिने सुझावहरुका कारण यहाँको यातनाको अवस्थामा सुधारको अनुभूति गर्न सकियोस्। उदाहरणका लागि यातनालाई प्रोत्साहित गर्ने तत्वका रुपमा रहेका कानुन र सैनिक ब्यारेकहरुलाई बन्दीगृहको रुपमा प्रयोग गरिएको तथ्यलाई गम्भीरताका साथ लिनुपर्ने देखिन्छ। त्यसैगरी नेपालमा यातना बढाउने तत्वहरुमा स्वेच्छाचारी गिरफ्तारी र थुना, बेपत्ता पार्नेजस्ता कार्यहरुलाई समाधिक्षकले विशेष चासो दिनुपर्ने अवस्था छ। यीलगायत् नेपाल सरकारले निर्वाह गर्नुपर्ने भूमिकाका सम्बन्धमा निम्न सवालहरुमाथि समाधिक्षकले आफ्नो भ्रमण र प्रतिवेदनका क्रममा ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ:

- बन्दीहरुलाई न्यायोचित व्यवहार गर्नुपर्ने।
- यातना दिइने सम्पूर्ण तरिका र उद्योगहरुलाई राष्ट्रिय कानुनद्वारा नै अपराधिक कार्यको दर्जामा राखिनुपर्ने।
- मुद्दा दायर गर्नुपर्ने अवधि ३५ दिनवाट बढाएर उचित हदम्यादको व्यवस्था गर्नुपर्ने, सरकारले पीडकलाई कारवाही र पीडितलाई उपयुक्त क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने।
- यातनाविरुद्धको महासन्धिको धारा १२ मा उल्लेख भएअनुरुप, स्वतन्त्र निकायद्वारा निष्पक्ष अनुसन्धानको व्यवस्था नभएकाले त्यस्तो अनुसन्धान गर्ने निकाय स्थापनामा जोड दिनुपर्ने।
- मानवअधिकार सम्बन्धी संघ-संस्थालाई बन्दीगृह भ्रमण र अनुगमन गर्न दिनुका साथै बन्दीवारे सम्पूर्ण अभिलेख राखी सो अभिलेख बन्दीका परिवार र अन्य सरोकारवालाहरुलाई समेत उपलब्ध गराउनुपर्ने।
- सार्वजनिक सुरक्षा ऐन, सार्वजनिक अपराध र सजाय ऐन, राज्यविरुद्धको अपराध र सजाय ऐन, आतंककारी तथा विश्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशजस्ता यातनालाई प्रोत्साहित गर्ने कानुन खारेज वा संशोधन गर्नुपर्ने।
- पीडित र साक्षीको सुरक्षाको उचित व्यवस्थाका लागि छुट्टै कानुनी व्यवस्था गर्नुपर्ने।
- बेपत्ता पारिने क्रम एक जटिल समस्याका रुपमा रहेकाले यस्ता क्रियाकलापलाई निरुत्साहित गर्न आवश्यक कार्य गर्ने। यस्ता क्रियाकलापलाई कानुनद्वारा नै अपराधका रुपमा परिभाषित गर्नुपर्ने कुरामा जोड दिने।
- बन्दी प्रत्यक्षीकरणसम्बन्धी मुद्दामा गृह र रक्षा मन्त्रालयले तुरुन्त अनुसन्धान गर्नुपर्ने र त्यसको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने।
- आन्तरिक द्वन्द्वसम्बन्धी जेनेभा महासन्धिको दोश्रो इच्छाधीन आलेख, यातना विरुद्धको महासन्धिको इच्छाधीन आलेख र अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधान अनुमोदन गर्नुपर्ने, आदि।

आउँदो सेप्टेम्बरमा नेपाल भ्रमणमा आउने विशेष समाधिक्षकले नेपालमा यातनाको स्थितिको अनुगमन गर्दा केही विशेष क्षेत्र वा सवालहरुमा आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ, जसका आधारमा उनले नेपाल सरकारलाई दिने सुझावहरुका कारण यहाँको यातनाको अवस्थामा सुधारको अनुभूति गर्न सकियोस्। उदाहरणका लागि यातनालाई प्रोत्साहित गर्ने तत्वका रुपमा रहेका कानुन र सैनिक ब्यारेकहरुलाई बन्दीगृहको रुपमा प्रयोग गरिएको तथ्यलाई गम्भीरताका साथ लिनुपर्ने देखिन्छ। त्यसैगरी नेपालमा यातना बढाउने तत्वहरुमा स्वेच्छाचारी गिरफ्तारी र थुना, बेपत्ता पार्नेजस्ता कार्यहरुलाई समाधिक्षकले विशेष चासो दिनुपर्ने अवस्था छ।

पण्डित पोखरेलको हत्या र सञ्चार माध्यम

निर्मलमणि अधिकारी

'विश्व हिन्दू महासंघ नेपाल, राष्ट्रिय समितिका अध्यक्ष एवं 'वाचनशिरोमणि' का रूपमा प्रख्यात व्यक्तित्व हुनु मात्र पनि पण्डित नारायणप्रसाद पोखरेलप्रति मिडियाको आकर्षणका लागि पर्याप्त कारण हुने थियो। त्यसमाथि उनी महान् समाजसेवी पनि थिए। भागवत वाचनको कलालाई सदुपयोग गरी करिब दुई अरब रुपैयाँ चन्दा उठाइदिएको र त्यसबाट अनेक विद्यालय, क्याम्पस, अस्पताल आदि बनेका कारणले पण्डित पोखरेललाई मिलेको लोकप्रियताले उनको 'समाचारीय मूल्य' (न्यूज भ्यालु) बढी हुनु स्वाभाविकै हो। त्यसैले पण्डित पोखरेल विगत केही वर्षदेखि नेपाली मिडियामा निकै चर्चित रहे।

यस्ता व्यक्तित्वको हत्या हुनु नेपाली राष्ट्रिय जीवनका सन्दर्भमा दुःखदायी, तर सबैको ध्यानाकर्षण गर्ने घटना थियो। नेपालमा व्याप्त सशस्त्र द्वन्द्वको अनुहार दिन-प्रतिदिन झन्-झन् कुरूप हुँदै गएको प्रमाणका रूपमा बैशाख २३ गते पण्डित नारायणप्रसाद पोखरेलको हत्या भएको घटनालाई लिन सकिन्छ। यो घटनाले नेपाली जनजीवनमा पर्न गएको बज्रपात र भएको क्षतिको वर्णन गरेर साध्य छैन। मान्छेहरू धेरै मारिन थालेपछि त्यो त्रासदी नभई तथ्याङ्क मात्र बन्न पुग्छ भन्ने जोसेफ स्टालिनको भनाई हाम्रै सन्दर्भमा पनि लागू हुन थालेको अवस्थामा पण्डित पोखरेलजस्ता केही व्यक्तिलाई भने मानिसहरूले तथ्याङ्कको एउटा थप प्रविष्टिका रूपमा मात्र नहेरेको देखियो। उनको ख्यातिलाई दृष्टिगत गर्दा यसो हुनु स्वाभाविकै थियो। तथ्याङ्कमा मात्र नअट्ने अग्लाइ भएका पण्डित पोखरेलको हत्याको घटना नेपाली मिडियाका लागि कुनै पनि कोणबाट ठूलो समाचारीय महत्वको विषय थियो भनेर पत्रकारिताको कखरासमेत नजानेकाले पनि भन्न सक्छ। के नेपाली मिडियाले त्यस घटनालाई यथोचित समाचारीय महत्वसहित प्रस्तुत गर्न सके त ?

यस प्रश्नको उत्तर खोज्न काठमाण्डौबाट प्रकाशन हुने ठूला आकारका (ब्रोडसीट) दैनिकहरूले पण्डित पोखरेलको भोलिपल्ट, अर्थात् ०६२ साल बैशाख २४ गते तदनुसार सन् २००५ मे ७ तारिखको अंकमा उनका बारेमा प्रकाशन गरेका प्रस्तुतिहरूको सामान्य अध्ययन यस लेखमा गरिएको छ। बैशाख २४ गते काठमाडौंबाट प्रकाशित नेपाली भाषाका पाँच र अङ्ग्रेजी भाषाका तीनवटा ठूला आकारका दैनिक पत्रिकाहरू अध्ययनमा परेका छन्। जसअनुसार, अध्ययनको सीमामा कान्तिपुर, नेपाल समाचारपत्र, राजधानी, अन्नपूर्ण पोष्ट, गोरखापत्र, द काठमाण्डू पोष्ट, द हिमालयन टाइम्स र द राइजिङ नेपाल परेका छन्।

सूचीमा परेका सबै अखबारले बैशाख २४ को अंकमा पण्डित नारायणप्रसाद पोखरेलको हत्यासम्बन्धी समाचार प्रस्तुत गरेका देखिन्छ। तीमध्ये कान्तिपुर, अन्नपूर्ण पोष्ट, द काठमाण्डू पोष्ट

र द हिमालयन टाइम्सले पण्डितको हत्या अज्ञात समूहले गरेको बताए। नेपाल समाचारपत्रले हत्या माओवादीबाटै भएको सोही पार्टीस्रोतले पुष्टि गरेको समाचार दियो भने राजधानीले चाहिँ हत्याको जिम्मेवारी माओवादीसम्बद्ध दलित मुक्ति मोर्चाले लिएको जानकारी गरायो। गोरखापत्र र द राइजिङ नेपालले माओवादीको उल्लेख नगरी पोखरेलको हत्या आतङ्ककारीद्वारा भएको उल्लेख गरे। अध्येताहरूले ख्याल राख्नुपर्ने तथ्य चाहिँ के हो भने माओवादीसम्बद्ध मोर्चाले हत्याको जिम्मेवारी लिएको खबर राष्ट्रिय/अन्तर्राष्ट्रिय मिडियाबाट सार्वजनिक भएपछि त्यसलाई खण्डन नगरेर माओवादीले पण्डित पोखरेलको हत्यामा आफ्नो जिम्मेवारी सकारेको देखिन्छ।

पण्डित पोखरेलको हत्या र त्यसले पाएको कभरेज

(१) **कान्तिपुर**

कान्तिपुर दैनिकले पहिलो पृष्ठमा 'लोकप्रिय ,पण्डितको हत्या/आमश्रोता शोकाकुल' शीर्षकमा तीन कोलमको रंगीन तस्वीर (पं. पोखरेलको मुहारचित्र) सहित छ कोलमको समाचार प्रकाशन गऱ्यो। त्यसै समाचारभित्र 'बक्स म्याटर' को रूपमा 'वाचन सेवाबाट दुई अर्ब !' शीर्षकमा पनि समाचार दिइएको छ। यी दुवै समाचारका बाँकी अंश तेस्रो पृष्ठमा लगी पाँच कोलम स्थान दिइएको छ। पोखरेलको शव बुटवल ल्याउँदै गर्दा अन्तिम दर्शनका लागि सडक किनारमा उभिएका शुभेच्छुकको लाम देखाउने पाँच कोलमको श्याम-श्वेत तस्वीर पनि सोही ठाउँमा दिइएको छ। कान्तिपुरले दोस्रो पृष्ठमा पोखरेलसँग सम्बन्धित छ ओटा रंगीन तस्वीरहरू प्रकाशन गरेको छ।

सातौं पृष्ठमा पोखरेलसम्बन्धी दुईवटा लेखहरू 'धर्मलाई समाजसेवामा ल्याउने अगुवा' र 'मन पगाल्ने एउटा मान्छे' प्रकाशन भएका छन्। सोही ठाउँमा पोखरेलको साडे दुई कोलमको श्याम-श्वेत तस्वीर पनि प्रकाशित गरिएको छ।

(२) **नेपाल समाचारपत्र**

नेपाल समाचारपत्र दैनिकले पहिलो पृष्ठमा 'वाचन शिरोमणि पोखरेलको हत्या' शीर्षकमा एक कोलमको रंगीन तस्वीर (पं. पोखरेलको मुहारचित्र) सहित तीन कोलमको समाचार प्रकाशन गरेको छ। पोखरेलको हत्यापछि शोकाकुल परिवारको तीन कोलमको रंगीन तस्वीर पनि पहिलो पृष्ठमै राखिएको छ। नेपाल समाचारपत्रले दोस्रो पृष्ठमा 'पण्डित पोखरेलको हत्याको सर्वत्र भर्त्सना/निष्पक्ष छानबिनको माग' शीर्षकमा दुई कोलमको समाचार रहेको छ।

(३) **राजधानी**

राजधानी दैनिकले पहिलो पृष्ठमा

'वाचनशिरोमणि पोखेलको हत्या' शीर्षकमा एक कोलमको रंगीन तस्वीर (पं. पोखरेलले माइक्रोफोनमा बोल्दै गरेको) सहित तीन कोलमको समाचार प्रकाशन गरेको छ। राजधानीले पहिलो पृष्ठमा प्रकाशन गरेको चार कोलम्को रंगीन तस्वीर भने अर्कै सन्दर्भको परेको छ।

(४) अन्नपूर्ण पोष्ट

अन्नपूर्ण पोष्ट दैनिकले पहिलो पृष्ठमा 'वाचन शिरोमणि पोखरेलको हत्या' शीर्षकमा एक कोलमको रंगीन तस्वीर (पं. पोखरेलको मुहारचित्र) सहित तीन कोलमको समाचार प्रकाशन गरेको छ। पोखरेलको हत्यापछि शोकाकुल पत्नी मालती तथा परिवारको तीन कोलमको रंगीन तस्वीर पनि पहिलो पृष्ठमै राखिएको छ।

(५) गोरखापत्र

सरकारी सञ्चारमाध्यमको रूपमा रहेको गोरखापत्रले पहिलो पृष्ठमा पण्डित पोखरेलसम्बन्धी कुनै सामग्री दिएको छैन। तेस्रो पृष्ठमा पनि कम महत्व दिई तल पारेर 'वाचन शिरोमणि पोखरेलको हत्या' शीर्षकमा तीन कोलमको समाचार दिइएको छ। सोही पृष्ठमा पोखरेलप्रति श्रद्धाञ्जलि अर्पण गरिँदै अवस्थाको श्याम-श्वेत तस्वीर इन्सेटमा पोखरेलको मुहारचित्रसहित दुई कोलममा प्रकाशन गरिएको छ।

(६) द काठमाण्डू पोष्ट

द काठमाण्डू पोष्ट दैनिकले पहिलो पृष्ठमा 'सोसल रिफर्मर पण्डित पोखरेल सट डेड' शीर्षकमा चार कोलमको समाचार दिएको छ। समाचार सामग्रीको बीचमा पर्ने गरी दुई कोलमको रंगीन तस्वीर पनि समेटिएको छ, जसमा पोखरेलका श्रीमती र छोरालाई शोकविह्वल अवस्थामा देखाइएको छ र इन्सेटमा पोखरेल देखिन्छन्।

(७) द हिमालयन टाइम्स

द हिमालयन टाइम्स दैनिकले पहिलो पृष्ठमा 'वर्ल्ड हिन्दू बडिज् नेपाल चिफ् सट्' शीर्षकमा आधा कोलमको रंगीन तस्वीर (पं. पोखरेलको मुहारचित्र) सहित तीन कोलमको समाचार प्रकाशन गरेको छ। उक्त समाचारको ठीक माथि तीन कोलममा शोकाकूल महिलाहरू देखिने रंगीन तस्वीर रहेको छ। चौथो पृष्ठमा पोखरेलकी श्रीमती मालतीलाई आफन्तहरूले सान्त्वना दिँदै गरेको तीन कोलमको श्याम-श्वेत तस्वीर पनि द हिमालयन टाइम्सले प्रकाशन गरेको छ।

(८) द राइजिङ नेपाल

सरकारी सञ्चारमाध्यमको रूपमा रहेको द राइजिङ नेपाल दैनिकले पहिलो पृष्ठमा तलपट्टी कम महत्व दिएर 'टेरोरिस्ट्स् गन डाउन हिन्दू स्कलर पोखरेल' शीर्षकमा तीन कोलमको समाचार प्रकाशन गरेको छ। जसमध्ये तेस्रो कोलममा चाहिँ पण्डित पोखरेलसँग असम्बद्ध समाचारलाई जोडिएको छ। कुनै पनि पृष्ठमा पण्डित पोखरेलसँग सम्बन्धित तस्वीर नछापेको द राइजिङ नेपालले शहीद गेट र टुँडिखेलको दृश्यलाई पहिलो पृष्ठको सबैभन्दा महत्वपूर्ण मानिने माथिल्लो भागको दायाँ कुनोमा चार कोलमको रंगीन तस्वीर बनाएर प्रस्तुत गरेको छ।

यसरी कान्तिपुरको 'कभरेज' सबैभन्दा उल्लेख्य देखिन्छ र यसले 'न्यूज भ्यालु' साह्रै राम्ररी ठम्याएको नभन्नु कन्जुस्याइँ हुनेछ। नेपाल समाचारपत्रले पनि पाठकको रुची ठम्याएकै देखिन्छ। अन्नपूर्ण पोष्टको 'कभरेज' औसत छ। समाचार प्रस्तुतिकरणमा हत्याको जिम्मेवार पक्ष यकीन गर्न सकेर बाजी मारेको भए तापनि राजधानीका फोटो सम्पादकको 'न्यूज सेन्स' चाहिँ टीठलाग्दो देखिएको छ र त्यसैले उक्त दिनको समग्र प्रस्तुतिमा कान्तिपुर, नेपाल समाचारपत्र र अन्नपूर्ण पोष्टभन्दा राजधानी पछि परेको छ। नेपाली अखबारहरूमध्येमा सबैभन्दा चुत्थो पारा चाहिँ गोरखापत्रले देखाएको माथिको विवरणबाट प्रष्ट देखिन्छ। अङ्ग्रेजी अखबारहरूमा द काठमाण्डू पोष्ट र द हिमालयन टाइम्सका भन्दा द राइजिङ नेपालको "कभरेज" टीठ लाग्दो भएको विवरणले छर्लंग पारेको छ।

उठेका सवालहरू

माथिको विवरणको पृष्ठभूमिमा नीजी क्षेत्रका अखबारसँग सरकारी मुखपत्रका रूपमा रहेका गोरखापत्र र द राइजिङ नेपाललाई तुलना गर्ने हो भने धेरै सवालहरू खडा हुन्छन्। तीमध्ये दुई सवाल यहाँ राख्नै पर्ने छन्– के गोरखापत्र र द राइजिङ नेपालको सम्पादकीय नेतृत्वलाई न्यूज भ्यालुको अवधारणा बारेमा कत्ति पनि ज्ञान छैन ? अथवा के पण्डित पोखरेलको हत्याको 'कभरेज' गोरखापत्र र द राइजिङ नेपालमा राम्ररी नहोओस् भन्ने कुत्सित मनशाय राख्ने कसैको दबाबमा ती अखबारका सम्पादकीय नेतृत्वहरू परेका हुन् ?

माथिको पहिलो सवालमा निहित कारणले गोरखापत्र र द राइजिङ नेपालमा काम गरेको हो भने त्यो चिन्ताजनक कुरा हो र यसबाट त्यहाँ ठूलो परिवर्तनको खाँचो छ भन्ने देखाउँछ। 'न्यूज भ्यालु' को अवधारणा समेत नबुझेकाहरूलाई सम्पादकीय नेतृत्वको अवसर दिनु कम विडम्बनापूर्ण होइन। सम्बन्धित व्यक्तिहरूलाई समेत यसमा लाज लाग्नु पर्ने हो। एक शताब्दी लामो इतिहास र सरकारी संरक्षण पाएर पनि गोरखापत्र टाक्सिनु दुःखद् भए तापनि अस्वाभाविक होइन रहेछ भन्ने यति संक्षिप्त अध्ययनमा समेत टङ्कारोसँग देखिएको छ।

माथिको दोस्रो सवालमा निहित कारणले काम गरेको हो भने त स्थिति भयावह हुन आउँछ। जनतामाझ अति लोकप्रिय व्यक्तित्वप्रति उनको देहावशानपश्चात् समेत इबी राख्ने त्यो अदृश्य दबाबकर्ताको कतै पण्डित पोखरेलको हत्यामा समेत प्रत्यक्ष/अप्रत्यक्ष हात त थिएन भन्ने हदसम्म शङ्का उब्जिएमा पनि अनौठो मान्नु पर्दैन। हुन पनि, माओवादीले हत्याको जिम्मेवारी लिइसक्दा पनि काठमाडौंबाट प्रकाशन हुने कतिपय साप्ताहिक अखबार र म्यागाजिनहरूले पोखरेल हत्यामा कतै विश्व हिन्दू महासंघमा विगतमा पोखरेलका प्रतिद्वन्द्वी रहेकाहरूको हात थियो कि भन्ने आशयमा समाचार प्रकाशन गरे। उनीहरूले अनुमानको खेती गर्ने अवसर पाउनुमा धेरै कारक तत्वहरूमध्ये सरकारी मुखपत्रमा भएका यस्ता मूर्खता पनि कारक तत्व हुन् भन्ने बुझ्न गाह्रो छैन।

पाठकको मन र मस्तिष्कलाई नजिती संसारमा कुनै पनि पत्रिका सफल भएको छैन। पाठकको मन र मस्तिष्क जित्न सुख र दुःख सबैखाले घटनामा अखबारले आफू पाठकसँग भएको महसुस गराउन सक्नुपर्छ। पण्डित पोखरेलको हत्या र त्यससँग जोडिएका घटनाक्रम बुझ्न अखबारका पाना पल्टाउने पाठकहरूलाई कान्तिपुरले जस्तो न्याय गोरखापत्रले नगरेपछि पाठकले गोरखापत्रलाई आफ्नो ठान्ने आधार चाहिँ कहाँ रहन्छ !

आन्तरिक विस्थापितको अधिकार : सिद्धान्त र व्यवहार

प्रेक्षा ओझा

युद्धले निम्त्याएको परिणाम कति भयावह हुन्छ भन्ने बताउन हिरोसिमा र नागासाकीको व्यापक चर्चा हुने गर्दछ। ठूलो जनधनको क्षति भएपछि नै विश्वयुद्धको परिणाम आँकलन गरि विश्वभरी नै शान्ति र मानवअधिकारलाई स्थायित्व दिन संयुक्त राष्ट्रसंघ गठन भएको थियो। तर वर्तमान परिस्थितिमा विश्व फेरी आतंकको भूमरीमा अल्झिएको छ। आज नेपालमा पनि सशस्त्र द्वन्द्वले निम्त्याएका विकृति, विसंगति र अनेकौं असर र समस्याहरुलाई संवेदनशील ढंगले केलाएर हेर्न थालिएको छ। वर्तमान द्वन्द्वको स्थिति र यसले सृजना गरेका समस्याहरु तथा यसको परिणामले भविष्यमा निम्त्याउने असरहरु विश्लेषण गर्न थालिएको छ। वर्तमान सन्दर्भमा सशस्त्र द्वन्द्वले निम्त्याएको विस्थापनको समस्या समाधान गर्न विशेष गम्भीरताका साथ अघि बढ्नु जरुरी हुन्छ। अन्यथा, ०५२ सालमा माओवादीहरुले जनयुद्ध शुरु गर्दा लिइएको हल्का रुप अहिले आएर जसरी भयावह भएको छ त्यस्तै रुप यसले पनि नलेला भन्न सकिँदैन।

नेपालमा विस्थापितहरुको आँकडा र अवस्था

द्वन्द्वका कारण सृजित त्रासका कारण दिनहुँ हजारौं मानिस विस्थापित जीवन बिताउन वाध्य छन्। नर्वेजियन रिफ्युजी काउन्सिलको ग्लोबल आईडीपी प्रोजेक्टको प्रतिवेदन-२००४ अनुसार, विश्वभरी २ करोड ५३ लाख मानिसहरु आन्तरिक रुपमा विस्थापनमा परी समस्या झेलिरहेका छन्। नेपालमा आन्तरिक विस्थापितको संख्या १ देखि २ लाखको बीचमा छ। इन्सेकका अनुसार २००४ को अन्त्यसम्ममा नेपालमा ५० हजार ३ सय ५६ जना व्यक्तिहरु आन्तरिकरुपमा विस्थापति भएका छन्। माओवादीले विशेष गरी शिक्षक, जमिन्दारहरु र सरकारी कर्मचारीहरुलाई लक्षित गरेका कारण उनीहरु आफ्नो जायजेथा छोडेर विस्थापित हुन पुगेका छन्। यसका साथै जनसंख्याको गरिब समुदाय पनि प्रभावित भएको छ। माओवादीको जबर्जस्ती भर्ना र सुरक्षा निकायद्वारा बनेका प्रतिकार समूह र युद्धका अन्य असरहरुले गर्दा पनि मानिसहरु विस्थापित हुने क्रम बढेको छ। विस्थापितहरुमध्ये ठूलो हिस्सा बालबालिकाको छ। जुलाई २००५ मा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) ले गरेको अनुमान अनुसार सन् २००५ मा १० देखि १५ हजार बालबालिका विस्थापित हुने कुरा एमनेष्टी इन्टरनेशनलले ०६२ साउन २६ गते सार्वजनिक गरेको "द्वन्द्वको चपेटामा बालबालिकाहरू" नामक प्रतिवेदनमा उल्लेख छ।

इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगरले ०६१ फागुन १६ देखि चैत ३ गतेसम्म गरेको एक सर्भेक्षण अनुसार सबैभन्दा बढी विस्थापित हुने परिवारमा कृषि पेशामा संलग्न भएकाहरु पाइएको छ। त्यससँगसँगै शिक्षकहरु विस्थापित भएका

छन्। इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालयले विराटनगर उपमहानगरपालिका तथा आसपासका क्षेत्रभित्र द्वन्द्वका कारण विस्थापित ८ जिल्लाका ५६ परिवारबीच उक्त सर्भेक्षण गरेको थियो। यसैगरी दक्षिण एसियाली मानवअधिकार मञ्च (साफर) ले वीरेन्द्रनगर र काठमाडौंका विस्थापितहरु माझ गरेको सर्भेक्षण- 'अ पाइलट सर्भे अन इनटरनल्ली डिस्प्लेस परसन्स इन काठमाडौं एण्ड विरेन्द्रनगर' -ले पनि विस्थापित हुनेहरुमा सबैभन्दा बढि कृषि पेशामा संलग्न रहेको उल्लेख गरेको छ। यसका साथै राजनीतिक कार्यकर्ता, सरकारी कर्मचारी, शिक्षकहरु पनि विस्थापनमा परेका छन्।

सशस्त्र द्वन्द्वका कारण विस्थापित जीवन बिताउन बाध्य हजारौं व्यक्तिहरुलाई राज्यले आधारभूत मानवअधिकारको सुनिश्चितता नगर्दा भौंतारिएर र अनेकौं समस्या झेलेर नारकीय जीवन बिताउन परिरहेको स्थिति छ। कोटदरबार गाविस, तनहुँका सेना र प्रहरीमा भर्ना भएका १५ जनाको घरमा माओवादी कार्यकर्ताले तालाबन्दी गरेका कारण पीडितहरुको आफ्नो छोरा भएको ठाउँमा त कोही आफन्तकहाँ शरण लिएर बसेका छन् भने कोही आफ्नो घरको आँगनमा समेत पाल टाँगेर बसेका छन्। माओवादीहरुले पीडितहरुलाई आफ्ना छोराहरुलाई एक महिनाभित्रमा सुरक्षाफौजबाट छुटाएर ल्याउन परिवारका सदस्यहरुलाई चेतावनीसमेत दिएका थिए। यसरी माओवादीद्वारा दिइएका चेतावनी र धम्कीका कारण र आफ्ना नातेदार सुरक्षा निकायमा भर्ना भएका कारण सर्वसाधारणलाई दुःख दिने र विस्थापित बनाउने क्रम अत्यधिक छ। यसैगरी सुरक्षा निकायबाट गरिएको व्यवहारका कारण पनि मानिसहरु विस्थापित हुने क्रम बढेको छ। धादिङको खहरेमा रहेको सुरक्षा बेसक्याम्प नजिकैको पुलमा ०६२ वैशाख २६ गते बिहान माओवादीले एम्बुस विस्फोट गराएपछि सुरक्षाकर्मीले बजारमा अन्धाधुन्ध कुटपिट गर्दा विस्थापित हुने क्रम बढ्यो। उक्त विस्फोटमा सेनाका जमदार मानबहादुर सिंजाली मगरको मृत्यु भएको थियो। यस्ता अनगिन्ती उदाहरणहरु छन्।

राष्ट्रिय-अन्तर्राष्ट्रिय कानुनमा विस्थापितहरुसम्बन्धी व्यवस्था

नेपाल अधिराज्यको संविधान, २०४७ को राज्यका निर्देशक सिद्धान्तको धारा २६(९) अन्तर्गत बालबालिका, असहाय महिला, वृद्ध, अपांग र अशक्तहरुको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था अवलम्बन गर्ने नीति राज्यले लिएको छ। संयुक्त राष्ट्रसंघद्वारा जारी मानवअधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ ले प्रत्येक व्यक्तिको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार, सुरक्षाको अधिकारको व्यवस्था गरेको छ। व्यक्तिहरुको बाँच्न पाउने अधिकार, स्वतन्त्रताको अधिकार, सुरक्षाको अधिकार र मर्यादित जीवनसमबन्धी अधिकारहरुको सुनिश्चितता गर्नुपर्ने कुरा आन्तरिक विस्थापनहरुको निर्देशक सिद्धान्तले गरेको छ।

सन् १९९३ मा अष्ट्रियाको राजधानी भियनामा सम्पन्न विश्व मानवअधिकार सम्मेलनले पनि आन्तरिकरुपमा विस्थापनमा परेकाहरुका लागि मानवीय सहायतामा विशेष ध्यान दिनुपर्ने उल्लेख गरेको छ। भियना घोषणापत्र र कार्य योजनाको २३ नं बुँदामा अन्तरसरकारी र मानवीय संस्थाहरुले आन्तरिक विस्थापनमा परेका व्यक्तिहरुको स्थायीरुपमा समस्या समाधानका लागि उनीहरुलाई स्वेच्छिक र सुरक्षितरुपमा घर फर्कने र पुनर्स्थापन गर्ने सम्बन्धमा महत्वका साथ विशेष जोड दिएको छ। विश्व मानवअधिकार सम्मेलनले संयुक्त राष्ट्रसंघीय बडापत्र र मानवीय कानुनको सिद्धान्तअनुसार प्राकृतिक र मानवद्वारा भएका क्षतिका कारण पीडितहरुका लागि मानवीय सहायता पुऱ्याउनुपर्नेमा पनि जोड दिएको छ।

विस्थापितहरुका लागि सरकारले छुट्टै कानुनहरु निर्माण नगरे पनि विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि-अभिसन्धिहरुले उनीहरुको हक-अधिकार सुनिश्चित गरेका छन्। जसमा विशेष गरी नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, बालअधिकार, महिलामाथि हुने सबै प्रकारका भेदभाव विरुद्धको अधिकारलगायत् नेपाल अधिराज्यको वर्तमान संविधानको मौलिक हकअन्तर्गत व्यवस्था गरिएका अधिकारहरु पर्दछन्। यसैगरी मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा पनि नागरिकहरुको हक-अधिकारको व्यवस्था गरिएको छ। जसले विस्थापितहरुको अधिकारलई पनि संरक्षण गर्दछ। विद्यमान यी हक-अधिकारहरुको उपभोग गर्न नपाउँदा राज्यले नागरिकका लागि गर्नुपर्ने दायित्व पूरा नभएको ठान्नु पर्दछ।

सशस्त्र द्वन्द्वका अवस्थामा सबैभन्दा बढि सक्रिय हुने भनेको अन्तर्राष्ट्रिय मानवीय कानुन हो। अन्तराष्ट्रिय मानवीय कानुनको साझा धारा ३ मा द्वन्द्वबाट टाढा रहेका व्यक्तिहरुलाई युद्धको निशाना बनाइन नहुने उल्लेख छ। तर द्वन्द्वका कारण आज सबैभन्दा बढि सर्वसाधारणहरु डर तथा का द्वन्द्वरत पक्षहरुको दबावका कारण आफ्नो जायजेथा, सम्पत्ति सबै छोडेर विस्थापित भएका छन्। धेरैजसो सपरिवार विस्थापित भएका छैनन्। जसका कारण आधा परिवार एक ठाउँमा र घरको मूली अर्को ठाउँमा बस्न बाध्य छन्। नर्वेजियन रिफ्युजी काउन्सिलको ग्लोबज आईडीपी प्रोजेक्टले सेप्टेम्बर २००४ मा सार्वजनिक गरेको प्रतिवेदनले धेरै संख्यामा पुरुषहरुले महिला र बालबालिकालाई छोडेर विस्थापन हुनु परेको तथ्य सार्वजनिक गरेको थियो। यसले ती परिवारहरुको मनोविज्ञानमा नराम्रो असर परेको छ।

आन्तरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्त

विश्वमा विस्थापितहरुका सम्बन्धमा मात्रै केन्द्रित एउटै मात्र संयन्त्र भनेको आन्तरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्त हो। यो सिद्धान्त आन्तरिक विस्थापनको समस्या भोगिरहेको राज्यका लागि र आन्तरिकरुपले विस्थापितहरुसँग सम्बन्धित अन्य त्यस्ता निकायहरु, समूहहरु वा व्यक्तिहरुका लागि लागू हुन्छ। आन्तरिक विस्थापनसम्बन्धी

निर्देशक सिद्धान्तहरु अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र अन्तराष्ट्रिय मानवीय कानुनसँग मेल खान्छन् र तिनीहरुको प्रतिनिधित्वसमेत गर्दछन्।

आन्तरिक विस्थापनमा परेका व्यक्तिहरुका लागि सहयोग र संरक्षणको आवश्यकता रहेको संयुक्त राष्ट्रसंघीय महासचिव कोफी अन्नानका आन्तरिकरुपमा विस्थापनहरुका मानव अधिकार प्रतिनिधि प्रा. वाल्टर केलिनले बताउनु भयो। हिंसात्मक द्वन्द्वका कारण बढ्दै गएको आन्तरिक विस्थापनको समस्यालाई अध्ययन-अनुसन्धान गर्न ०६१ चैत ३१ गते संयुक्त राष्ट्रसंघका महासचिवका विशेष प्रतिनिधि प्रा. वाल्टर केलिन नेपाल भ्रमणमा आउनु भएको थियो। सो अवसरमा उहाँले मध्यपश्चिम र पूर्वाञ्चलका केही जिल्लाहरुको भ्रमण गर्नुभएको थियो। अध्ययनपश्चात् ०६२ वैशाख ९ गते काठमाडौंमा एक प्रेस सम्मेलनको आयोजना गरी माओवादीले प्रयोग गरेको अत्यधिक हिंसा, विस्थापनको कारण भएको बताउनुभयो। जनसमुदायविरुद्ध गरिने हिंसात्मक वा त्रासदीपूर्ण कार्य, माओवादी सशस्त्र समूहद्वारा हुने गरेका जबर्जस्ती भर्ती तथा अपहरण कार्य, माओवादीलाई अनिच्छापूर्वक खाना वा बास उपलब्ध गराएको भए पनि सहयोग गरेको आरोपमा शाही नेपाली सेनाबाट बदला लिने भय र आम असुरक्षाले विस्थापनलाई बढाएको उहाँले बताउनु भएको थियो। नेपालमा विस्थापनमा परेकाहरुका सम्बन्धमा गरेको अध्ययन प्रतिवेदन आउँदो ६२ औं संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको बैठकमा प्रस्तुत गर्नुहुने भएको छ।

विस्थापितहरुको अधिकार र मानवअधिकार संस्थाको अगुवाई

आन्तरिकरुपमा विस्थापनमा परेकाहरुका सम्बन्धमा यतिखेर छुट्टै अधिकारका लागि आवाज उठाउने भन्दा पनि विभिन्न कानुनहरुमा व्यवस्था गरिएका नागरिकहरुका अधिकारहरु प्रत्याभूत गराउन सरकारलाई दबाब सृजना गर्नु पर्दछ। यसबेला पहिला उनीहरु नागरिक हुन् अनिमात्र विस्थापित भन्ने तथ्यलाई मध्यनजर गर्नु जरुरी छ।

मानवअधिकार सिद्धान्त अनुसार मनिस भएर बाँच्नकालागि चाहिने सबै अधिकारहरुको उपभोग गर्न प्रत्येक नागरिकले पाउनु पर्दछ। त्यसकारण विस्थापितहरुलाई विस्थापितको रुपमा नहेरी पहिला नागरिकको रुपमा हेरिनु पर्दछ। विस्थापित भएकै आधारमा राज्यले उनीहरुको कुनै पनि अधिकारको कटौति गरिनु हुँदैन। त्यसको साटो विशेष संरक्षणको वयवस्था गरिनु आवश्यक हुन्छ। विस्थापितहरुको अधिकार संरक्षणकालागि वर्तमान स्थितिमा छुट्टै संयन्त्र नभएको अवस्थामा विद्यमान कानुन तथा संयन्त्रहरुले

निर्देशक सिद्धान्तले गरेका व्यवस्थाहरु

- आन्तरिकरुपमा विस्थापित भएका आधारमा, अधिकारहरु र स्वतनत्रताको उपयोग र्ने सवालमा कुनै भेदभाव गरिन नहुने।
- यी सिद्धान्तहरु विनाकुनै पूर्वाग्रह अन्तर्राष्ट्रिय कानुनका आधारमा विशेष गरी आम नरसंहारमा संलग्न, मानवविरुद्ध अपराध गरेका तथा युद्धसम्बन्धी अपराधमा संलग्न व्यक्तिहरुलाई लागू हुनेछन्।
- यी सिद्धान्तहरु विनाकुनै भेदभाव लागू गरिनुपर्ने।
- देशको कानुनी व्यवस्थाअनुसार सुरक्षा र मानवीय सहयोग प्रदान गर्नुपर्ने, त्यसको उपलब्धताका लागि सम्बन्धित निकायहरुमा अनुरोध गर्ने अधिकार विस्थापितहरुलाई रहेको हुन्छ।
- यी सिद्धान्तहरु जाति रंग, लिंग, भाषा, धर्म वा विश्वास, राजनीतिक वा अन्य विचार, राष्ट्रियता, जातीय वा सामाजिक परिवेश, कानुनी वा सामाजिक हैसियत, उमेर, असक्षमता आदिका आधारमा कुनै पनि भेदभावविना नै लागू गरिनुपर्ने।
- आवश्यक परिस्थितिमा बाहेक विस्थापनको समयलाई लामो नबनाइने।
- विस्थापनहरुलाई व्यवस्थित गर्न वैकल्पिक उपायहरु अपनाउनुपर्ने।
- विस्थापन र यसबाट पर्ने असरहरु लाई कम गर्नै सबै उपायहरु अवलम्बन गर्नुपर्ने।
- आवासको व्यवस्था, सुरक्षाको अनुभूति, पोषक तत्वहरुको उपलब्धता, स्वास्थ्य सुविधा तथा परिवारका सदस्यहरुलाई अलग-अलग नपारिने।
- व्यक्तिहरुको बाँच्न पाउने अधिकार, स्वतन्त्रताको अधिकार, सुरक्षाको अधिकार र मर्यादित जीवनसम्बन्धी अधिकारहरुको सुनिश्चितता गर्नुपर्ने।
- कानुनी उपचारको अधिकार।
- आन्तरिकरुपले विस्थापितहरुको विशेषगरी आम नरसंहार, हत्या, गैरकानुनी मृत्युदण्ड, बेपत्ता पारिने, अपहरण वा विनाजानकारी थुना, धम्की अथवा मृत्युसँग सम्बन्धित कार्य गर्न उक्साउने कार्यलाई प्रतिबन्धित गरिने।
- बलात्कार, घाइते, यातना, क्रुर अमानवीय अथवा अमर्यादित व्यवहार र अन्य मानवीय मर्यादामा आँच आउने खालका, लैंगिक विभेदयुक्त हिंसाहरु, जबर्जस्ती वेश्यावृत्तिबाट संरक्षण।
- दासता बैवाहिक बेचबिखन, यौनशोषण अथवा जबरजस्ती बालश्रमबाट संरक्षण।
- बन्धकको रुपमा राखिन नपाउने।
- द्वन्द्वमा संलग्न हुनका लागि अनुमति दिन नपाइने।
- सैन्य सेवामा भर्ति गराउन नपाइने।
- देशको कुनै भागमा सुरक्षा खोज्ने अधिकार।
- आफ्नो देश छोड्ने अधिकार।
- अन्य कुनै देशमा शरण खोज्ने अधिकार।
- पारिवारिक जीवनको आदर गरिनुपर्ने।
- सँगै बस्न चाहेमा तिनीहरुलाई सँगै बस्न अनुमति दिनुपर्ने।
- शिक्षाको अधिकार, निःशुल्क शिक्षाको अधिकार।

उनीहरुलाई समेटनु पर्दछ।

विस्थापितहरुको अधिकारको कुरा गर्ने हो भने उनीहरुका लागि मात्र भनेर राज्यले विशेष अधिकारहरुको व्यवस्था गरेको छैन। देशका नागरिक भएका हुनाले उनीहरुको अधिकारलाई राज्यले निर्माण गरेका सम्पूर्ण व्यवस्थाहरुले समेट्दछन्। विस्थापितहरुको अधिकारका सम्बन्धमा मात्रै केन्द्रित भएर जारि गरिएको अहिलेसम्मको पहिलो दस्तावेज भनेको संयुक्त राष्ट्रसंघको महासभाद्वारा सन् १९९८ को ९ डिसेम्बरमा पारित आन्तरिक विस्थापितहरुको निर्देशक सिद्धान्त हो। निर्देशक सिद्धान्तले कानुनी रुप लिइसकेको छैन। तर पनि नेपाल संयुक्त राष्ट्रसंघको पक्षराष्ट्र भएकाले यसमा व्यवस्था गरिएका अधिकारको संरक्षण गर्नु राज्यको दायित्व हो। तर यसलाई नेपाल सरकारले अवलम्बन गरेको पाइँदैन।

आन्तरिक विस्थापितहरुको समस्यालाई हेर्न संयुक्त राष्ट्रसंघको अनुरोधमा संयुक्त राष्ट्रसंघका महासचिवद्वारा सन् १९९२ मा सुडानका फ्रान्सिस एम डेंगलाई आन्तरिक विस्थापितहरुसम्बन्धी विशेष प्रतिनिधिकारुपमा नियुक्त गरिएको थियो। उनलाई आन्तरिक विस्थापितहरुको समस्या बुझ्न र आवश्यक दीर्घकालीन समाधान र संरक्षण तथा सुविधा उपलब्ध गराउने आधार पत्ता लगाउने जिम्मेवारी सुम्पिएको थियो। फ्रान्सिसले विभिन्न राष्ट्रहरुका आन्तरिक विस्थापितहरुको समस्याका सम्बन्धमा अध्ययन-अनुसन्धान गरी विस्थापितहरुसम्बन्धी निर्देशक सिद्धान्त संयुक्त राष्ट्रसंघमा पेश गरेपछि सन् १९९८ को ९ डिसेम्बरका दिन उक्त निर्देशक सिद्धान्त पारित गरिएको थियो।

गएको सेप्टेम्बर २१, २००४ देखि कानुनका प्राध्यापक वाल्टर केलिनलाई संयुक्त राष्ट्रसंघका महासचिवको आन्तरिक विस्थापितहरुसम्बन्धी विशेष प्रतिनिधिका रुपमा नियुक्त गरियो। प्राध्यापक केलिन आन्तरिक विस्थापितहरुको निर्देशक सिद्धान्त मस्यौदाकारहरुमध्ये एक हुन्।

नेपालले मानवअधिकारसम्बन्धी १६ वटा संयुक्त राष्ट्रसंघीय सन्धिहरु अनुमोदन गरिसकेको छ। ती सन्धिहरुले मानिसको आधारभूत अधिकारदेखि उनीहरुको राजनीतिक जीवनमा सहभागी हुन पाउने, सामाजिक तथा साँस्कृतिक जीवनहरुमा भाग लिन पाउने, रोजगारीका अवसरहरु उपलब्ध गराउन पाउनुपर्ने, आफ्नो सम्पत्तिको भोगचलन आफ्नो अनुसारले गर्न पाउनुपर्ने, बालबबालिकाको शिक्षा तथा सुरक्षाको सुनिश्चितता गर्न पाउनु पर्ने, उचित स्वास्थका लागि आवश्यक संयन्त्रहरु निर्माण गरी कार्यान्वयन गर्न पाउनेलगायतका अधिकारहरुको ग्यारेन्टी गरेका छन्। राज्यको नागरिक भएर पनि आन्तरिक विस्थापितहरुले यी अधिकारहरको उपभोग गर्न पाएका छैनन्। परिवारदेखि आफ्नो घर जायजेथाबाट अल्लग्गिएर आफू बसोबास गर्दै आएको थलो छोडी अन्यत्र जीवन बिताउनुपर्ने स्थिति छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १३ को उपधारा १ ले प्रत्येक व्यक्तिलाई प्रत्येक देशको सीमानाभित्र स्वतन्त्रतापूर्वक विचरण र बसोबास गर्ने अधिकारको सुनिश्चितता गरेको छ। घोषणापत्रको धारा १६(३) ले समाजको स्वभाविक र आधारभूत सामूहिक इकाई परिवार भएको र यसलाई समाज र राज्यद्वारा संरक्षण हुने अधिकार प्रत्याभूत गरेको छ। त्यसैगरी धारा १७ ले कुनै पनि व्यक्तिको सम्पत्ति मनोमानी ढंगले अपहरण गरिन नहुने व्यवस्था गरेको छ। संयुक्त राष्ट्रसंघीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्धले व्यवस्था गरेको आफ्नो सम्पत्तिको भोगचलन र उपभोग गर्न पाउने अधिकारबाट विस्थापितहरु विमुख छन्। उक्त महासन्धिको धारा ९ मा पक्षराष्ट्रहरुले सामाजिक विमालगायत् प्रत्येक व्यक्तिको सामाजिक सुरक्षाको अधिकारलाई मान्यता दिनुपर्ने उल्लेख छ। यसैगरी संयुक्त राष्ट्रसंघीय नागरिक तथा राजनीति अधिकारसम्बन्धी अनुबन्धले यसको धारा ११(१) मा कुनै राज्यको इलाकाभित्र कानुनअनुसार बसेको प्रत्येक व्यक्तिको सोही इलाकाभित्र आवत-जावत गर्ने स्वतन्त्रता तथा आफ्नो घर रोज्ने स्वतन्त्रताको अधिकार हुने उल्लेख छ। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरुमा व्यवस्था गरिएका यी हक-अधिकारहरुको सुनिश्चितता नगर्दा उनीहरुको मानवअधिकार हनन हुनजान्छ। विभिन्न कानुनहरु निर्माण गरि व्यवस्था गरिएका यी अधिकारहरुको प्रत्याभूति गराउनु राज्यको प्रमुख दायित्व हो। यसलाई राज्यले वहन गर्नु पर्दछ।

विद्यमान संकटपूर्ण अवस्थामा विस्थापितहरुलाई पुनर्स्थापित हुन र उनीहरुमाथि परेको युद्धको मार कम गर्न मानवअधिकार संस्थाहरुले सकेसम्म पहल गर्दै आएका छन्। उनीहरुले पाउनुपर्ने आधारभूत मानवअधिकारको सवाललाई इन्सेकलगायत्का मानवअधिकार संस्थाहरुले प्राथमिकताका साथ उठाउँदै आएका छन्। यसैक्रममा १० महिनादेखि सुर्खेत जिल्लाको वीरेन्द्रनगरस्थित खुला

मैदानमा पाल टाँगेर बस्दै आएका जुम्लाको विराट र बडिमालिका गाविसका १ सय ११ विस्थापितहरुलाई इन्सेकको पहलमा घर फर्काइएको छ। वीरेन्द्रनगरदेखि जुम्लासम्म हवाइजहाजमा र त्यसपछि दुई दिन पैदल हिँडेर पुगिने ती गाउँका बासिन्दालाई घर फर्कने वातावरण इन्सेकले मिलाएको थियो।

तावाबाट उम्केर भुंग्रोमा

इन्सेकले विराटनगरमा गरेको सर्भेक्षणले विस्थापितहरुको ज्वलन्त समस्याहरुमा बेरोजगारी, खाद्यान्न, बसोबास, लत्ताकपडा र बालबालिकाको पढाइलेखाइ, महिला तथा बाबलिकाको आधारभूत स्वास्थ्यजस्ता विषयहरु परेको देखिएको छ। हिंसात्मक द्वन्द्वका कारण विस्थापित भएकाहरु साना-साना नाग्लो पसलहरु खोलेर, गिट्टी कुट्ने कार्य गरेर आफ्ना छोराछोरीहरुलाई होटल वा ईंट्टा भट्टामा काम गर्न पठाएर जीविकोपार्जन गरिरहेको तथा उनीहरुले सडकमा मागेरसमेत बस्नुपरेको तथ्य साफरले गरेको अध्ययनले देखाएको छ।

इन्सेकको सर्भेक्षणका अनुसार, आन्तरिक विस्थापितहरु समाजमा आफूलाई विस्थापितको रुपमा चिनाउनसमेत हिच्किचाउँछन्। आफ्नो वास्तविक पहिचान दिएमा पुन: केही घटना हुने हो कि भनी डराउने गरेको पाइन्छ। त्यसैगरी साफरको अध्ययन प्रतिवेदनमा उल्लेख भएअनुसार, बेला-बेला सुरक्षाफौजहरु सादा पोशाकमा र माओवादीहरु पनि आफूहरु बसेको ठाउँ वरीपरी घुमिरहँदा सुर्खेतको वीरेन्द्रनगरमा रहेका विस्थापितहरुले असुरक्षाको महसूस गरेको बताए भने काठमाडौंमा द्वन्द्वका कारण विभिन्न ठाउँबाट विस्थापित भएकाहरु छरिएर बसेको हुनाले उनीहरुले सुरक्षा निकाय वा अन्य समुदायबाट कुनै पनि किसिमको असुरक्षा, डर वा धम्की महसुस गर्नु परेको छैन।

राज्यले विस्थापितहरुको स्थितिलाई गम्भीरताका साथ लिएको देखिँदैन। माओवादी विस्थापितहरुले विस्थापित भएर काठमाडौंको टुंडिखेलमा पाल टाँगेर धर्ना बसी आफ्नो अधिकारको लागि आवाज उठाउँदा राज्यबाट भएको दमन मानवअधिकार विपरीत हो। माओवादी विस्थापितहरुले गत जेठमा संचालन गरेको आन्दोलनमा राज्यले व्यापक हस्तक्षेप गरेको थियो। माओवादीको ज्यादतिका कारण विस्थापित भएकाहरुलाई राज्यले पनि पीडित बनायो। गास, बास र कपासको व्यवस्था गर्नुपर्ने, विस्थापितलाई रोजगारीको व्यवस्था गरिनुपर्ने लगायतका माग राख्दै आन्दोलनमा उत्रिएकाहरुमाथि व्यापक धरकपड भयो। उनीहरुले आफूलाई आन्तरिक शरणार्थी घोषणा गर्नुपर्ने माग पनि राखेका थिए। सो क्रममा महिला तथा बालबालिका नभनी सडकमा प्रहरीहरुले उनीहरुलाई लछार-पछार पारे। स-साना बालबबालिकालाई समेत लछारपछार गर्दै पक्राउ गरियो। शान्तिपूर्ण प्रदर्शनका सहभागीहरुलाई निर्मम कुटपिट गरियो। विरोध प्रदर्शनका क्रममा प्रहरीको लाठी प्रहारबाट घाइते भएका माओवादीपीडित गणबहादुर घर्तीको ०६२ जेठ २० गते मृत्यु भयो। त्यसैगरी राजधानीस्थित खुल्लामञ्चमा अस्थायी शिविर खडा गरी बसेका माओवादी पीडितका छाप्राहरु सुरक्षाकर्मीले जेठ २२ गते राति भत्काइदिए।

यसअघिका केही आन्दोलनहरुमा समेत प्रहरीले यस्तै रवैया अपनाएको थियो। माओवादी पीडितहरुलाई काठमाडौंबाट ०६२ जेठ २३ देखि ३१ गतेसम्म आन्दोलनका क्रममा गिरफ्तार गरी भक्तपुर जिल्लाको मध्यपुर थिमि नगरपालिका-१ स्थित कृषि विकास तालिम केन्द्रको भवनमा राखिएको थियो। यसैक्रममा ९ दिनसम्म प्रहरीले सबै बन्दीहरुलाई मानसिक यातना दिएर राखिएकाले त्यसवापत सरकारसँग क्षतिपूर्तीको माग दिलाइ पाउँ भनी माओवादी पीडित संघमा आबद्ध १७ जनाले जिल्ला अदालत, भक्तपुरमा ०६२ साउन ५ गते फिरुद दर्ता गरेका छन्। पीडितहरुले यातनावापत सरकारले प्रत्येक एक जनाको दिनको २५ सयका दरले दिनुपर्ने भन्दै १७ जनाको जम्मा ३ लाख ८२ हजार ५ सय रुपैयाँ क्षतिपूर्ति माग गरेका छन्।

माघ १९ को कदमपछि नागरिक तथा राजनीतिक अधिकारहरुमाथि सरकारले ठूलो हस्तक्षेप गरेको छ। मानिसको स्वतन्त्रतापूर्वक आफ्नो विचार राख्न पाउने र सभा-सम्मेलन तथा जुलुस-धर्ना गर्न पाउने अधिकार खोसिएको छ। यद्यपि सरकारले मानवअधिकार र प्रजातन्त्रप्रति प्रतिबद्धता व्यक्त गर्न भने छोडेको छैन। निषेधित क्षेत्र भनेर राजनीतिक तथा नागरिक संघसंस्थाहरुलाई प्रदर्शन गर्न रोकिएको छ। प्रदर्शनकारीहरुमाथि कुटपिट र थुन्ने काम गरिएको छ। यो राजनीतिक पूर्वाग्रहका कारण गरिएको दमनको एउटा शैली होला तर माओवादी विस्थापितहरुद्वारा गरिएको आन्दोलन राजनीतिक नभई केवल नागरिकहरुको आधारभूत अधिकार प्राप्तिका लागि गरिएको हो। संरक्षणको अधिकारको आन्दोलन हो। त्यसकारण उनीहरुलाई कुनै निषेधाज्ञाभित्र बाँध्नु हुँदैन। उनीहरुमाथि राज्यले यसप्रकारको दुर्व्यवहार गर्न पाउँदैन।

विस्थापितहरुको सामाजिक सुरक्षा यतिखेर महत्वपूर्ण हुन्छ। विस्थापित भएर अन्यत्र जीवन बिताउन बाध्य भएकाहरुले असुरक्षाको महसुस गरिरहेका छन्। विशेष गरेर महिला र बालबालिका यसको शिकार भएका छन्। द्वन्द्वका कारण विस्थापित हजारौं युवतीहरू बेचबिखन तथा यौनशोषणको खतरामा परेका छन्। यसका अलावा विगतमा महिला तथा युवतीहरूको बेचबिखन भारतीय सीमाक्षेत्रपारी मात्र हुने गरेकोमा ग्रामीण युवतीहरूलाई नेपालको शहरी क्षेत्रहरूमा ओसारपसार गरिने क्रम बढ्दै गएको र शहरमा उनीहरूमध्ये धेरैलाई त्यहाँका डान्स पार्लर र बारहरूमा यौन गतिविधिमा लाग्न बाध्य बनाइने गरेको कुरा विभिन्न संघसंस्थाहरुलाई उद्धृत गर्दै एमनेष्टीको प्रतिवेदन (द्वन्द्वको चपेटामा बालबालिकाहरू) मा उल्लेख गरिएको छ।

सरकारद्वारा घोषणा गरिएका राहत कार्यक्रमहरु

माओवादी द्वन्द्व पीडितकाहरुका लागि ०६१ असोज २१ गते सरकारले राहत कार्यक्रमहरु घोषणा गरेको थियो। उक्त कार्यक्रम शिक्षा, स्वास्थ्य, रोजगारी तथा पुनर्स्थापनालगायत्का न्यूनतम मानवीय आवश्यकतासँग सम्बन्धित छन्।

मन्त्रिपरिपदले पारित गरेको उक्त राहतमा दीर्घकालीन राहतको अवधारणालाई प्राथमिकता दिइएको छ। विस्थापित परिवारका एकजना महिला सदस्यलाई अनिवार्य आय-आर्जनका कार्यक्रममा समावेश गराउने रहेको थियो। उक्त व्यवस्थाअनुसार सम्पत्ति नष्ट भएकाहरुलाई ३ महिनाभित्र आर्थिक सहायता उपलब्ध गराउने तथा पीडितलाई रोजगारमूलक तालिम दिइने छ।

द्वन्द्वबाट विस्थापित ६० वर्ष माथिकालाई सरकारी अस्पतालमा उपचार गराउन शिक्षण अस्पतालमा 'कोल्डवार्ड' निर्माण गरिनेछ। विस्थापितलाई यसअघि दिइँदै आएको मासिक एक सय रुपैयाँ निर्वाह भत्ता कटौती गरिएको छ। त्यसको सट्टा विस्थापितहरुलाई आफ्नै घर-जग्गा भएकै जिल्ला सदरमुकाममा सञ्चालन गरिने तालिममा समावेश गरिने उल्लेख छ। तालिम अनुरुप आय आर्जन गर्न ऋण उपलब्ध गराइने पनि कार्यक्रममा उल्लेख गरिएको थियो।

द्वन्द्व पीडितका लागि सार्वजनिक गरिएको उक्त कार्यक्रमअनुसार के-कति कार्यान्वयन भयो, त्यसको वितरण तथा अनुगमन सम्बन्धित निकायबाट के-कति भयो भन्ने सम्बन्धमा नियमित जानकारी प्रसार गर्ने व्यवस्था भने छैन।

०६२/०६३ को बजेटमा द्वन्द्व पीडितहरुलाई रोजगारीका अवसरहरु तथा राहत उपलब्ध गराउन पञ्जीकृत द्वन्द्व पीडितहरु समेत संलग्न भएको समिति बनाई उनीहरुको संलग्नताबाट पूर्वाधार निर्माणका काम वा आयआर्जनका कार्यक्रम संचालन गरिने जनाइएको छ। बजेटले विस्थापित नागरिकहरुले आधारभूत सार्वजनिक सेवा निर्वाधरुपमा प्राप्त गर्नसक्ने व्यवस्था गरिने उल्लेख गरेको छ। द्वन्द्वपीडित भई आन्तरिकरुपले विस्थापित व्यक्तिहरुलाई रोजगार तथा स्वरोजगार प्राप्त गर्न सक्षम तुल्याउने उद्देश्यले व्यवसायिक प्रशिक्षण निःशुल्क प्रदान गरिनेछ। यसका साथै, श्रममूलक सार्वजनिक निर्माणको काममा विस्थापितहरुलाई प्राथमिकता दिइनेछ। पञ्जिकृत द्वन्द्वपीडितहरुलाई मालपोत मिनाहा गर्ने व्यवस्था मिलाइनेछ। द्वन्द्वपीडितहरुको हितका लागि एकीकृत कार्यक्रमसहितको निर्देशिका तर्जुमा गरी छिट्टै जारी गरिने उल्लेख छ।

चुलिँदै गएको ज्वालामुखी पहाड

समाजमा देखा परेका समस्याहरुलाई समयमा निराकरण गर्नेतर्फ नलाग्दा आज द्वन्द्वले हिंसाको रुप लिएको छ। दिन परदिन मानिसहरु विस्थापित हुने क्रम बढ्दै गएपछि उनीहरुको सुरक्षाका लागि विशेष संयन्त्रको टड्कारो आवश्यकता महसुस गरिएको छ। विस्थापितहरुको समस्या समाधानका लागि बनिनुपर्ने छुट्टै संयन्त्रले उनीहरु बसेको ठाउँमा उनीहरुको आधारभूत अधिकारको प्रत्याभूतिका साथै उनीहरुको आफ्नै ठाउँमा पुनर्स्थापना र पुनर्मिलनका लागि पनि विशेष कदम चालिनु आवश्यक भएको छ। तर यसका लागि आवश्यक अध्ययन-अनुसन्धान हुनुपर्छ। विभिन्न संस्थाहरुले विभिन्न किसिमका तथ्याकंहरु सार्वजनिक गरिरहेका छन्। तर यकिन साथ यत्ति नै विस्थापितहरु छन् भनेर किटान गर्नसक्ने अवस्था छैन। जबसम्म हामी विस्थापितहरुको वास्तविक पहिचान गर्न सक्दैनौ तबसम्म उनीहरुका लागि गरिने सेवा सुविधा प्रभावकारी हुन सक्दैन।

यो वर्ष श्री ५ को सरकारले द्वन्द्व पीडितहरुका लागि राहत कार्यक्रमको घोषणासँगै विस्थापितहरुका लागि पनि केही व्यवस्था गरेको छ। तर, यी पर्याप्त छैनन्। विस्थापितहरुकै लागि केन्द्रित भएर राहत कार्यक्रम अघि सारिएका छैनन्। विस्थापित बालबालिकाको स्वास्थ्य र शिक्षामा विशेष ध्यान राज्यले पुऱ्याउन आवश्यक भएको छ। विस्थापितहरुका लागि वर्तमान अवस्थामा बेरोजगारी प्रमुख समस्याका रुपमा रहेको छ। त्यसकारण उनीहरुलाई रोजगारीका अवसरहरु राज्यले उपलब्ध गराउनुपर्छ। जसले गर्दा उनीहरुको प्रमुख समस्या दैनन्दिनको छाक टार्न सजिलो हुन्छ।

आन्तरिक विस्थापितहरु समाजमा आफूलाई विस्थापितको रुपमा चिनाउनसमेत हिच्किचाउँछन् । आफ्नो वास्तविक पहिचान दिएमा पुनः केही घटना हुने हो कि भनी डराउने गरेको पाइन्छ ।

विश्वमा भएका दुईवटा विश्वयुद्धहरु र त्यसपछि विभिन्न समयमा भएका विभिन्न आन्तरिक र वाह्य द्वन्द्वहरुका कारण विश्वभरी नै शरणार्थी र आन्तरिक विस्थापितहरुको समस्या र तथ्यांक बढ्दै गएको छ। तर आन्तरिक विस्थापितहरुको समस्या र यस्ता युद्धले पारेका असरका कारण तिरस्कृत जीवन बिताउन बाध्य यस्ता विस्थापितहरुको सम्बन्धमा उनीहरुको अधिकारलाई सुनिश्चित गरेर कुनै पनि संयन्त्र बन्न नसक्नु ठूलो बिडम्बना हो। आन्तरिक विस्थापनसम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशक सिद्धान्तलाई सबै पक्षराष्ट्रले व्यवहारमा अनुदित नगरेसम्म यो समस्याको परिमाण कम हुन सक्दैन। नेपालको राज्यले उत्तरदायी भएर यो समस्याको गम्भीरता बोध गरेकै छैन। ०६१ माघ १९ गते पछिका दिनमा त झन् राज्यले संवेदनशील भएर द्वन्द्वका विविध असरहरुको अध्ययन र न्यूनीकरण गर्नेवारे कुनै चासो नदर्शाउने अघोषित नीति नै अघि सारिसकेको छ। ●

मानवअधिकार सामान्य ज्ञानको उत्तर

१. क २. क ३. ग ४. ख ५. घ ६. क ७. ग ८. घ ९. क १०. ग ११. घ १२. क १३. घ १४. ग १५. ख १६. ग १७. ख १८. क १९. ख

आयोग स्वतन्त्रताको प्रश्न

जीवन्त वाग्ले

जनताको मानवअधिकार तथा मौलिक हक, अधिकार सुनिश्चित गर्नका निमित्त प्रजातान्त्रिक पद्धति मुताविक गठित राष्ट्रिय मानवअधिकार आयोग यति बेला बढो विवादमा फसेको छ। विभिन्न मानवअधिकार संघसंस्थाका प्रतिनिधिहरु र नागरिक समाजको व्यापक प्रयासपश्चात् मानवअधिकार आयोग ऐन, ०५३ अन्तर्गत आयोग गठन गरिएको हो। आयोगको पहिलो कार्यकालको अवस्थाको मूल्याङ्कन भन्दा पनि विषम परिस्थितिमा सफलतापूर्वक आफ्नो कार्यकाल पूरा गरेकोमा मानवअधिकारकर्मी तथा सम्बन्धित वर्गले हेक्का राख्नु पर्ने कुरा हो। राजनीतिक अस्थिरताका कारण धेरे बाधा, अड्चन भएपनि आयोगका सक्रिय पदाधिकारीहरुको अथक प्रयासले गर्दा आयोगले भौतिक तथा अन्य सेवा सुविधामा सबल हुने मौका प्राप्त गऱ्यो। आयोगले तत्कालीन अवस्थामा विदेशी दातृ राष्ट्रहरुबाट सबै क्षेत्रहरुमा राम्रो सहयोग प्राप्त गरेको कारणबाट नै अहिले आयोग मजबुत भएको हो। आयोगले हाल तीन क्षेत्रमा आफ्नो क्षेत्रीय कार्यालय स्थापना समेत गरेको छ। यी सबैको श्रेय आयोगका तत्कालीन सदस्यहरुलाई नै दिँदा अत्युक्ति नहोला। देश, काल, परिस्थिति अनुसार आयोगले तत्कालीन अवस्थामा राज्यका संयन्त्रबाट अपेक्षाकृत सहयोग प्राप्त गर्न नसके पनि अन्तर्राष्ट्रिय स्तरमा छिट्टै नै छुट्टै छवि बनाउन सफल भएको थियो। यद्यपि, विगत आयोगका सदस्यहरुले आयोगको काम, कर्तव्यप्रति इमान्दार भई कार्य गर्दा धेरै नै अप्ठ्यारो झेल्न परेको अवस्था सर्वविदितै छ।

विधानत: प्रधानमन्त्री, प्रतिनिधिसभाका विपक्षी दलका नेता र प्रधानन्यायाधीशको सिफारिसमा राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष तथा सदस्यहरुको राजाद्वारा नियुक्ति हुने व्यवस्था छ। देशले लामो समयदेखि संसदविहीन अवस्थाको सामना गर्नु परेको अवस्थाको फाइदा उठाउँदै सरकारले सिफारिस समितिमा समेत हेरफेर गरेर आयोगका पदाधिकारीहरु नियुक्ति गरिनु स्वेच्छाचारिता हो। अहिले नवगठित सिफारिस समितिमा परराष्ट्रमन्त्री, प्रधानन्यायाधीश र सभामुख रहेका छन्। यसरी राज्यले भ्याइ नभ्याइ हतार हतारमा सिफारिस समिति गठन गरिनुको सट्टामा पूर्व संरचनालाई नै निरन्तरता दिनु उपयुक्त हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संघसंस्थाहरुले माग राख्दै आएका छन्। सरकारको यस्तो क्रियाकलापले बहुचर्चित कार्यसूची प्रकार-१९ को ठाडै वेवास्ता गरिएको स्पष्ट हुन्छ। नेपालको सम्बन्धमा मुलत: राष्ट्रिय मानवअधिकार आयोगको काम कारवाहीप्रति कार्यसूची प्रकार १९ को तादात्म्यता रहेको छ।

कार्यसूची प्रकार १९ अन्तर्गत पारित हुने प्रस्ताव "कुनै देशको मानवअधिकार अवस्थाको सुधारका निम्ति" प्राविधिक सहयोग एवम् परामर्शसँग सम्बन्धित भएअनुसार राष्ट्रिय मानवअधिकार आयोग गठन गरिएको हो। यसरी, स्वीट्जरल्याण्डको राजधानी जेनेभास्थित मानवअधिकार आयोग, संयुक्त राष्ट्रसंघको बडापत्र (१९४५) मा आधारित ५३ वटा देशको सदस्य रहने राष्ट्रसंघीय मानवअधिकार आयोगको हरेक वर्ष मार्च-अप्रिलमा छ साताको लागि बस्ने वैठकमा कार्यसूची प्रकार १९ को मर्म अनुसार पनि मानवअधिकार आयोगको संरचनालाई राज्यले मनोमानी ढंगले गठन गरिनु निन्दनीय हो। राज्यले यही क्रियाकलापलाई निरन्तरता दिने हो भने सेलाउन लागेको कार्यसूची प्रकार-९ पुन: जुर्मुराउन थाल्ने देखिन्छ। कार्यसूची प्रकार-९ ले मानवअधिकारको उल्लंघन गर्ने देशलाई विश्व समुदायबाट अलग्याउन, त्यसलाई कुनै सहयोग नगर्न अन्तर्राष्ट्रिय आह्वान गर्दछ। कार्यसूची प्रकबार- ९ लागू भएका देशहरुलाई अन्तर्राष्ट्रिय स्तरमा सामान्य र स्वस्थ मान्न सकिन्न। अहिलेसम्म कार्यसूची प्रकार-९ लागू भएका देशहरुमा म्यानमार, उत्तर कोरिया, क्युवा, सुडान, कम्बोडिया, इथियोपिया लगायतका एक दर्जन देशहरु छन्। राष्ट्रिय मानवअधिकार आयोग क्रियाशील हुँदाहुँदै पनि यहाँ राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय खोल्न विश्व समुदायले आवश्यकता महसुस गर्नु भनेको नेपालको मानवअधिकारको स्थितिप्रति अन्तर्राष्ट्रिय जगत अब अरु बढी बेवास्ता गरेर बस्न नसक्ने कुराको संकेत हो।

पारित भएको कार्यसूची प्रकार-१९ मा राष्ट्रसंघीय मानवअधिकार उच्चायोगले नेपाल सरकारलाई संयुक्त राष्ट्रसंघीय पेरिस सिद्धान्त एवम् मानवअधिकार ऐन, २०५३ बमोजिम

राष्ट्रिय मानवअधिकार आयोगको स्वन्त्रता, संस्थागत निरन्तरता एवम् स्थायितव सुनिश्चित गर्न, थुनामा राखिएका बन्दीगृहका साथै शाही नेपाली सेनाको हिरासतस्थलमा समेत कुनै बाधा तथा कुनै पूर्व सूचना बिना नै राष्ट्रिय मानवअधिकार आयोगको पहुँच सुनिश्चित हुनुपर्छ, राष्ट्रिय मानवअधिकार आयोग एवम् यसका क्षेत्रीय कार्यालयहरु समेतलाई सुरक्षा निकायलगायत् सरकारका सबै अंगले आयोगको कानुनी कार्यदिश निर्वाह गर्न एवम् आयोगका सदस्यहरुले मावअधिकारको संरक्षण एवम् प्रबर्द्धनको कार्य गर्ने वातावरण निर्माण गर्न आवश्यक सुरक्षा तथा सहयोग उपलब्ध गराउन निर्देशात्मक आदेश दिएको छ। ४ अप्रिल २००५ को मितिमा राष्ट्रसंघका मानवअधिकार उच्चायुक्त लुइस आर्बर र नेपालको तर्फबाट परराष्ट्र मन्त्री रमेशनाथ पाण्डेले सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए। सरकारको यस प्रकारको कार्यले मुलुकको कानुन सरह लागू हुने सम्झौता पत्रलाई ठाडो चुनौति दिएको छ। राज्यले मानवअधिकारलाई सम्मान गर्ने प्रतिबद्धता जाहेर गरेपनि मानवअधिकार विरोधी क्रियाकलापहरुलाई घुमाउरो पाराले दोहोऱ्याइरहेको छ। यसको ज्वलन्त उदाहरण भनको राष्ट्रिय मानवअधिकार आयोगको अवैधानिक गठन पद्धति नै हो जुन कुरालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संघसंस्थाले कडारुपमा असहमति समेत जनाएका छन्। राज्यको यस प्रकारको गतिविधिले के देखाउँछ भने, राज्यको अव्यवहारिकपनाले नेटो काटिसकेको छ। अब सरकारको यस्तो कार्यबाट कदापि राज्य संचालन हुन नसक्ने अन्तर्राष्ट्रिय जगतको ठहर छ।

६१ औं जेनेभा बैठकले अप्रिल २० मा नेपालका सम्बन्धमा कार्यसूची प्रकार १९ पारित गरेको थियो। ४ अप्रिलमा राष्ट्रसंघको तर्फबाट मानवअधिकार उच्चायुक्त लुइस आर्बर र नेपाल सरकारको तर्फबाट परराष्ट्र मन्त्री रमेशनाथ पाण्डेद्वारा दश पन्ना लामो हस्ताक्षरित सम्झौता पत्र मुलुकको कानुन सरह मान्यता पाउने दस्तावेज हो। एकातिर सरकार मानवअधिकारको दुहाई दिंदै अन्तर्राष्ट्रिय जगतलाई शान्ति स्थापना भएको बताए पनि अन्ततः मानवअधिकारको स्थिति खस्किंदै गएको तथ्यांकले देखाएको छ।

वर्तमान अवस्थामा राज्यले एकातिर मानवअधिकारको संरक्षण गरिरहेको जनाएको छ। तर, अर्कातर्फ आफ्नो द्वैध चरित्रमा अविलम्ब परिवर्तन गर्नु निकै जरुरी भएको अन्तर्राष्ट्रिय समुदायले बताउँदै आएरहेको छ। मानवअधिकार आयोगलाई जनअधिकार बहाल गर्न र शान्ति स्थापना गराउन सहयोगीको रुपमा राज्यले स्थापना गरेको हो। तर, अहिले राज्यले गरेको मानवअधिकार विरोधी गतिविधिको सम्बन्धमा नवगठित आयोगले सहज रुपमा आवाज उठाउन सक्छ भन्ने कुरा गम्भीर भएको छ। वर्तमान अवस्थामा सरकारद्वारा गठित भ्रष्टाचार नियन्त्रण शाही आयोग लगायत्का अन्य संघ-संस्था अवैधानिक भएको कुरा विशेष चर्चाको विषय बन्न पुगेको छ। संकटकाल हटाइएको छ तर, महासंकटकालको अवस्थामा लागू गरिने अवयवहरुलाई सरकारले कायमै राखेको छ। यस्ता खाले दृष्टान्तहरुबाट सरकारका भावी क्रियाकलापहरुको बारेमा सहजै अड्कल गर्न सकिन्छ। जनताको मानवअधिकार तथा मौलिक अधिकारलाई संरक्षण र सम्बर्द्धन गर्ने अभिभारा बोकेको राष्ट्रिय मानवअधिकार आयोग अत्यन्त संवेदनशील संस्था हो। उसले स्वतन्त्र पूर्वक कार्य गर्न पाउने मान्यतालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतले पटक-पटक दोहोऱ्याउँदै आइरहेका छन्। राष्ट्रिय मानवअधिकार आयोगको गठन प्रक्रियाले विधिको शासनको उपहास भएको स्पष्ट छ। मानवअधिकार आयोगको गठन सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायद्वारा व्यक्त गरिंदै आएको चासोलाई मध्यनजर गर्नु जरुरी छ।

विधानतः प्रधानमन्त्री, प्रतिनिधिसभाका विपक्षी दलका नेता र प्रधानन्यायाधीशको सिफारिसमा राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष तथा सदस्यहरूको राजाद्वारा नियुक्ति हुने व्यवस्था छ। देशले लामो समयदेखि संसदविहीन अवस्थाको सामना गर्नु परेको अवस्थाको फाइदा उठाउँदै सरकारद्वारा सिफारिस समितिमा समेत हेरफेर गरेर आयोगका पदाधिकारीहरू नियुक्ति गरिनु स्वेच्छाचारिता हो।

समावेशी प्रजातन्त्रको आधार

केशव पहाडी

मानवअधिकारको अवधारणा, मान्यता र सिद्धान्तलाई व्यवहारमा उतार्ने काम कुनै पनि देशको शासन संचालनको दार्शनिक आधार, नीति र ढाँचाहरुले गर्दछन्। त्यसलाई सक्षम र दिगो बनाउन संविधान, कानुन र नियमहरुको निर्माण गरिन्छ। संविधानले तय गरेको दूरदृष्टि र राज्यले गरेको प्रतिबद्धतालाई व्यवहारमा उतार्न योजनाहरु तयार गरिन्छन्। योजनाहरु कार्यान्वयनका लागि कार्यक्रमहरु निर्माण गरिन्छ। तिनै कार्यक्रमहरुको सफल र सार्थक कार्यान्वयनका लागि कार्ययोजनाहरु बन्छन्। यसका अलावा कार्ययोजनाको नियमित अनुगमन र मूल्याङ्कनका ठोस र स्पष्ट विधिहरु तय गरिन्छन्, जसले पृष्ठपोषणका लागि उपयुक्त वातावरणको सृजना गर्दछ। आवधिक रुपमा तय गरिएका योजनाहरुको अन्तिम समीक्षापछि पुनः अग्रगमनका थप कार्यक्रमहरु अघि बढ्छन्। यो नै विकास प्रकृयाको राजमार्ग हो।

विकास प्रकृयामा आउने कुनै प्रकारको विचलन र विसंगतिप्रति जिम्मेवार पक्ष- राज्य सधै सजग रहनुपर्दछ। देशका सबै पक्षलाई समेट्ने गरी तय गरिएको विकासको प्रजातान्त्रिक पद्धति वा ढाँचा नै समावेशी प्रजातन्त्र हो। वास्तवमा समाजसेवी प्रजातन्त्र आफैमा ढाँचा मात्र हो, त्यसमा भरिनु पर्ने कुराहरु मानवअधिकारका सर्वमान्य र विश्वव्यापी विषयहरु नै हुन्। हालसम्म प्रजातन्त्रको नाममा अवलम्बन गरिएका पद्धतिहरुले समावेशीकरणको हक राख्ने सबैलाई 'समावेश' गर्न नसकेकाले नै वर्तमानमा समावेशी प्रजातन्त्रको बारेमा बहस शुरु भएको हो। प्रजातन्त्रको भित्री मर्मप्रति इमान्दार रहनेहरुका लागि भने प्रजातन्त्रका लागि 'समावेशी' भन्ने विशेषणको कुनै अर्थ रहँदैन। समावेशीकरणको चरित्र नबोकेको कुनै पनि शासन संचालनको पद्धति प्रजातन्त्र नभएर ढाँटतन्त्र, गुटतन्त्र वा भिडतन्त्र मात्र हो। यदि यसो भइसकेको छैन भने पनि त्यस्तो प्रजातन्त्र यस्तै विभिन्न तन्त्रहरुमा रुपान्तरित हुन बेर लाग्दैन।

मानव सभ्यताको विकासक्रममा पूँजीवादी/समाजवादी ढाँचामा निर्मित शासन पद्धतिहरुको कार्यान्वयन पक्षमा देखिएको प्रमुख कमजोरी नै 'समावेशीकरण' को मर्मलाई आत्मसात गर्न नसक्नु हो। प्रजातन्त्र आफैमा समावेशीकरणको अर्को नाम भएकाले 'समावेशीकरण' नौलो मुद्दा हुन सक्दैन। विगतका हाम्रा व्यवहारहरुमा समावेशीकरणको गन्ध नआउनु कार्यान्वयन पक्षको कमजोरी हो। हाम्रो दर्शनले भन्छ- 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः।' अर्थात् सबै सुखी होउन्, सबै निरोगी होउन्। प्रजातन्त्रको मूल मर्म यही हो।

निश्चित दार्शनिक पद्धतिहरुमा आधारित भएर बनेका नीतिहरुमा निर्माताहरुको निजी स्वार्थ हावी भएकाले प्रजातन्त्रले बाटो बिराएको हो। यसो हुँदा विश्वशान्ति र मानवताको संरक्षण तथा सम्बर्द्धनका लागि विकसित वाद, दर्शन, धर्म र सिद्धान्तहरु देखाउने दाँतमा परिणत भएका हुन्। चेतनशील मानिसले भनिएको, लेखिएको र भोगिएको कुरामा जब-जब फरक अनुभव गऱ्यो, त्यसलाई सच्याउन शुरुमा आग्रह गऱ्यो, आलोचना गऱ्यो, असहमति जनायो अनि विरोध गऱ्यो। यसमा असफल भएपछि मात्र मान्छेले विद्रोहको बाटो समात्यो। विद्रोहले पुरानो ढाँचालाई बदलेर नयाँ निर्माण गऱ्यो। नवनिर्मित ढाँचामा पनि पुरानै समस्याहरु अलग ढंगले देखा परे। अनि पुनः आग्रह-विद्रोहको चक्र दोहोरिँदै गयो। आज पनि यो चक्र घुमिरहेको छ र भविष्यमा पनि घुमिरहने छ। जबसम्म प्रजातन्त्र भनिने पद्धतिमा समावेशी चरित्र भरिँदैन, यसैगरी जबसम्म विकास सबैका लागि हुँदैन र विकास प्रकृयामा 'सबै'को सहभागिता रहँदैन, तबसम्म आग्रह-विद्रोहको गोलचक्करमा दुनियाँ फनफनी घुमिरहन्छ। अर्थात् मानवअधिकारका विश्वव्यापी मान्यताहरुलाई व्यवहारमा उतार्न परिकल्पना गरिएको प्रजातन्त्रले 'समावेशी' चरित्र धारण गर्नै पर्दछ भन्ने सवाल नै आग्रह-विद्रोह चक्रको चुरो हो र यसको दर्शनलाई नौलो ठान्नु हुँदैन।

हाम्रो सोच र आचरणमा सुधार गर्नु नै समावेशी प्रजातन्त्रतर्फ पहिलो पाइला चाल्नु हो। आन्दोलन वा क्रान्ति यसैका लागि हुनुपर्दछ। 'परोपकार पुण्याय पापाय परपीडनम् (परोपकार पुण्य हो, अर्कालाई दुःख दिनु पाप हो)' भन्ने पूर्वीय दर्शन, अनि संयुक्त राष्ट्रसंघको बडापत्र, मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा त्यसपछिका अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र सहमतिहरुले प्रजातन्त्रलाई समावेशीकरणको ढाँचामा रुपान्तरित गर्न थुप्रै बाटाहरु देखाइसकेका छन्। त्यस्ता दस्तावेजहरुमा उल्लेख गरिएका व्यवस्थाहरुलाई शासन पद्धतिमा समेट्न हामीमा इच्छाशक्ति नभएको मात्र हो।

समावेशीकरणको ढाँचालाई कुनै निश्चित 'वाद' निर्देशित मोडेल बनाउनुभन्दा मानवअधिकारका सर्वमान्य सिद्धान्त निर्देशित मोडेल बनाउनतर्फ लाग्नु नै वर्तमानमा हामीले भोगिरहेका समस्या समाधानको प्रस्थानबिन्दू हो। किनकी विगतमा प्रजातन्त्रको नाममा जन्मेका मार्कोसहरु, समाजवादको नाममा जन्मेका पोलपोट र चाउचस्कुहरु र राष्ट्रवादको नाममा जन्मेका हिटलरहरु देखिसकेका छौं। मासिली क्लिउचेस्की लेख्छिन्- 'इतिहासले केही सिकाउँदैन, केवल आफूबाट नसिक्नेलाई दण्ड दिन्छ।' इतिहासबाट पटक-पटक दण्डित हुनु भन्दा यसबाट सिक्ने प्रयास गर्नु नै उपयुक्त हुन्छ। इतिहास साक्षी छ, शासन पद्धति आफैमा जडवस्तु हो। त्यसमा प्राण भर्ने काम व्यक्तिले नै गर्ने भएकाले सोच र संस्कृतिमा परिवर्तन गर्नु हाम्रो पहिलो आवश्यकता हो। तब मात्र ढाँचा परिवर्तनले अपेक्षित परिणाम दिन्छ। भएकोमा सुधार र थप, नयाँ निर्माण र असान्दर्भिक कुराको निषेध, यी तीन कार्यले नौलो संस्कृतियुक्त समावेशी शासन पद्धति निर्माणमा अग्रसर गराउँछन्। अन्यथा, भएका प्रयासहरुले जनस्तरमा अनुभूत गर्न सकिने परिवर्तन ल्याउन सक्दैनन्। यसो गरिरहँदा 'चल्ला पहिले कि अण्डा' भन्ने बहसमा लाग्नुको सट्टा नवसंस्कृति निर्माण र समावेशी चरित्र निर्माण गर्नतर्फ लाग्नु उपयुक्त हुन्छ। अनि मात्र हामीहरु मानवअधिकार संस्कृतियुक्त समाज निर्माणको लामो अभियानको सफलताका खातिर हाम्रो प्रजातान्त्रिक संस्कृतिमा समावेशी चरित्र भित्र्याउन सफल हुन्छौं। अनिमात्र अग्रगमनका हाम्रा इच्छाहरु यथार्थमा रुपान्तरित हुनसक्छन्।

विस्थापितहरु आफ्नै घरमा

जुम्ला। भूमिगत माओवादी बन्न नसकेका कारण थातबास छोड्न वाध्य भई सुर्खेतको वीरेन्द्रनगरको खुल्लाचौरमा लामो समय कष्टपूर्ण जीवन बिताएका जुम्लाका विस्थापितहरु यतिखेर पुनर्स्थापित भएका छन्। 'एक घर एक माओवादी' बन्नुपर्ने वा एक व्यक्तिको मूलय बराबरको रकम दिनुपर्ने माओवादी उर्दीपछि सामूहिक रुपमा गाउँ छाडेर मुगुको गमगढी पुगी त्यहाँबाट वीरेन्द्रनगर झरेर १० महिना कहालीलाग्दो जीवन गुजारा गरेका ती विस्थापितहरु अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को पहल तथा डीएफआईडीको आर्थिक सहयोगमा पुनर्स्थापित भएका हुन्।

०६१ भदौ २४ गते भदौरे झरीसँगै निष्पट्ट कालो रातमा लालाबाला, कुम्लो-कटेरो बोकेर जुम्ला र मुगु जिल्लाको सीमानामा पर्ने जंगल तथा भिरालो बाटो हिडेर गमगढी पुगेका जुम्ला विराट र बोटामालिका गाविसका ५२ घर-परिवारका २ सय ८० जनाभन्दा बढी विस्थापितहरुमध्ये अधिकांश वीरेन्द्रनगर झरेका थिए। गमगढीबाट ११ परिवारका ७० जना गाउँमै फर्किए पनि अधिकांश वीरेन्द्रनगर आइपुगेपछि उनीहरुका दुःखका दिन शुरु भएका थिए।

वीरेन्द्रनगरस्थित रेडक्रस भवन अगाडि खुल्लाचौरमा पाल टाँगेर बसेकामध्ये १२ परिवारका झण्डै ८० विस्थापितहरु यहाँबाट पनि अन्यत्र तथा घर गएपछि विराट गाविस-२ माझबुडुका २४ परिवारका ८७, बोटामालिका गाविसका ४ परिवारका २१ र जुम्लाकै कनकासुन्दरी गाविसका १ परिवारका ३ जना भने फर्किएनन्। गाउँ फर्किए मारिने पो हो कि भन्ने डर एकातर्फ थियो भने घरमा पुग्न पाए यस्तो कष्टपूर्ण दिन गुजारा गर्नुपर्ने थिएन भन्ने आशा पनि। यस्तै दोधारमा उनीहरु दुःखजिलोको जीवन बिताइरहेका थिए।

खुल्ला आकाशमुनि बस्नुपर्दा हिउँदको चिसो, झरी र सुर्खेतको प्रचण्ड गर्मीमा अनेकौं रोगको शिकार तथा राज्यको गैरजिम्मेवारपूर्ण व्यवहारका कारण खानेबस्ने व्यवस्था नहुँदा अधिकांश दिन भोकभोकै गुजार्न वाध्य भए। शुरुका दिनमा शान्तिवार्ता नभएसम्म घर नफर्कने बरु यहीं संयुक्त रुपमा आत्मदाह गर्ने चेतावनी दिंदै आएका अधिकांश विस्थापितहरुले ०६२ को शुरुवातसँगै घर फर्कनका लागि पहल गरिदिन इन्सेकलगायत्का मानवअधिकार संस्था तथा पत्रकारहरुलाई अनुरोध गर्दै आएका थिए। त्यसो त मानवअधिकार संस्थाहरुले उनीहरु यहाँ आएदेखि नै यसतर्फ कदम नचालेका भने होइनन्। इन्सेकले उनीहरुलाई पुनर्स्थापित गर्न लामो समयदेखि पहल गरिरहेको समयमा उनीहरुबीचको मत भिन्नता एवम् दोधारे भनाई (कोही घर फर्कने, कोही नफर्कने) र रकमको अभावका कारण केही समय अलमल पनि भएको थियो।

यसैक्रममा इन्सेकले माओवादीसँग छलफल र रकमको व्यवस्था गरिसकेपछि जुम्लाका ती तीन गाविसका १ सय ११ जना विस्थापितहरुलाई गत जेठ १३ गतेदेखि उनीहरुकै बासस्थान फर्काउन शुरु गरेको थियो। इन्सेकका महासचिव कुन्दन अर्यालले सुर्खेत विमानस्थलमा अबीर लगाई उनीहरुलाई घर फर्काउन सुभारम्भ गर्नुभएको थियो। सो अवसरमा आयोजित कार्यक्रममा विभिन्न सुरक्षा निकायका पदाधिकारीहरु, पत्रकार, मानव अधिकारकर्मीहरुको सहभागिता रहेको थियो।

जेठ १३ र १४ गते गरी हेलिकप्टर मार्फत् जुम्ला सदरमुकाम लगिएका उनीहरुलाई त्यहाँबाट दुई दिनको पैदल बाटो हिँडेर मानवअधिकारकर्मी र पत्रकारहरुको टोलीले घर-घरमै पुऱ्याएको थियो।

जेठ १५ गते जुम्ला सदरमुकाम खलंगाबाट कर्णाली प्राविधिक शिक्षालय हुँदै दुई दिनको कठिन यात्रापछि आफ्नो बासस्थानमा पुगेका विस्थापितहरुलाई विराट गाविस-२ माझबुडुका कन्ने बुढाको घरमा एक कार्यक्रमको आयोजना गरी पुनर्स्थापित गरिएको थियो। सो अवसरमा विस्थापितहरुलाई घर फर्काउने अभियानमा सक्रिय इन्सेकको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयका पुष्कर पाण्डेले जेनेभा महासन्धि र अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्ने प्रतिबद्धता जाहेर गरेको माओवादीले सोविपरीतका कार्यहरु रोक्नुपर्नेमा जोड दिनुभएको थियो।

पार्टीको नीतिविपरीत तल्लास्तरका कार्यकर्ताहरुको कमजोरीका कारण माझबुडुका जनताले जस्तै अन्यत्रका जनताले पनि यस्तो दुःख व्यहोर्नु परेको उल्लेख गर्दै माओवादीको जुम्ला-कालिकोट जिल्ला अन्तर्गत एरिया नम्बर ८ का सुरक्षा समितिका संयोजक 'पावर' ले पुनर्स्थापित परिवारलाई ढुक्क भएर गाउँमा बस्न दिने प्रतिबद्धता जाहेर गरेका थिए। उनले अनाहकमा जुम्लाबाट विस्थापित हुन वाध्य पार्ने माओवादी कार्यकर्ताको छानबिन गरी कमी-कमजोरी भेट्टाएमा कारवाही गर्न आफूले सक्दो पहल गर्ने बताएका थिए।

सोही कार्यक्रममा पुनर्स्थापित टोलीका लक्षु बुढाले विगतका दिनमा आफूहरुले जस्तोसुकै समस्या भोग्नु परे पनि आगामी दिनमा यस्त घटना हुन नदिन सम्बन्धित पक्षसँग अनुरोध गरेका थिए।

कार्यक्रमपछि मानवअधिकारकर्मी र पत्रकारहरुको टोलीले पुनर्स्थापित परिवारका घरहरुको बन्द ताला उनीहरुकै रोहवरमा खोलेको थियो। बन्द ताला खोल्दा अधिकांश परिवारको सम्पत्ति, भाँडाकुँडा, लुगाफाटा र कतिपयको खाटसमेत लुटिएको पाइएको थियो।

– दुर्गा थापा

माइन क्षेत्रमा दुर्घटनाको खतरा

म्याग्दी। सदरमुकाम बेनीस्थित सैनिकको कालिप्रसाद गण (ई) हेडक्वार्टर फिर्ता भएको छ। सेना फिर्ता भए पनि ब्यारेक इलाकामा बिच्छ्याइएका माइन नहटाइएका कारण त्यहा टाँसिएको 'माइन फिल्ड खतरा' लेखिएको सूचना बोर्ड अद्यापि छ। यसबाट त्यहाँ अझै माइन रहेको स्पष्ट हुन्छ। रिक्त ब्यारेक क्षेत्रमा स्कूले केटाकेटी खेलिरहेका देखिन्छन्। कुनै पनि बेला दुर्घटना हुने खतरा उत्तिकै छ। सँगै विद्यालय रहेकाले अझ बढी खतरा देखिन्छ।

बेनीस्थित बेनी निमाविको पछाडि खाली गरिएको सैनिक ब्यारेक इलाकामा झुण्डाइएको माइन क्षेत्र संकेत बोर्ड । यस क्षेत्रमा सेना नबस्ने भएको हुँदा बालबालिका प्रवेश गरी खेल्ने गरेका छन् ।

खतरा क्षेत्र अर्थात माइन क्षेत्र बेनी निम्नमाध्यमिक विद्यालयको सीमाना हो। त्यही क्षेत्रमा स्कूले बालबालिका खेल्ने गरेकाले खतरा क्षेत्रलाई तुरुन्त खाली गर्नुपर्ने माग अभिभावकको छ।

धेरै मान्छेको ज्यान जाने गरि विष्फोट गराइने धरापमाथि प्रतिबन्ध लगाउन विश्वव्यापीरुपमा दबाव सृजना भइरहेकै बेला नेपालमा भने धराप प्रयोगमा कमी आएको छैन।

अहिले सेना र माओवादी दुवैले धरापको प्रयोग गर्दै आएका छन्। माओवादीले 'कमान्ड डेटोनेटेड' धराप बढी प्रयोग गरिरहेको बताइन्छ। त्यसैगरी सेनाले ब्यारेक वरिपरि सुरक्षा घेराको रुपमा 'भिक्टिम एक्टिभेटेड' धराप बिच्छ्याउने गरेको जानकारहरु बताउँछन्। यस्तो धराप मानिस वा सवारी साधनले छुदा, टेक्दा वा चलाउँदा बिस्फोट हुन्छ।

– घनश्याम खड्का

विस्थापितको पीडा

काभ्रे। साल्मेचाकल गाविस-८ असनचुलीका २८ वर्षीय हिराबहादुर आचार्य पहिला माओवादीमा लागेर हिँडे। माओवादीसँग वाक्क भएर पार्टी परित्याग गरेको घोषणा गरे। लागिसकेपछि त्यति सजिलै छोड्न गाह्रो भयो, उनलाई। पार्टीका स्थानीय नेताहरुलाई सम्झाई-बुझाई गरे, सकेनन्। माओवादीका स्थानीय नेताहरुले साल्मेचाकलकै छविलाल विश्वकर्मा (नेत्र) र धनबहादुर श्रेष्ठ (बिच्छु) को उदाहरण अगाडि सारेपछि उनी आत्तिएर शहर पसे। नेत्र र बिच्छु भन्नेले आत्मसमर्पण गरेको भनी माओवादीले केही वर्षअघि जंगलमा लगेर मारेका थिए। यसैले ०५८ पुस २ गतेदेखि हिरा मजदुरी गरेर ७ जनाको परिवारसहित काठमाडौंमा डेरा गरी बस्न वाध्य भएको पूर्व गाविस अध्यक्ष शेखर लामा बताउँछन्।

हिरा त माओवादी छाडेका कारण विस्थापनमा परे तर कांग्रेस, एमालेजस्ता पार्टीमा लागेको भनेर माओवादीले मार्ने धम्की दिएका कारण जिल्लामा धेरैजना गाउँ छोड्न बाध्य भएका छन्। नेपाली कांग्रेसमा आस्था राखेकै कारण बनखु गाविस-१ का अर्जुन कुवँरलाई ०५७ साउन १५ गते माओवादीले अपहरण गरी कुटेर मऱ्यो भनी फ्याँकेको ठाउँबाट अस्पताल ल्याई उपचार गरियो। उनी अहिले अपांग छन्। त्यसपछि गाउँको घरमा माओवादीले ताला लगाई सबै सामान लिएर गए। त्यही चिन्ताले उनी ०६२ बैशाख १५ गते मरे। ७ जना परिवारको विजोग छ। त्यस्तै एमालेमा लागेको भनी माओवादीले कानपुरका पूर्व उपाध्यक्ष धनकाजी लामालाई १५ दिनभित्र ५० हजार रुपैयाँ नदिए ज्यान लिने धम्की दिएका कारण उनी गाउँबाट पलायन भए।

हिरा, अर्जुन र धनकाजी विस्थापनका उदाहरण हुन्। विस्थापनका कारण व्यक्ति मात्र नभएर यहाँ वस्तीसमेत उठेको छ। माओवादी धम्कीकै कारण ३ बर्ष अघिदेखि बालुवा गाविस-५ स्थित स्वाधीन श्रेष्ठको तीन तले पक्की घर अहिले पनि बन्द छ। ठूलो किराना पसल राखेर व्यापार गर्दै आएका उनी मात्र नभएर जोगलाल, रेशमलाल र रामलाल श्रेष्ठका तीनवटा लस्करै बनाइएको पक्की घरका ताला अझै खुल्न सकेका छैनन्। घर वरपर ठूलो आँप बगैचा छ। सम्पति जति अरुलाई कमाउन दिएर उनीहरु शहर पसेका छन्। यता प्रहरी रहेको बालुवाको चौकीमा माओवादीले आक्रमण गरेपछि रित्तो रहेको भवनमा आच्छावाला विश्वकर्माको परिवारलाई बसालिएको छ। माओवादी धम्कीका कारण बालुवा बजारमा रहेको ताला बन्द हरिबहादुर आचार्यको घरमा भने आच्छावालाकै ज्वाई, छोरी

बस्छन्। गाउँलेहरुको भनाईमा यो वस्तीका धनि जति विस्थापित भएका छन् भने उनीहरुले बनाएका पक्की घरमा गरिबहरुलाई राखिएको छ।

जिल्लामा विस्थापित यति भनेर गनिएको सूची कसैसँग पनि छैन। इन्सेकको रेकर्डअनुसार, काभ्रेमा १ सय ८३ परिवारका ९ सय ७३ जना विस्थापनमा परेका छन्। जिल्लाका ८७ गाविस र ३ नपामध्ये ४३ गाविसमा विस्थापनको समस्या देखिएको छ। गाउँबाट विस्थापित भएर अन्य जिल्लामा गएका मात्र होइन, अन्य जिल्लाबाट विस्थापित भएर यहाँ आएका पनि भेटिन्छन्। सबैभन्दा बढी भीमखोरी (२०) र बनखु (१४) गाविसमा विस्थापनको समस्या देखिएको छ। यस जिल्लामा माओवादी धम्कीका कारण एकै परिवारका १७ जनासम्म विस्थापित भएका छन्। गाउँबाट विस्थापित भएर बनेपा, धुलिखेल, पनौती, काठमाडौँ, भक्तपुर र ललितपुरमा कोठा लिएर बसेका र डाँडापारिका केही परिवार ढुंखर्क, शंखुपाटीचौर र भकुन्डेबेशीमा आफन्तकोमा शरण लिएर बसेका भेटिन्छन्। जिल्लामा बस्न नसकेर केही परिवार सर्लाही, चितवन, निजगढ र रौतहटतर्फ बसाइँ सरेको देखिन्छ। डाँडापारिक्षेत्र र तराईका जिल्लामा सिधा सम्पर्क तथा आवतजावत सजिलो भएर पनि त्यतातर्फ विस्थापनको ओइरो लाग्ने गरेको हो। कतिपय विस्थापित परिवारको मूली मान्छे मरिसकेको हुँदा बालबच्चाहरुको बिजोग छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार यस जिल्लामा १ सय ३५ परिवार विस्थापित छन्। उनीहरुको सुरक्षा व्यवस्था राम्रो छ। प्रहरी प्रतिवेदनअनुसार, माओवादी कार्यकर्ताहरुले ज्यान लिने धम्की दिएका कारण विस्थापित भएकाहरु शहरमा सुरक्षित छन्। तर पहिलो संकटकालअघि जिल्लामा ३३ वटा प्रहरी चौकी रहेकोमा हाल ५ वटा मात्र छन्। त्रासका कारण अरु सबैलाई सदरमुकाम सारिएको अर्थात् 'मर्ज' गरिएको छ। महिला र पुरुष कति विस्थापित भन्ने रेकर्ड भने प्रहरीसँग छैन। उता जिल्ला प्रशासन कार्यालयको विस्थापित सूचीअनुसार, जिल्लामा १ सय ९ परिवार विस्थापित छन्। प्रहरी प्रतिवेदनजस्तै प्रशासनको प्रतिवेदनमा पनि महिला, पुरुष खुलेको देखिन्न। यता पत्रपत्रिकाहरुले लेखेका विस्थापितको सूची

माओवादी धम्कीकै कारण तीन बर्ष अघिदेखि बालुवा गाविस-५ स्थित स्वाधीन श्रेष्ठको पक्की घर अहिले पनि बन्द देखिन्छ ।

प्रहरी, प्रशासनको सूचीसँग मेल खाँदैन।

यस्तै ढुंखर्क गाविस-८ का प्रेमबहादुर तिमल्सिनाको घरमा आन्तरिक विवादको कारण देखाएर विद्रोहीहरुले ०५९ भदौ २० गते ताला लगाए। उनी गाउँ बस्न नसकेर शहर आए। सरकार र विद्रोहीबीच भएको युद्धविराम अवधिमा नागरिक समाजको दबाबमा आठ महिनापछि त्यो घरको ताला खुल्यो। ताला खोल्ने क्रममा उनकी पत्नी टिकाकुमारीले आँखाभरि आँशु पारेर भनिन्– 'भँगेराले गुँड लगाउने बेलामा कुम्लाकाम्ली बोकेर घर छोडेर हिँड्नुपर्‍यो।' ताला खोलिसकेपछि विद्रोहीहरुले घर व्यवहार सञ्चालनमा कुनै बाधा-अवरोध नगर्ने बताए पनि उनी घर जान तथा आफूलाई विस्थापित भन्न सक्दैनन्। हिंसात्मक द्वन्द्वको चपेटामा प्रेम घर जान सकेका छैनन्। विद्रोहीहरुको ज्यादतीका कारण धेरैजना विदेशतिर पलायन भएका छन्।

०५८ को जनगणनाका बेला यस जिल्लाका कूल २ हजार ४ सय ६५ जना (जसमा २ सय ७ महिला) विदेश गएका र त्यसमा पनि ६३.६५ प्रतिशत भारतमा रहेका छन्। दक्षिण एसियाका राष्ट्रहरुमा ४२ जना, चीन (१३), कोरिया (१६), जापान (३७), हङ्कङ (११), मलेसिया (१९) र सिङ्गापुरमा ११ जना गएका छन्। अरब राष्ट्रहरु साउदी अरब, कतार, कुवेत, संयुक्त अरब इमिरेट्स् र बहराइनमा गएकाहरुको संख्या १९.११ प्रतिशत छ भने एसियाली देशहरुमा जानेहरु ३८ जना छन्। रसिया, जर्मनी, फ्रान्स, बेलायतलगायतका युरोपेली राष्ट्रहरुमा ३.९४ प्रतिशत देखिन्छन् भने संयुक्त राज्य अमेरिका, क्यानडा र मेक्सिकोमा १ सय ८ जना गएका छन्। अन्य राष्ट्रहरुमा जाने काभ्रेलीहरु २१ जना देखिन्छन्। यति बेलासम्म विदेश जाने द्वन्द्वपीडितको संख्या करिब ३० प्रतिशतको हाराहारीमा भएको अनुमान छ।

माओवादीहरुले विस्थापितहरुलाई घर फर्काउने भनेर एकपटक अभियान नै चलाए। तर त्यति बेला उनीहरुले कोशीपारि क्षेत्रका ३३ जनालाई कारवाही गर्ने धम्कीसहित लिस्ट टाँसेपछि लिस्टमा पर्नेहरु सदरमुकामतिरै ओइरिए। मानवअधिकारका विषयमा हुने भेला र गोष्ठीहरुमा विस्थापितहरु घर जान चाहेको बताउँछन्। 'गाउँमा चौकी छैनन्, गुनासो गरेर दुःख मेटिने होइन तर पनि शान्त पहाड, घरपरिवार र छिमेकीहरु नै झल्झल्ती सम्झना आउँछ।' गरिबीबाट झनै गरिबीतर्फ झर्नु उनीहरुको रहर होइन। 'डेरामा बसेर पराइ वातावरणमा बच्चाहरु पढाउन सजिलो छैन तर के गर्ने गाउँमा ज्यादती उस्तै छ।' विस्थापितहरुको भनाइमा बिहान-बेलुका प्रशासन गोठालो लाग्न सक्ने कुरा भएन। माटो रुखो छ, पाखाबाट गुजारा चल्दैन।

मेलापात, वनजंगल कुद्दा ज्यान खतरामा पर्छ।

विस्थापितहरु घर छाडेर शहर आएपछि ज्याला-मजदुरी मात्र होइन, नाङ्लो पसल थाप्न समेत बाध्य छन्। विस्थापितहरु शहरियाहरुले छाडेको काम गर्छन्। गाउँमा २२ रोपनी जग्गा रहे पनि बनखुका अफिलध्वज लामा ७ छोराछोरीलाई गुम्बामा राखेर आफू ज्यामी काम गर्छन्। मिल्चेका काजीमान रुम्बासँग गाउँमा त्यति नै जग्गा रहे पनि माओवादीले पटक-पटक बच्चाहरु मागेका कारण बस्ती छोडेर ६ जना छोराछोरीलाई गलैंचामा काम लगाई आफू मजदुरी गर्छन्। यस्तै पीडा फोक्सिङटारका धनध्वज दोङ र वाल्टिङका प्रेमकुमार शाहको पनि छ। उनीहरु ज्याला मजदुरी गर्छन् भने मिल्चेका मानबहादुर घलान कूचो र बनखुका हेमलाल तामाङ दाउरा बेच्छन्।

बालुवा भेगका सम्पन्न मानिने शरणप्रसादको पुर्ख्यौली सम्पत्ति विद्रोहीहरुले ध्वस्त बनाएपछि ५५ लाखको नोक्सानी पुगेको उल्लेख गरी उनले विज्ञप्ति निकाले र माओवादीले २४ वटा आरोप लगाउँदै जहाँ भेटे पनि मार्ने धम्की दिएको सूचना उनको घरआसपासमा टाँसेको समाचार पत्रिकामा आयो। कतिपय विस्थापित परिवारको दिनचर्या बेग्लै छ, उनीहरुलाई घर फर्कनु-नफर्कनुसँग सरोकार छैन। केही विस्थापितको गाउँले घरमा विद्रोहीहरुले ताला लगाए पनि शहरमा राम्रै घरजम बसेको छ। कुन्साङ लामाको गाउँको घर माओवादीले आगलागी गराइदिएका कारण उनले राज्यकोषबाट १५ लाख रुपैयाँ क्षतिपूर्ति लिएको कुरा गृह मन्त्रालयलाई उदृत गर्दै पत्रपत्रिकाहरुले लेखे। विद्रोही पक्ष भने 'कतिपयले आफ्नो घरलाई बिमा गरेर आगो लगाइदिन दबाब दिएकाले आगो नलगाएर ताला लगाएको' बताउँछन्। गाउँमा महिला र केटाकेटीहरु मात्र भएकाले केटाकेटी हेर्न, घरधन्दा सम्हाल्न र जग्गाजमिनको हेरचाह गर्न महिलाहरुलाई धौ-धौ परेको छ। जन्ती, मलामीका निम्ति पनि पुरुषहरुको अभाव खट्किन्छ। सामान्य बतास लाग्दा पनि घरमा बस्ने महिला, केटाकेटीहरु सेना वा माओवादी आए कि भनी तर्सन्छन्। कमाउ पुरुष शहरतिरै भएकाले कतिपयका खेतबारी पूरै बाँझो देखिन्छन्। कतिपयको घरमा माओवादीले ताला लगाएका कारण अन्नपात डङ्डङ्ती गनाउँछ। एकातिर गाउँमा अन्नपात नभए पनि माओवादीलाई खुवाउनुपर्ने समस्या छ। खाना नखुवाएमा माओवादीको गाउँ जनसरकार घरजग्गाको कर उठाउन आइपुग्छ। कर नतिरेमा घरमा ताला लाग्छ अनि महिला-केटाकेटी पनि घरमा बस्न पाउँदैनन्। केही घरमा माओवादीले आगो लगाएका कारण पनि विस्थापित बन्नुपरेको देखिन्छ।

- भोजराज तिमल्सिना

व्यापक हिंसापछिको स्थिति र प्रतिकार समूह

कपिलवस्तु। द्वन्द्व प्रभावित क्षेत्रमा विभिन्न निकायहरुको सहयोगपश्चात करिब छ सय परिवारले सामान्य राहत महसुस गरेको भए पनि पर्याप्त नभएको र केही पीडितहरुले राहत प्राप्त गर्न नसकिरहेको पाइयो। हल्लानगरमा जलेका झुप्राहरुमध्ये करिब तीन सय बनिसकेका र बाँकी बन्ने क्रममा छन्। पूर्वाधार निर्माण, विद्यालय भवन निर्माण, आय आर्जनका कार्यक्रमहरुको संचालनका लागी तत्परता देखिएको छ भने स्थायी बसोबासको लागि पहल भएको छ। त्यसैगरी अन्तर्राष्ट्रियस्तरमा समेत यस जिल्लामा बढ्दै गएको हिंसा चासोको विषय बन्यो। सरकारी तथा गैरसरकारी क्षेत्रले यहाँको अवस्थाप्रति निकै सरोकार जनाए। विभिन्न गाविसमा भड्किएको हिंसाका कारण विस्थापित भएकाहरु क्रमशः गाउँ फर्कन थालेका छन्। ०६१ फागुनदेखि ०६२ जेठसम्म जारी श्रृंखलाबद्ध हिंसाका घटनाहरु र त्यसका कारण उत्पन्न स्थितिको अध्ययन गर्न असार पहिलो हप्तासम्म संयुक्त राष्ट्रसंघीय निकायका पदाधिकारीहरु, पत्रकार, मानवअधिकारकर्मी गरी ४३ भन्दा बढीले कपिलवस्तुको भ्रमण गरेका छन्।

०६१ फागुन ६ गतेदेखि हिंसाका घटना शुरु भएकोमा १० गते वर्तमान सरकारका वरिष्ठ मन्त्रीहरु गणेशपुरमा आई प्रतिकार समूहलाई उस्काहट गरिदिएपछि घटनाले व्यापकता पाएका थिए। त्यसयता यो जिल्लामा मारिएका कूल ६८ जनामध्ये ३४ जना माओवादीको आरोपमा प्रतिकार समूहद्वारा र २५ जना प्रतिकार समूह सदस्यको आरोपमा माओवादीबाट मारिए। त्यसैगरी माओवादीको आरोपमा ९ जना सुरक्षाकर्मीद्वारा मारिए।

करिब ७ सय ८ घर लुटपाट, तथा आगजनी र बम विस्फोटबाट क्षतिग्रस्त भए। त्यसबाट करोडौं रुपैयाँ बराबरको धनमाल नष्ट मात्र भएन, हजारौको संख्यामा मानिसहरु विस्थापित भए।

हालसम्म पनि माओवादीहरुले प्रतिकार समूहका व्यक्तिहरुलाई हत्या गर्ने क्रम जारी रहेको अवस्था छ। प्रतिकार समूह विशेष गरी क्षेत्र नं. ४ को गणेशपुर इलाका र क्षेत्र नं. ३ को बुटेनिया इलाकामा 'गाउँ शान्ति विकास समिति' को नामबाट क्रियाशील देखिन्छन्। उनीको सांगठनिक अवस्थाबारे बुझ्दा जिल्लास्तरमा कुनै संगठन भएको जानकारीमा नआए पनि अजिगरा, भलवारी लगायत्का ४-५ गाविसमा एक मूल समिति र प्रत्येक गाविसमा गाविसस्तरीय उपसमिति रहेको समूहका व्यक्तिहरुले बताए। उनीहरुको भन्छन्- 'हामी माओवादीले गरेको अत्याचार र ज्यादतिको विरुद्धमा (विषेश गरी माघ १९ को शाही कदमपछि) ज्वालामुखी जस्तै विद्रोहमा उत्रिन वाध्य भयौं। त्यसभन्दा पहिलाको सरकारले हामीलाई साथ दिएको थिएन तर यो सरकारले साथ दिएका कारण यो अभियानमा लगेका हौं। यस कामका लागी सुरक्षाफौजको सहयोग तथा समर्थन रहेको छ।'

यदि तपाईंहरुले माओवादीहरुलाई भेटेको अवस्थामा के गर्नुहुन्छ भन्ने प्रश्नमा उनीहरु भन्छन्- 'माओवादीले भेटाए हामीलाई मार्छन्, हामीहरुले भेटायो भने हामी मार्दछौं। हामी मर्ने र मार्ने उद्देश्यसहित टाउकोमा कफन बाँधेर हिँडेका छौं।' अहिले माओवादीहरु यस क्षेत्रमा आउन छाडेका र गाउँ प्रवेश गर्ने कुनै पनि व्यक्तिलाई राति ९ बजेपछि आफ्नो नियन्त्रणमा लिई अर्को दिन ५ बजे आवश्यक छानबिनपश्चात् छाडिने गरिएको उनीहरुले बताए। यसबाट, यस्ता समूह सक्रिय रहेका स्थानमा एक प्रकारको

हिंसाका क्रममा जलेका घरका खाँबा, गाविस-२

कर्फ्यु लागू भएको देखिन्छ।

द्वन्द्व पीडितहरुलाई रेडक्रसको अन्तर्राष्ट्रिय समितिद्वारा वितरण गरिएको राहत सामग्री एकपक्षीय रुपमा माओवादीहरुलाई उपलब्ध गराइएको आरोप लागाउदै उनीहरुले माओवादीबाट पीडितहरुले नपाएको भन्दै २ दिनसम्म वितरण कार्य रोकिएको बताए। 'माओवादीहरुले ३-३ वर्ष हामीलाई दुःख दिंदा हेरेनन्, अहिले माओवादी पीडित हुँदा रेडक्रसले तत्काल राहत पुऱ्यायो', उनीहरुको कथन' थियो। विदेशीहरु तथा मानवअधिकारकर्मीहरुले आफूहरुबीच विभाजन ल्याइदिएको उनीहरुको आरोप छ। 'माओवादीका विरुद्ध जुध्नका लागी हामीहरुले युवाहरुलाई तालिम दिएका छौं। हामीलाई सरकारले हतियार दिने आश्वासन दिएको दुई महिनाजति भयो तर हालसम्म पनि उपलब्ध गराएको छैन। हामीहरुले माग गरिरहेका छौं,' शान्तिका लागि नागरिक मञ्चका तर्फबाट स्थलगत अध्ययन भ्रमणका क्रममा गएका मानवअधिकारकर्मीहरुसँग गाउँ शान्ति विकास समितिका अध्यक्ष तथा सदस्यहरुले बताए।

- नन्दराम पौडेल

विवाहकै कारण सामाजिक वहिष्कार

इलाम। विश्वकर्माकी छोरीसँग विवाह गरेपछि 'तल्लो जातकी केटीसँग विवाह गरिस्' भन्दै घरबाट निकालिएका सोयाङ गाविस-७ का शेरबहादुर राईलाई समाजका कथित उपल्ला जातिको घरमा पस्न मनाही गरिएको छ। विवाहपछि उनीसँग दलित जातिका व्यक्तिहरुसरह व्यवहार गरिन्छ। समाजबाट अपहेलित शेरबहादुरका छोराहरु राई जातिसरह हुन सकेका छैनन्। स्थानीय विद्यालयमा पढ्दै गरेका छोराहरु आफ्नो थर विश्वकर्मा लेख्छन्। सामाजिक अपहेलनाका कारण उनले आफ्ना छोराहरुको थर राई लेखाउन सकेका छैनन्।

चिसापानी गाविस-७ का मानबहादुर कटुवालले विश्वकर्मा थरकी केटीसँग विवाह गरेपछि समाजमा सदाका लागि आफू अपहेलित भए पनि आफ्ना छोराछोरीका नाममा कटुवाल थर जोडिदिन त सके तर उनीहरु अरु कटुवाल क्षेत्री सरह समाजमा रहन सकेका छैनन्। उनीहरु कथित उपल्लो जातिको घरमा पस्न पाउँदैनन्। उनीहरुले छोएको पानी चल्दैन। मानबहादुर कटुवालका छोरा चिरञ्जीवीले क्षेत्रीकी छोरीसँग विवाह गर्न पनि पाएनन्।

पितृसतात्मक नेपाली समाजमा बाबुकै थर छोराहरुको पनि हुने तथा धर्म-संस्कृति र रितिरिवाज बाबुपट्टिकै हुने प्रचलन अन्य जातिमा लागू भए पनि दलित जातिसँगको विवाहका सन्दर्भमा भने लागू भएको पाइँदैन। बाबु उपल्लो जातको भए पनि दलित नै भएर रहनु पर्ने वाध्यता देखिन्छ। त्यसैले दलित जातिसँग वैवाहिक सम्बन्धकै कारण उनीहरुले सदाका लागि आफ्नो पुर्ख्यौली परिवारबाट अलग्गिनु परेको छ। जातीय छुवाछूत एवम् भेदभावको साङ्लो केवल तल्लो भनिएका जातिहरुविरुद्ध मात्र तेर्सिएको छ भन्दा अत्युक्ति नहोला।

फाकफोक गाविस-९ का डम्बरबहादुर बराइलीसँग ०३९ सालमा विवाह गरेकी मनमाया राई माइतघरबाट अपहेलित छिन्। माइत र समाजबाट अपहेलित भएपछि बसाई सरेर झापाको बुधबारेमा बस्दै आएकी उनी आमा-बाबुको न्यास्रो लाग्दा बेलाबेलामा माइत जाने गर्छिन्। तर २० वर्ष भन्दा बढि भइसक्यो- उनलाई माइत घरभित्र पस्न दिइएको छैन। उनी माइत जान्छिन् र बाहिरै बस्छिन्। खानेकुरा घरबाहिर ल्याएर दिइन्छ।

फाकफोककै हरिबहादुर खड्का बर्देवा थरकी आमाबाट जन्मेका हुन्। तर पनि उनी आफ्नै बाबुको घरमा पस्न पाउँदैनन्। उनले छोएको बाबुलाई चल्दैन। हरिबहादुर जन्मिएपछि उनकी बर्देवा थरकी आमाले अर्कैसँग विवाह गरिन्। त्यसपछि उनका बाबुचाहिँ चोखिए। उनी अरु सरह समाजमा क्षेत्री नै ठहरिए। तर, हरिबहादुरको नागरिकतामा खड्का भएर बाबुको अंश उपभोग गर्न पाउँदा-पाउँदै पनि समाजमा बाबुसरहको खड्का कहलिन सकेका छैनन्। उनलाई उपल्लो जातिका भनिने व्यक्तिहरुको घरमा पस्न मनाही छ। उनले छोएको पानी चल्दैन।

दलित जातकी केटीसँग विवाह गरेपछि बरबोटे गाविस-४ का कृष्ण अधिकारीसँग ८ वर्षसम्म गाउँ-घरका मानिसहरु बोलेनन्। छिमेकीहरु कोही पनि उनकोमा आएनन्। उनलाई समाजिक बहिष्कार गरियो। यतिसम्मकी उनका आफ्नै दाजुभाइले पनि पानी बारे। विवाह गरेको १७ वर्ष बितिसक्दा पनि दाजुभाइले अहिलेसम्म उनलाई बोलाएका छैनन्। एकै थालमा खाँदै हिँडेका साथीहरुले पनि उनले छोएको खाँदैनन् र घरभित्र पनि पस्न दिँदैनन्। अधिकारी यी सबै व्यवहार सहेर बाँचेका छन्।

नेपाल उत्पीडित जातीय मुक्ति समाज, इलामले गत वर्ष सार्वजानिक गरेको इलाममा उत्पीडित जातिहरुको विश्लेषणात्मक तथ्याङ्कअनुसार यस जिल्लामा ९६ परिवारले अन्तरजातीय विवाहका कारण सामाजिक अपमान सहेर बस्नु परेको छ।

- प्रकाश अधिकारी

लघुकथा

माल जाल

सुधीर यादव

घर छेउको रुखमा बाँधिएको भैंसी कराउँदै थियो, प्यासले हो वा भोकले। कहिलेकाहीं भैंसीको माया लागे पनि यसलाई देख्यो कि औडाहा हुन्छ।

झण्डै महिना दिन अघिको कुरा हो । कसरी हो, शहर-बजारका मान्छेले थाहा पाएछन्। नत्र घर-परिवार र वल्लो घर, पल्लो घरका मान्छेले मात्र थाहा पाएका थिए। यस्ता घटना पहिले पनि हुने गर्दथे। गरिब, त्यसमाथि ठूलाबडाको अत्याचार, डरले कोही केही बोल्दैनथे। तीन-चार दिनपछि केही स्वास्नी मानिसंसहित बजारबाट हाकिमहरु आए। बीच-बीचमा घुँक्क-घुँक्क गर्दै उसले भएभरको बेलिविस्तार सुनाई। सम्झाइ-बुझाइ गर्दा पनि ऊ आफैले निर्णय गर्न सकिन। लोग्ने बल्ल तयार भयो। त्यसै दिन उजुरी गर्न सदरमुकाम गए। ठूला जात भनाउँदा तीनजना विरुद्ध प्रहरीमा बलात्कारको किटानी जाहेरी दर्ता भयो।

त्यस दिन उनीहरु घर फर्केनन्। भोलिपल्ट उनीहरुलाई धेरै मानिसहरु जम्मा भएको ठाउँमा पुऱ्याइयो। उसलाई मञ्चमा राखियो, ठूला-बडा, हाकिम-हाकिम्नीबीच बस्न उसले अप्ठेरो मानी। ठूलो कोठामा धेरै जना मानिस थिए।

एकजना महिलाले उसको नाम लिँदै ऊमाथि भएको अत्याचारको बारेमा बताउँदै दोषीहरुलाई सजाय गर्नुपर्छ भनेको सुन्दा ऊ चकित भई- जनाना जातले पनि यसरी बोल्न सक्दो रहेछन्। गाउँमा त बुहारीले घुम्टो हालेर बस्नुपर्छ। जो पायो त्योसँग बोल्न पनि हुँदैन।

एक छिनपछि उसलाई पनि बोल्न लगाए। थर-थर काँप्दै , घुँक्क-घुँक्क गर्दै उसले आफ्नो व्यथा सुनाई। धेरै मानिसले उसलाई न्याय दिलाएरै छाड्ने प्रतिज्ञा गरे। अन्त्यमा एकजना महिला हाकिमले उसको औषधी उपचार र मुद्दा लड्न भनेर पैसा दिई। उसले लोग्नेतिर हेरी। लोग्नेले आफ्नो बाबुतिर हेऱ्यो। ससुराले बुहारीको हातबाट खाम लियो।

चिया-खाजा खाने कार्यक्रमपछि उनीहरुलाई कसैले वास्ता गरेन। बाटोमा बाबु-छोरा मिलेर पैसा गन्न थाले। दुई-तीन पटक पैसा गनेपछि बाबु-छोराले मालजाल किन्ने निधो गरे। गाई, भैंसी, बाखा, कुनचाहिँ मालजाल किन्ने त ? बाबु-छोराले एकछिनको तर्क-वितर्क गरेपछि सस्तो खालको भैंसी किनेर उनीहरु घर फर्किए।

भैंसी किनेको महिना दिन पनि भएको छैन ।

भैंसी अझै कराउँदै थियो। जुरुक्क उठेर दुई-चार लठ्ठी हिर्काई। एक छिनपछि पिटेको ठाउँमा सुमसुम्याउँदै रुन थाली। फेरि के सुर चल्यो कुन्नि, दाम्लो खोलेर लखेट्दै गाउँ कटाएर घर फर्की। लामो सास फेरेर उसले आँखा पुछी । आँसु सुकिसकेको थियो। उसले आफ्नो आँखामा चमक आएको महसुस गरी।

गजल

प्रकाश काफ्ले स्मृति

स्वच्छन्द नीलो आकाशबाट फर्केनन् काफ्ले
यो मन पनि मानेन प्राविधिक जवाफले
ऊ त महामानव कमैया मुक्तिकै लागि
भन्दथे अब चल्दैन पुरातन रवाफले
हाड, छाला, मासु, रगत एउटै मिल्ने
मानव सबै एकै हुन् प्राकृतिक निसाफले
बाटो छेक्नेहरु विस्तारै हटिरहेछन्
मार्मिक तर्कसंगत प्रकाशको जवाफले
तेह्र वर्ष भयो जहाज दुर्घटनाको
तर स्मृति पटलमा देखिन्छ साफले ।

– रामप्रसाद साह
कलैया, बारा

१. **नेपालमा जातीय छुवाछूत प्रथाको सुरुवात कहिले भएको हो ?**
(क) सन् ६००-८७९ मा (ख) सन् २००-८७९ (ग) सन् १२००-१५०० (घ) सन् ७००-११००

२. **मनुस्मृतिका आधारमा कुन राजाले काठमाडौंको नेवारी समाजलाई ४ वर्ण ६४ जात तथा ७५० उपजातमा बाँडेका हुन् ?**
(क) जयस्थिती मल्ल (ख) यक्ष मल्ल (ग) राम शाह (घ) रणजित मल्ल

३. **एउटै अपराधमा पनि जातका आधारमा घटिबढी सजाय दिने प्रचलन कुन राजाले चलाएका हुन् ?**
(क) पृथ्वीनारायण शाह (ख) सुरेन्द्र विक्रम शाह (ग) राम शाह (घ) बहादुर शाह

४. **जातीय प्रथालाई कानुनी मान्यता कहिले दिइएको थियो ?**
(क) वि.सं. १८५० मा (ख) वि.स. १९१० को मुलुकी ऐनमा (ग) वि.सं. १९५० मा (घ) वि.सं. १९६४ मा

५. **नेपालमा संगठितरुपमा दलित आन्दोलन कहिलेदेखि शुरुवात भएको पाइन्छ ?**
(क) वि.सं. १९१० (ख) वि.स. १९५० (ग) वि.सं. १९९० (घ) वि.सं. २००४

६. **वि.सं. २००४ मा कसको नेतृत्वमा काठमाडौंमा टेलर युनियनको स्थापना भएको हो ?**
(क) सहर्षनाथ कपाली (ख) भगत सर्वजित विश्वकर्मा (ग) जदुविर विश्वकर्मा (घ) चन्द्रबहादुर विश्वकर्मा

७. **उत्पीडित जातीय उत्थान मञ्चको स्थापना भएको हो ?**
(क) २०४० सालमा (ख) २०४४ सलमा (ग) २०४५ सालमा (घ) २०४७ सालमा

८. **२०२६ सालमा कसको सम्पादकत्वमा दलित आवाज नामको पत्रिकाको प्रकाशित गरिएको थियो ?**
(क) सहर्षनाथ कपाली (ख) भगत सर्वजित विश्वकर्मा (ग) लालकुमारी विश्वकर्मा (घ) टि.आर. विश्वकर्मा

९. **कानुनी आधारमा जातीय छुवाछूत प्रथाको अन्त्य कहिले भएको थियो ?**
(क) वि.सं. २०२० को मुलुकी ऐनले (ख) नेपाल अधिराज्यको संविधान २०१५ (ग) नेपालको अन्तरिम शासन विधान २००४ (घ) नेपाल अधिराज्यको संविधान २०४७

१०. **नेपालमा सरकारले कति जातलाई दलितमा सुचिकृत गरेको छ ?**
(क) २० जात (ख) २२ जात (ग) २३ जात (घ) २८ जात

११. **नेपालमा दलित आयोगको स्थापना कहिले भएको हो ?**
(क) २०५३ सालमा (ख) २०५४ सालमा (ग) २०५६ सालमा (घ) २०५८ सालमा

१२. **दलित आयोगका प्रथम अध्यक्ष को हुनुहुन्थ्यो ?**
(क) पदमसिंह विश्वकर्मा (ख) जीतु गौतम (ग) मिनबहादुर विश्वकर्मा (घ) दुर्गा सोव

१३. **नेपालमा सबभन्दा बढी दलित जातिहरुको बसोबास रहेको जिल्ला कुन हो ?**
(क) धनुषा (ख) डोटी (ग) सिराहा (घ) सप्तरी

१४. **सबभन्दा बढी दलित जातिहरु शिक्षित र साक्षर भएको जिल्ला कुन हो ?**
(क) सिरहा (ख) सर्लाही (ग) सुर्खेत (घ) काभ्रे

१५. **सबै प्रकारका जातीय विभेद उन्मूलन सम्बन्धी अन्तराष्ट्रिय महासन्धि कहिले पारित गरेको हो ?**
(क) सन् १९६३ डिसेम्बर २१ (ख) सन् १९६५ डिसेम्बर २१ (ग) सन् १९५४ डिसेम्बर २१ (घ) सन् १९८८ डिसेम्बर २१

१६. **जातीय विभेद उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई नेपालले कहिले अनुमोदन गरेको हो ?**
(क) सन् १९६७ जनवरी ३० (ख) १९६८ जनवरी ३० (ग) सन् १९७० जनवरी ३० (घ) सन् १९८८ जनवरी ३०

१७. **जातीय विभेद विरुद्धको तेस्रो सम्मेलन कहिले भएको हो ?**
(क) २८-७ सेप्टेम्बर २००० (ख) २८-७ सेप्टेम्बर २००१ (ग) २८-७ सेप्टेम्बर २००३ (घ) २८-७ सेप्टेम्बर २००४

१८. **सबै प्रकारका जातीय विभेद उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा कति भाग र कति धारा छन् ?**
(क) भाग ३ धारा २५ (ख) भाग ५ धारा ४५ (ग) भाग ५ धारा २५ (घ) भाग ४ धारा २८

१९. **जातीय प्रथाको विरुद्धमा पहिलो आवाज कहिले र कसले उठाएका थिए ?**
(क) प्राचिन कालमा जयस्थिती मल्लले (ख) इ.पु. छैटौं शताब्दीमा गौतम बुद्धले (ग) इ.पु.४६४-५०५ मा राजा मानदेवले (घ) २००४ सालमा सहर्षनाथ कपालीले

उत्तर ४७ पेजमा

प्रस्तुति : शिव खकुरेल

प्रकाश मानवअधिकार पुरस्कार प्रेस स्वतन्त्रता सेनानी चन्दलाई

०६१ सालको प्रकाश मानवअधिकार पुरस्कार प्रेस स्वतन्त्रता सेनानी अग्रज पत्रकार रामबहादुर चन्दलाई उहाँले समाजिक जागरणको क्षेत्रमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै प्रदान गर्ने निर्णय गरिएको छ। अभिव्यक्ति स्वतन्त्रताउपर प्रहार गरिएको वर्तमान सन्दर्भमा उहाँप्रति दर्शाइएको सम्मानले निरंकुशता विरुद्धको अभियानलाई बल पुग्ने ठानिएको छ।

सुदूरपश्चिमाञ्चलमा अवस्थित कञ्चनपुर जिल्लाको महेन्द्रनगर नगरपालिका वडा नं. १८ मा बसोबास गरिरहनु भएका चन्दले सात साल अघि दिल्ली र इलाहवादमा "अखिल भारतीय नेपाली समाज" मा संगठित भएर सार्वजनिक जीवनको शुरुवात गर्नु भएको थियो। चन्द ०१५ सालको आम निर्वाचनमा बैतडी जिल्ला क्षेत्र नम्बर ६८ बाट संयुक्त प्रजातन्त्र पार्टीका तर्फबाट उम्मेद्वार हुनु भएको थियो। पञ्चायती व्यवस्था विरुद्धको अभियानलाई अघि बढाउने क्रममा उहाँले पाँच वर्ष बन्दी जीवन बिताउनु भएको थियो।

सुदूरपश्चिममा पत्रकारिताको माध्यमबाट सामाजिक जागरणको अभियानलाई अघि बढाउने क्रममा चन्दले ०२८ सालमा "महाकाली सन्देश" नामक पाक्षिक पत्रिकाको शुरुवात गर्नु भयो। ०३३ सालदेखि उहाले साप्ताहिक "वार्ता" सम्पादन-प्रकाशन शुरु गर्नु भयो।

हाल उहाँ "जनवार्ता" अर्ध साप्ताहिकका सम्पादक एवं "चुरे टाइम्स" दैनिकका सम्पादक र त्यसको प्रकाशन संस्था चुरे प्रकाशन प्रालिका संस्थापक अध्यक्ष रहनु भएको छ। "चुरे टाइम्स" दैनिक ०६१ माघ १९ गतेपछि स्थगित भएको छ।

नेपाल पत्रकार महासंघद्वारा ०५७ सालमा प्रेस स्वतन्त्रता सेनानीका रुपमा सम्मानित चन्द

प्रजातन्त्र, मानवअधिकार र सामाजिक न्याय बिना शान्ति संभव नहुने र प्रजातन्त्रका लागि प्रेस स्वतन्त्रता र मानवअधिकारको सम्मान हुनुपर्ने कुरामा अडिग रहँदै आउनु भएको छ। महाकाली अञ्चलको बैतडी जिल्ला चौखाम गाविसमा वि. सं. १९८३ मा जन्मनु भएका चन्द कलिलो उमेरदेखि नै नेपाली समाजमा विद्यमान सबै किसिमका विभेदहरुका विरुद्ध सकृय रहँदै आउनु भएको छ।

इन्सेकका महासचिव कुन्दन अर्यालको संयोजकत्वमा गठित प्रकाश मानवअधिकार पुरस्कार छनौट समिति, ०६१ को सिफारिसमा यो निर्णय गरिएको हो। पुरस्कार हरेक वर्ष साउन १६ गते प्रकाश स्मृति दिवसका अवसरमा काठमाडौंमा आयोजना गरिने कार्यक्रममा प्रदान गर्ने गरिएको छ।

इन्सेकका संस्थापक महासचिव प्रकाश काफ्लेको स्मृतिमा ०५१ सालमा स्थापित प्रकाश मानवअधिकार पुरस्कारद्वारा हालसम्म पत्रकार विनयकुमार कसजू (०५१), समाजसेवी गजेन्द्रबहादुर बस्नेत (०५२), किसान नेता ऋषिराम चौधरी (०५३), समाजसेवी दयावीरसिंह कंसाकार (०५४), कानुनविद् रमानन्दप्रसाद सिंह (०५५), दलित मुक्ति अभियानका कार्यकर्ता विश्वेन्द्र पासवान (०५६), महिला अधिकार कार्यकर्ता सोनाम छेजुङ लामा (०५७), बसन्तीदेवी झा (०५८), अग्रज पत्रकार नारायणप्रसाद शर्मा (०५९) र मानवअधिकारकर्मी टेकनाथ बराल (०६०) सम्मानित भइसक्नु भएको छ। पुरस्कारको नगद राशी रु. २५ हजार रहेको छ। पुरस्कारका साथमा सम्मानपत्र तथा इन्सेकको प्रतीक चिन्ह पनि प्रदान गर्ने गरिएको छ।

प्रेस स्वतन्त्रता सेनानी चन्दलाई गरिएको यो सम्मानबाट इन्सेक गौरवान्वित भएको छ। ●

मानवअधिकारको अभावमा स्थायी शान्ति सम्भव छैन

सुशील प्याकुरेल राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य हुनुहुन्छ । हाल देश बाहिर रहनु भएका इन्सेकका संस्थापक अध्यक्ष प्याकुरेलसँग गरिएको कुराकानी प्रस्तुत छ ।

माघ १९ यता नेपालको मानवअधिकार क्षेत्रमा के-कस्ता चुनौतिहरु थपिएका छन् ?

माघ १९ मा राजाद्वारा वलात राजकीय शक्ति आफ्नो हातमा लिएको घोषणासँगै नेपालमा विद्यमान बहुदलीय प्रजातन्त्रमाथि ठूलो प्रहार भएको छ। यसपछि लगातार बहुदलीय प्रजातन्त्रको मर्म र मान्यता विपरित क्रियाकलापहरु भएका छन्। माघ १९ पछि २०४७ सालमै सार्वभौमसत्ता आफूमा निहित भएको नेपाली जनतालाई फेरी रैतीको स्तरमा झारिनें दुष्प्रयास भएको छ। देश संवैधानिक प्रणालीबाट हैन आदेश र अध्यादेशबाट चल्ने निरंकुश शासनतन्त्र भित्र जकडिन पुगेको छ। एउटा बहुदलीय संसदीय प्रणाली भएको मुलुक कहिल्यै निर्वाचन नलडेका जनताको अभिमत नपाएका गैरउत्तरदायी गुटले शासन गरिरहेको स्थितिमा पुगेको यस्तो बेलामा नेपाली जनताको लागि प्रमुख चुनौति नै देशमा प्रजातन्त्रको वहाली कसरी गर्ने भन्ने हो। एकातिर माओवादीले सञ्चालन गर्दै आएको हिंसात्मक क्रियाकलाप र अर्कोतिर सेनाको भरमा राजाले गर्दै आएको निरंकुश शासन। यस्तो वेलामा शान्तिपूर्ण रुपमा जनआन्दोलनको माध्यमबाट प्रजातन्त्रको स्थापना र त्यसको स्थायित्वको लागि गर्नुपर्ने कार्यक्रम नै आजको प्रमुख चुनौति हो।

यस्ता चुनौतिहरु पार गर्ने आधारहरु के हुनसक्लान् ?

उपरोक्त चुनौतिहरु पार गर्न नेपाली जनतामा प्रतिनिधि संस्थाहरु खासगरी राजनीतिक दलहरु बीच राष्ट्रको आर्थिक-सामाजिक समस्या र त्यसको हल दिने राजनीतिक प्रक्रियाबारे मतैक्यता हुनु नितान्त आवश्यक छ। दोस्रो, देशले प्रजातन्त्र विरोधी शक्तिहरुको मूल समाप्त गर्नको लागि अगाडि बढ्नु पर्ने र त्यसको

लागि पारदर्शी र प्रजातान्त्रिक प्रक्रिया भित्रको राष्ट्रिय एकताको जरुरी छ र यस्तो एकता सम्पूर्ण समाजको प्रजातान्त्रिकरणको प्रक्रियाबाट मात्र सम्भव छ। त्यसको थालनी र नेतृत्व राजनीतिक दलहरुले गर्नु पर्छ भने नागरिक समाजले त्यसको लागि ऐक्यबद्धता र दवाव सृजना गर्न सक्नु पर्छ।

खासगरी मानव अधिकार आन्दोलनमाथि भएका विविध खाले दमनहरुको दुरगामी असर नेपाली समाजमा कस्तो पर्ने देख्नुभएको छ ?

०४६ सालको जनआन्दोलनले नेपाली समाजलाई दिएको प्रमुख विषय नै स्वतन्त्र चिन्तन र भयमुक्त वातावरण हो जसको अगुवाई मानवअधिकार आन्दोलनले गर्दछ। ०५९ देखि शुरु भएको गैह्र प्रजातान्त्रिक शासन प्रक्रिया र माघ १९ को राजाको शासन आफूमा केन्द्रित गर्ने कदम पछाडि प्रहारको निशाना नेपाली जनताको मौलिक हक र मानवअधिकार आन्दोलन भएको छ। मानवअधिकारको अभावमा कुनै पनि समाजमा स्थायी शान्ति सम्भव छैन। मानवअधिकार आन्दोलन माथि दमन गर्नु भनेको शान्तिको सम्भावनालाई नकार्नु हो। हिँसाले जरजर बनाइएको हाम्रो समाज मानवअधिकारको मुल्यको अभावमा पूर्ण अराजकतातर्फ धकेलिने सम्भावना बढ्दै गएको छ। यसले गर्दा देश गृहयुद्धको चपेटामा पुग्न सक्छ।

तपाई राष्ट्रिय मानवअधिकार आयोगको पहिलो पाँच वर्षमा सक्रिय सदस्य रहनुभयो । अध्यादेश संशोधन पश्चात् आयोगका पदाधिकारी नियुक्त गरिएकोलाई कसरी लिनुभएको छ ? यो वैधानिक र एकमात्र विकल्प थियो भन्ने तर्क स्वयम् आयोगले नै गरिरहेको छ नि ?

यस विषयमा धेरै बहस भइसकेको छ। जनप्रतिनिधी संस्था संसदप्रति उत्तरदायी निकायलाई सोझै राजाप्रति उत्तरदायी संस्थाको रुपमा रुपान्तरण गरिएको छ। आयोगको पदाधिकारी चयनको लागि वर्तमान अध्यादेशद्वारा लिइएको बाटोले आयोगको गठनमा कार्यकारिणीको प्रत्यक्ष प्रभाव परेको स्पष्ट हुन्छ र कार्यकारी हावी भएको संस्था स्वतन्त्र हुन सक्दैन। त्यसैले वर्तमान अध्यादेश अन्तर्गत नियुक्त भएको आयोगलाई सरकारी निकाय त भन्न सकिएला तर स्वतन्त्र निकाय भन्न सकिन्न।

आयोगप्रति नेपाली मानवअधिकार

आन्दोलनको कस्तो दृष्टिकोण हुनुपर्ला ?

कतिपय स्वतन्त्र निकाय नरहेकाले पनि राम्रो काम गरेका छन्, कतिपय स्वतन्त्र निकाय भनिए पनि सारमा सरकारी नै भएर रहेका छन्। आयोगको निमार्णमा नेपालको नागरिक समाज खासगरी मानवअधिकार संस्थाहरुले खेलेको भूमिकालाई समेत हेर्दै भन्ने हो भने मानवअधिकार समुदायले आयोगको वर्तमान संस्था र गठन प्रक्रियाप्रति सचेत रहँदै यसले मानवअधिकार आन्दोलनमा पार्न सक्ने असरबाट मुक्त रहने र आयोगलाई पनि स्वतन्त्र नभए पनि सक्रिय बनाउन प्रयास गर्नु राम्रो होला।

प्रसंग बदलौं, तपाई अहिले विदेशमै रहेर नेपालको मानवअधिकार तथा प्रजातान्त्रिक आन्दोलनमा योगदान दिइरहनुभएको छ । यस्तो कार्यलाई कसै-कसैले नकारात्मक टिप्पणी गरेको पनि पाइन्छ । यस्ता टिप्पणीहरुलाई कसरी लिनुभएको छ ?

राष्ट्रको लागि काम गर्ने भनेको कसैलाई देखाउनका लागि नभई आफ्नो विवेकले देखेको जिम्मेवारी बहन गर्नु हो। माघ १९ पछिको अवस्थामा राज्यको महत्वपूर्ण स्थानमा रहेको पदाधिकारीमध्ये एक वा दुई जनाले मात्र शाही कदमको विरोध गर्नु एउटा दुःख लाग्दो र दुर्भाग्यपूर्ण अवस्था हो तर पनि यस्तो गर्नेप्रति पनि समाजमा एकैखाले दृष्टिले हेरिदैन। म एउटा खास चुनौति स्वीकार गर्दै १२० दिन अघि नेपालबाट बाहिर आएको हुँ। यस बीचमा के के भयो त्यो सबैका अगाडि छर्लङ्ग छ। आधुनिक युगमा अधिकारको लागि लडाई एउटा मोर्चामा मात्र लडेर प्राप्त गर्न मुस्किल पर्छ। त्यसमा पनि नेपालजस्तो रणनीतिक रुपमा महत्त्वपूर्ण स्थान मा रहेको देशको प्रजातन्त्रको लागि लडाई बाध्य सहयोगको अभावमा जित्न र टिकाउन गाह्रो पर्ने कुरा धेरै मुलुकमा घटेका घटनाबाट छर्लङ्ग भइसकेको छ। यिनै कुरालाई मनन गर्दै मैले नेपालको प्रजातान्त्रिक आन्दोलनको समग्र पक्ष र धरातलीय यथार्थको आधारमा नेपालको निरंकुश सत्तासित कुनै पनि जनउत्तरदायी व्यवस्था भएको प्रजातान्त्रिक राष्ट्रले सहयोग गर्नु हुँदैन भन्ने जनमत सृजना गराउने प्रयत्न गरिरहेको छु भने अर्कोतिर विदेशी शक्ति राष्ट्रहरु खासगरी अमेरिका, बेलायत, भारत र चीनजस्ता मुलुकको नेपालप्रतिको दृष्टिकोणमा एकरुपता आओस् भन्ने प्रमुख कार्यभार लिँदै त्यसैको लागि गतिविधि गर्दैछु। मलाई लाग्छ, नबुझ्दा नकारात्मक टिप्पणी गर्नेले बुझ्दा सहयोग गर्नेछ भन्ने मेरो दृढ आस्था रहेको छ। आलोचनालाई नकारात्मक रुपमा मात्र लिनुभन्दा आलोचना किन भयो भनी खोज्नु राम्रो होला।

नेपालको मानवअधिकार तथा प्रजातन्त्र प्राप्तिको आन्दोलनप्रति अन्तर्राष्ट्रिय समुदायको भूमिका कस्तो पाउनुभएको छ ?

नेपालमा प्रजातान्त्रिक आन्दोलनको लागि विकसित हुँदै गएको ऐक्यबद्धता र राजाको सत्ता लिने कदम पछाडिको मनसाय छर्लङ्गिदै गएको अवस्थामा अन्तर्राष्ट्रिय समुदायले सकारात्मक भूमिका निर्वाह गर्न थालेका छन्। प्रारम्भमा राजाको माओवादीहरुको आतङ्क दबाउनको लागि राजकीय सत्ता आफ्नो हातमा लिनु परेको भन्ने कथनले केही भ्रम अन्तर्राष्ट्रिय समुदायमा पर्न गएको भएतापनि समय बित्दै जाँदा र राजाका गतिविधिहरुबाट अन्तर्राष्ट्रिय समुदायमा राजाको कदमभित्र रहेको रहस्य राम्ररी प्रकट भएको छ।

नेपाली नागरिक समाज र राजनीतिक दलहरुले केही राष्ट्रहरुद्वारा प्रतिपादित "नेपाली प्रजातन्त्रको दुई खम्बे" सिद्धान्तको

असान्दर्भिकता बारेमा स्पष्ट पार्न अझै प्रयास गर्नु आवश्यक छ।

प्रजातन्त्र र मानवअधिकार पुनर्वहालीका सम्भावनाहरु कत्तिको देख्नुभएको छ ?

सम्भावना मात्र हैन अवश्यम्भावी छ। २१ औं शताब्दीमा जनता कसैको रैती भएर बाँच्न मन्जुर हुँदैनन्। ०६२ सालको जनआन्दोलन ०४६ सालको भन्दा गुणात्मक रुपमा विकसित हुँदै गरेको सबैले बुझ्नुपर्दछ। प्रजातन्त्र दलको मात्र चासो नभएर यो आम नेपाली जनताको आधारभूत अधिकार हो भन्ने चेतना हामी सबैमा विकसित हुँदै गएको छ। ०६२ सालपछि पुर्नस्थापित हुने प्रजातन्त्र ०४६ सालको भन्दा भिन्दै हुनेछ।

अन्त्यमा थप केही भन्न चाहनुहुन्छ कि ?

नेपालको प्रजातान्त्रिक आन्दोलन एउटा जटिल मोडमा पुगेको छ। यथास्थितीवादी र परिवर्तनकामीहरुबीच दलहरु रहेका छन्। दलहरु नेपाली जनताको परिवर्तनको चाहना र परिस्थितिको मागप्रति उदासिन रहेमा यो उनीहरुको लागि दुर्भाग्य हुनेछ। तर नेपालमा विकसित हुँदै गरेको आन्दोलनको माग र सहभागिताको स्वरुप हेर्दा दलहरुभित्र चेतनाले निकै फड्को मारेको देखिन्छ।

निर्भय जनताको सशक्त पहल दिगो शान्तिको बाटो

नेपालमा पहिलो

मानवअधिकार समाचार अनलाइन

नेपाली र अंग्रेजी भाषामा

www.inseconline.org

मानवअधिकारसम्बन्धी विविध
समाचारहरु समेटिएको
यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको ताजा
जानकारी लिनुहोस् ।

BY AIRMAIL